# अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**

प्रस्तुतकर्ता
सीता पौडेल
(प्राइभेट)
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७९

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी सीता पौडेलले 'अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

सहप्रा. डा. दुर्गाबहादुर घर्ती

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

मिति : २०७९/१२/२२

## स्वीकृतिपत्र

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (विभागीय प्रमुख र बाह्य परीक्षक) ...................................

सहप्रा. डा. दुर्गाबहादुर घर्ती (शोधनिर्देशक) ...................................

**शोधपत्र मूल्याङ्कन समिति**

मिति : २०७९/१२/२९

## कृतज्ञताज्ञापन

अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन शीर्षकको शोधपत्र श्रद्धेय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीज्यूको निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार पारुन्जेल उहाँको अमूल्य समय मलाई दिइ सल्लाह, सुझाव, हौसला र निर्देशनप्रति म उहाँलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यो शोधपत्र तयार गर्नका लागि स्वीकृति प्रदान गरिदिनु हुने नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्नमा सहयोग गरिदिनु हुने नबुझेको कुरामा सरसल्लाह प्रदान गरिदिनुहुने कृष्णप्रसाद घिमिरे र तिवारी सरलाई पनि हार्दिक ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सन्दर्भमा अर्घाखाँचीको काभ्रे क्षेत्रका लोककथासँग सम्बन्धित सूचकहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रका कथा सङ्कलनमा वाचन गरी लेखनकार्यलाई सहयोग पुऱ्याउने व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्दछु । उहाँहरूको सहयोगले नै प्रस्तुत शोधपत्रले मूर्त रूप लिन सम्भव भएको हो । यसका साथै प्रस्तुत शोध पत्रको सैद्धन्तिक स्वरूप तयार पार्ने क्रममा प्रयोग गरिएका लोककथासँग सम्बन्धित विषयवस्तुका लेखकलाई पनि म धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार पार्नका लागि पुस्तक, पत्रपत्रिका, अध्ययन पत्र आदि उपलब्ध गराई सन्दर्भ सामाग्री सङ्कलन गर्न सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, सङ्घसंस्था तथा साथीभाइहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

मेरो शोधपत्र तयार गर्नकालागि लेखन र टङ्कन कार्यमा अथक परिश्रम गरी सहयोग पुऱ्याउने मेरो प्यारो भाइ विशाल पाण्डेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र लेखनमा हौसला र आँट र साथ दिने मेरो प्यारी साथी शकुन्तला भुसालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा, आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग समक्ष पेस गर्दछु ।


शैक्षिक सत्र : २०७४
त्रि.वि.द.नं.: ६-१-३८-१३५८-२००१
मिति : २०७९/१२/२४


सीता पौडेल
स्नातकोत्तर तह
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य तथा महत्त्व ५

१.६ अध्ययनको सीमाङ्कन ६

१.७ सामाग्री सङ्कलन तथा शोधविधि ६

१.७.१ शोधविधि ६

१.७.२ विश्लेषण विधि ७

१.८ शोधपत्रको परिच्छेदगत रूपरेखा ७


## दोस्रो परिच्छेद

## अर्घाखाँचीको परिचय


२.१ विषयप्रवेश ८

२.२ अर्घाखाँचीको परिचय ८

२.२.१ भौगोलिक अवस्थिति ८

२.२.२ हावापानी ८

२.२.३ भूक्षेत्र ९

२.२.४ राजनीतिक तथा प्रशासनिक विभाजन ९

२.२.५ धार्मिक पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू ९

२.२.६ धार्मिक पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू १०

२.२.७ जातजाति ११

२.२.८ भाषा १३

२.२.९ धर्म र संस्कृति १३

२.२.१० प्राकृतिक स्रोत साधन १४

२.२.११ जलस्रोत १४
२.२.१२ जनसङ्ख्या आकार तथा वितरण १६
२.२.१३ जनसङ्ख्या वितरण १६
२.२.१४ उद्योग/व्यवसाय/आर्थिक गतिविधि १७
२.३ अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको परिचय १७
२.४ निष्कर्ष २०

## तेस्रो परिच्छेद

## अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण

३.१ विषयप्रवेश २१
३.२ सामाजिक विषयका आधारमा लोककथाको वर्गीकरण २१
३.२.१ टुहुराको भाग्य लोककथा २२
३.२.२ कोदे साउको कथा २२
३.२.३ कुमालेको कथा २३
३.२.४ राजा र प्रजाको कथा २४
३.२.५ पापिनी बुढी कथा २४
३.३ किंवदन्तीमूलक विषयका आधारमा लोककथाको वर्गीकरण २४
३.३.१ अलौकिक चराको कथा २५
३.३.२ मसानको कथा २५
३.३.३ लामाकानेको कथा २६
३.३.४ गरिब बुढाबुढीको कथा २६
३.३.५ घोडाको फुल कथा २७
३.४ निष्कर्ष २७

## चौथो परिच्छेद

## अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण

४.१ विषयप्रवेश २८
४.२ सामाजिक लोककथाको विश्लेषण २८
४.२.१ टुहुराको भाग्य लोककथाको विश्लेषण २८
४.२.२ कोदे साउ लोककथाको विश्लेषण ३२

४.२.३ कुमाले लोककथाको विश्लेषण ३५
४.२.४ राजा र प्रजा लोककथाको विश्लेषण ३७
४.२.५ पापिनी बुढी लोककथाको विश्लेषण ३९
४.३ किंवदन्तीमूलक विषयका आधारमा लोककथाको विश्लेषण ४१
४.३.१ अलौकिक चरा लोककथाको विश्लेषण ४२
४.३.२ मसान लोककथाको विश्लेषण ४४
४.३.३ लामकाने लोककथाको विश्लेषण ४६
४.३.४ गरीब बुढाबुढी लोककथाको विश्लेषण ४९
४.३.५ घोडाको फुल लोककथाको विश्लेषण ५२
४.४ निष्कर्ष ५५

**पाँचौँ परिच्छेद**

**सारांश तथा निष्कर्ष**

५.१ सारांश ५७
५.२ निष्कर्ष ६२

**परिशिष्ट**

**सन्दर्भसामग्री**

# परिच्छेद एक
# शोधपरिचय

## १.१ विषयपरिचय

लोककथा लोकसाहित्यको प्रचीन र लोकप्रिय विधा हो ।  लोककथा 'लोक' र 'कथा' शब्द मिलेर बनेको समस्त शब्द हो । लोककथा लोकको कथा र व्यथामा आधारित हुन्छ । लोककथा मानव सभ्यताको सुरुआातसँगै मौखिक र श्रुति परम्परामा विकसित हुँदै आएको हो । यस विधाले श्रोता र वक्ता दुवैलाई मनोरञ्जन प्रदान गर्दछ । लोककथाको सुरुवात कहिले र कसरी भयो भन्नेबारेमा ऐतिहासिक तथ्यपरक जानकारी नभए तापनि लोककथा सुन्ने र सुनाउने प्रचलन मानव समाजको उत्पत्तिसँगै भएको पाइन्छ । नेपाली लोककथाले मानवको लोकजीवनलाई बौद्धिक ज्ञान, मनोरञ्जन, दया, माया, धैर्य, उत्साह, सान्त्वना, वीरता, उपदेश, क्षणिक आनन्द र शारीरिक तथा मानसिक स्फुर्ती समेत दिने गर्दछ । मूलतः नेपाली लोककथाले लोकवासीलाई मनोरञ्जन दिई सन्तुष्टि प्रदान गर्दछ । यसरी लोककथा भनेको लोक जीवनमा मौखिक परम्पराबाट हस्तान्तरित हुँदै आएका कथाहरू हुन् । यो एक पिँढीबाट अर्को पिँढीमा, एक देशबाट अर्को देशमा हस्तान्तरित हुन्छ । लोककथा शब्दको प्रचलन लोकसाहित्यको धारणाको विकास पछि भएको हो । अर्घाखाँची जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र लुम्बिनी अञ्चलमा पर्ने एउटा पहाडी जिल्ला हो । यसको सदरमुकाम सन्धिखर्क हो । यो जिल्ला लुम्बिनी प्रदेशमा पर्दछ । अधिकांश भू-भाग शिवालिक पहाड अन्तर्गत पर्दछ । यस जिल्लामा तीनओटा नगरपालिका तीनओटा गाउँपालिका रहेका छन् । यहाँका प्रमुख जातिहरू बाहुन, क्षेत्री, मगर, कामी, दमाई, सुनार, मुसलमान र नेवार आदि रहेका छन् । यहाँको मुख्य भाषा नेपाली र मगर हो । यहाँका प्रसिद्ध मन्दिर तथा पर्यटकीय स्थलहरूलाई लिँदा पाणिनी तपोभूमि, सातताले गुफा, दुर्गेश्वर मन्दिर, सुपादेउराली मन्दिर, छत्रदेव मन्दिर, नर्तनाचल पर्वत, परसुरामेश्वर र ऐतिहासिक पौवा आदि प्रमुख रहेका छन् । अर्घाखाँची जिल्ला पूर्वमा पाल्पा, उत्तरमा गुल्मी, पश्चिममा प्युठान तथा दाङ र दक्षिणमा कपिलवस्तु तथा रूपन्देही जिल्लासँग जोडिएको छ । अर्घाखाँची जिल्लाका सबै वडा कार्यालयहरूमा मोटर बाटो पुगेको छ । अर्घाखाँची जिल्ला मानव बसोवासको लागि उपयुक्त रहेको छ । यहाँका मानिसहरू कृषि, व्यापार अपनाउने र भारत तथा विदेशमा परिश्रम गर्न जाने गर्दछन् । यस जिल्लामा लोककथा सुन्ने र सुनाउने

परम्पराको प्रचलन पुर्खाहरूकै पालादेखि सुन्ने र सुनाउने परम्परा रही आएको छ । हालसम्म अर्घाखाँचीको काभ्रे क्षेत्रमा शोधकार्य नभएकाले उक्त क्षेत्रमा प्रचलित लोककथाको शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याकथन

लोककथा परम्परादेखि भन्ने र सुन्ने माध्यम हो । यो एक पुष्टाबाट अर्को पुष्टामा हस्तान्तिरित छ । लोककथाले नेपाली लोकसाहित्यलाई पूर्णता र जीवन्त बनाइ राख्दछ । यसको उचित संरक्षण एवम् सम्बर्द्धनका लागि देशका प्रत्येक गाउँ, क्षेत्र, समुदाय एवम् कुना काप्चा, बस्ती-बस्ती, टोल-टोलबाट लोककथाहरू अध्ययन, अनुसन्धान र सङ्कलन गरिनु आजको आवश्यकता छ । अर्घाखाँची जिल्ला विभिन्न धर्म, संस्कृति, रीतिरिवाज परम्परा धामिझाँक्री, झारफुक जस्ता कुराहरूमा विश्वास राख्ने विविध जातजातीहरूको आश्रय स्थल हो । यहाँको लोकजीवनमा अभिव्यक्त हुँदै आएका विविध किम्वदन्ति, जनश्रुति र रोचक कथाहरूले गर्दा नेपाली लोककथाको लागि अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथाहरूलाई लिइएको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा छरिएर रहेका नेपाली लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषण गर्ने प्रस्तुत शोधपत्रको समस्या रहेको छ । यस शोधपत्रमा निम्नलिखित मुख्य समस्याको समाधानको लागि निम्न शोध प्रश्नको निर्माण गरिएको छ ।

(१) विषयवस्तुका आधारमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा केकस्ता लोककथाहरू प्रचलित छन् ?

(२) विधातात्त्विक आधारमा अघाखाँची जिल्लाको काभ्रे क्षेत्रमा प्रचलित लोककथा केकस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्य

नेपाली लोककथाहरू अर्घाखाँचीको काभ्रे क्षेत्रमा छरिएर रहेका छन् । तिनलाई सङ्कलन गर्नु, लोप हुन लागेका लोककाथाहरूको संरक्षण गर्नु, विभिन्न दृष्टिकोणले अध्ययन गर्नु हो । अध्ययन अनुसन्धानले व्यक्तिलाई नयाँ ज्ञान हासिल गर्न सहयोग गर्दछ । अध्ययन अनुसन्धानको उद्देश्य शोधपत्रमा आधारित रहेर उद्देश्य निर्धारण गरिएको छ । विभिन्न जिल्ला अनुसार लोककथाहरू फरक-फरक रहेको पाइन्छ । लोककथामा समाजमा रहेका विभिन्न जिल्लाको भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक एवम् ऐतिहासिक

शब्दचित्र उतार्न सक्ने क्षमता रहेका छन् । यसकारण लोककथाहरू थोरै मात्रामा सङ्कलित भएको देखिन्छ ।

प्रस्तुत शोधपत्रको उद्देश्य अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, अध्ययन र वर्गीकरण गर्नु हो यसै समस्यालाई केन्द्रविन्दु बनाएर उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ ।

(१) काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन तथा वर्गीकरण गर्नु,
(२) काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूलाई विधातात्त्विक आधारमा विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यले विविधता बोकेको हाम्रो देश जाती, भाषा, संस्कृतिमा पनि विविधता पाउन सकिन्छ । ठाउँ, जात, भाषा संस्कृतिका आधारमा लोकसाहित्य फरक-फरक रहेको छ । हाम्रो देशमा रहेका जातिगत, भाषागत, स्थलगत, भाषिक, भेद-उपभेदलाई प्रष्ट्याउन ती सबैको अध्ययन अनुसन्धान पूर्ण रूपमा हुन बाँकी छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको हालसम्म अध्ययन, अनुसन्धान तथा सङ्कलन गरेको पाइँदैन । त्यसकारण अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन गरी विषयवस्तुका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

नवराज प्याकुरेल (२०६३) *फेदाप क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण* शीर्षकको शोधपत्रमा लोककथाको परिचय, परिभाषा, फेदाम क्षेत्रमा प्रचलित लोककथाहरू सङ्कलन वर्गीकरण तथा लोककथाका विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । तापनि अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रा प्रचलित लोककथा वर्गीकरण र विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

तीर्थराज जोशी (२०६६) *डोटी जिल्लामा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण* शीर्षकको शोधपत्रमा लोककथाको परिचय, परिभाषा, लोककथाका विशेषताहरू, लोककथाका तत्त्वहरू, लोककथाको वर्गीकरण, लोककथाको अध्ययन परम्परा, डोटी जिल्लामा प्रचलित डोटेली लोककथाको सङ्कलन र विश्लेषण गरिएको भए पनि अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको छुट्टै अध्ययन भएको छैन ।

शिवराज सुवेदी (२०६८) *रोल्पा जिल्लाको पूर्वी भागमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन विश्लेषण र वर्गीकरण,* शीर्षकको शोधपत्रमा लोककथाको परिचय, लोककथाको विशेषताहरू, लोककथाको वर्गीकरण, सङ्कलित लोककथाहरू वर्गीकरण एवम् विश्लेषण गरिएको छ ।

रमेशकुमार लिम्बू (२०७०) *तेह्रथुम जिल्लामा प्रचलित नेपाली लोककथाहरूको तत्त्वगत अध्ययन,* शीर्षकको लोककथामा शोध परिचय लोकसिद्धान्त, लोकपरिभाषा, लोककथाका विशेषताहरू, तेह्रथुम जिल्लामा प्रचलित नेपाली लोककथाहरूको तत्त्वगत अध्ययन गरिएको छ । यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण एवम् विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

डोल्माकुमारी पौडेल (२०७१) *बाग्लुङको धुल्लु क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण* शीर्षकमा लोककथाको सिद्धान्त प्रस्तुत गर्दै बाग्लुङ धुल्लु क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण गरी निष्कर्ष दिएकी छन् । यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण एवम् विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

तुलसीमान तिगेला (२०७३) *तेह्रथुम जिल्लाको छथर ओख्रे क्षेत्रमा प्रचलित लोककथाको अध्ययन* शीर्षकको अध्ययन पत्र प्राप्त छ । अध्ययनपत्रमा लोककथाको परिचय, परिभाषा, छथर ओख्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण तथा लोक तत्त्वका आधारमा विश्लेषण गरिएतापनि अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाका बारेमा छुट्टै कुनै चर्चा नगरिएकोले यहाँ शोधपत्र तयार गर्ने प्रयास गरेकी छु । यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण एवम् विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

हर्कबहादुर मगर (२०७५) *डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन* शीर्षकको अध्ययनपत्रमा लोककथाको परिचय, लोककथाको वर्गीकरण र लोककथाको विश्लेषण गरेको पाइन्छ । यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण एवम् विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

कृष्णकला अधिकारी (२०७६) *अर्घाखाँचीको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन* शीर्षकमा शोध परिचय, लोककथाको सैद्धान्तिक परिचय, मालारानी

गाउँपालिकामा प्रचलित लोककथाको विश्लेषण गरेका छन् । यस अध्ययनले अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण एवम् विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

अर्घाखाँची राष्ट्रसेवक समाज (२०७७) द्वारा लेखिएको *अर्घाखाँची चक्षु* पाठ्यपुस्तकलाई अर्घाखाँची जिल्लाको बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तक अर्घाखाँची जिल्लाको परिचयका लागि प्रयोग गरिएको छ । शोधपत्र तयार पार्ने क्रममा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको तत्त्वगत अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

यसरी हेर्दा यी माथि उल्लिेखित स्नातकोत्तर तहको शोधपत्र र विभिन्न पाठ्यपुस्तकमा लोककथाको सैद्धान्तिक लोककथाको परिचय, तत्त्व र प्रकारको चर्चा गरेका छन् । यस अध्ययनले प्रस्तुत शोधकार्यमा लोककथाको परिचय, वर्गीकरण र विधातत्त्वको ज्ञानका लागि सहयोग पुऱ्याउने भएकाले अध्ययन गरिएको हो । यी माथिका अध्ययनमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेको नभए तापनि अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी अध्ययन तथा विश्लेषणका लागि अघिका पूर्वकार्यले सैद्धान्तिक सन्दर्भमा मार्ग स्पष्ट पारेको छ ।

## १.५ शोधकार्यको औचित्य तथा महत्त्व

लेककथा लोकजीवनको एउटा दर्पण हो । त्यहाँको परिवेश अनुसार फरक-फरक पाइन्छ । लोकसाहित्य साहित्यको उर्वर गद्य विद्या हो । लोककथाले लोकसाहित्यको अध्ययन तथा अनुसन्धानका लागि सहयोग पुऱ्याउँछ । नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने विभिन्न जातिहरूलाई पनि अध्ययनार्थ सहायक सिद्ध भएको छ । लोकसाहित्य पढ्ने विद्यार्थी पढाउने शिक्षकहरूलाई त्यसको बारेमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई मद्दत पुऱ्याउँछ । लोककथाले आम जनमानसमा मनोरञ्जन प्रदान, सृजनात्मक क्षमताको विकास, प्राचीन समय र वर्तमान समयका कथाहरू बिचको समानता, असमानता छुट्याउन, लुप्त रूपमा रहेका कथाहरू प्रकाशनमा ल्याउन, भौगोलिक, जातीय भाषिक विविधताको अध्ययन विश्लेषण गर्न, लोप हुन लागेका कथाहरूको उजागर गर्न सहयोग पुऱ्याउने भएकोले यसको औचित्य महत्त्व र उपयोगिता रहेको स्पष्ट हुन्छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित नेपाली लोककथाको अध्ययनले त्यहाँको जनजीवनलाई समेट्ने गरी सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नुका साथै त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक र लोकका जनमानिसलाई जानकारी पाउन उचित र महत्त्वपूर्ण रहेको छ । यस प्रकारको

शोधपत्र हालसम्म नभएकाले त्यस अभाव पूर्तिका लागि प्रस्तुत शोधपत्र तयार गर्नु नै यसको औचित्य र महत्त्व हो । यसरी लोप हुनबाट जोगाउन पाठक र लेखकलाई लोकसाहित्यप्रति जागरुक र सचेत बनाउन सहयोग पुऱ्याउने हुँदा यसको महत्त्व तथा औचित्य रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र अर्घाखाँचीको काभ्रे क्षेत्रका लोककथालाई आधार बनाएर तयार पारिएको छ । प्रचलन्मा रहेका लोककथाहरूको सङ्कलन, वर्गीकरण र विधातात्त्विक विश्लेषण गरिएको छ । विज्ञहरूद्वारा भएका पूर्वकार्यहरूको अध्ययनबाट आधार ग्रहण गर्दै थप अध्ययनमा केन्द्रित रहेको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा नेपाली लोकसाहित्यको अध्ययन क्षेत्र व्यापक भएकोले सम्पूर्ण क्षेत्रको अध्ययन गर्न सम्भव हुँदैन । त्यसैकारण अर्घाखाँची जिल्लाको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन शीर्षक अन्तर्गत रहेर शोधपत्रमा दसओटा लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । शोधपत्र तयार गर्दा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटान गरिएको छ । शोधपत्र तयार गर्ने क्रममा सम्पूर्ण पक्षहरूलाई समेट्न कठीनाई पर्ने हुँदा शोधपत्रको व्यापकता र गहिराईलाई सीमित गरिएको हो ।

## १.७ सामाग्री सङ्कलन तथा शोधविधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई सरल सहज रूपमा अध्ययन अनुसन्धान गर्न, अनुसन्धान कार्यलाई व्यवस्थित गर्न आवश्यकता अनुसारको अध्ययन विधि अपनाउनु पर्दछ । अध्ययन विधिले शोध अनुसन्धान कार्यमा लगाम लगाउने कार्य गर्दछ । त्यसककारण यो शोधपत्र तयार पार्नका लागि शोध अध्ययन विधि र सामाग्री सङ्कलन विधिलाई प्रयोगमा ल्याइएको छ ।

### १.७.१ शोधविधि

प्रस्तुत लोककथा भव्य श्रव्य समाजमा रहने हुँदा सो अध्ययन अनुसन्धान गर्न, प्रस्तावित शोधकार्यमा सामाग्री सङ्कलन गर्न क्षेत्रीय विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । जस अन्तर्गत अर्घाखाँचीको प्रचलित लोककथाको अध्ययनको लागि अर्घाखाँचीको काभ्रे क्षेत्रको क्षेत्रलाई भ्रमणको रूपमा लिएको छ । कथाको सङ्कलन रेकर्ड

विधि र टिपोट विधिबाट गरिएको छ । प्रस्तावित अध्ययन पत्रमा सैद्धान्तिक विधिका रूपमा शोधपत्रसँग सम्बन्धित लोककथा, लोकसाहित्यका पाठ्यपुस्तक र अर्घाखाँचीको परिचयको लागि गुगलको अर्घाखाँची विकिपिडिया र अर्घाखाँची चक्षु र काभ्रे क्षेत्रलाई सहयोगका रूपमा लिएको छ । अनेक रितिरिवाज र परम्परा आदिमा बिश्वास गर्ने बहुभाषिक जातजातिहरूको प्रमुख क्षेत्र, बस्ती, टोल-टोलमा पुगी लोककथामा अभिरूचि लिने बुढापाका तथा अनुभवी शिक्षित, अशिक्षित महिला, पुरुष, युवा तथा युवतीहरू आदिलाई सूचकका रूपमा लिई सामाग्री सङ्कलन एवम् अध्ययनको सहायक विधिको रूपमा पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्य गुणात्मक पद्धतिमा आधारित छ यसमा सामाग्री सङ्कलन विश्लेषणात्मक विधिमा गरिएको छ । सामग्रीको विश्लेषणका लागि विश्लेषणतात्मक र व्याख्यात्मक विधिमा गरिएको छ । सामाग्रीको विश्लेषणका लागि सैद्धान्तिक ढाँचा लोककथाको विधा सिद्धान्तमा आधारित छ ।

## १.८ शोधपत्रको परिच्छेदगत रूपरेखा

अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शीर्षकको शोधपत्रलाई बस्तुनिष्ठ तथा सुव्यवस्थित बनाउन निम्नलिखित पाँच अध्यायमा विभाजन गरी त्यस शोधपत्र अन्तर्गतका विभिन्न शीर्षक उपशीर्षक दिइ तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : अर्घाखाँचीको परिचय

तेस्रो परिच्छेद : अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

चौथो परिच्छेद : अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

# अर्घाखाँचीको परिचय

### २.१ विषयप्रवेश

अर्घाखाँचीको काभ्रे क्षेत्रलाई लोककथाहरू सङ्कलन गर्ने स्थलका रूपमा छनोट गरिएको छ । त्यहाँको स्थानीय भाषिकाको प्रयोग गरी कथालाई रोमाञ्चिक बनाइएको छ । प्रस्तुत लोककथाहरू सङ्कलन गरी शोधपत्र तयार गरिएको छ । शोधपत्र तयार गर्ने क्रममा काभ्रे क्षेत्रको आसपास र अर्घाखाँचीको समेत परिचय उल्लेख गरिएको छ ।

### २.२ अर्घाखाँचीको परिचय

अर्घा र खाँची दुई पुराना चौबिसे राज्यबाट नामकरण भएको अर्घाखाँचीको स्थापना विसं. २०१९ सालमा मात्र भएको हो । विसं. २०२४ सालसम्म यो जिल्ला गुल्मीबाट र २००९ सालभन्दा अगाडि तत्कालीन पाल्पाबाट प्रशासित थियो । अर्घा रजस्थल र खाँचीकोट जस्ता प्रसिद्ध ऐतिहासिक कोटहरू रहेको यस जिल्लामा रामायणे र महाभारत कालसँग सम्बन्धित केही स्थान र पाणिनी ऋषिको तपोभूमि पनि रहेको जनश्रुति पाइन्छ । अर्घाखाँची जिल्ला नेपालको साबिक पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलका छ जिल्लाहरू मध्ये पर्ने एक जिल्ला तथा हाल सङ्घीय संरचना अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिलाहरूमध्ये एक जिल्ला हो (https://ne.m.wikipedia.org/wiki/अर्घाखाँची जिल्ला) ।

#### २.२.१ भौगोलिक अवस्थिति

यो जिल्ला २७०२५' देखि २८०६' उत्तरी अक्षांश र ८००४५' देखि ८३०२३' पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल ११९३ वर्ग किमी रहेको छ । यसको दक्षिणमा कपिलवस्तु र रूपन्देही, पूर्वमा पाल्पा उत्तरमा गुल्मी र पश्चिममा दाङ र प्युठान जिल्ला पर्दछन् (https://ne.m.wikipedia.org/wiki/अर्घाखाँची जिल्ला) ।

#### २.२.२ हावापानी

विगत २० वर्षको औसत तथ्याङ्कलाई हेर्दा अर्घाखाँची जिल्लामा अधिकतम तापक्रम २४.९५ डिग्री सेल्सीयस र न्युनतम तापक्रम ६.०३ डिग्री सेल्सीयस रहेको छ भने

अधिकतम सापेक्षित आद्रता ९३.१ प्रतिशत र कम सापेक्षित आद्रता ५१ प्रतिशत रहेको देखिन्छ । जिल्लामा औसत वार्षिक वर्षा १२०० मि.मि रहेको पाइन्छ (https://ne.m.wikipedia.org/wiki/अर्घाखाँची जिल्ला) ।

### २.२.३ भूक्षेत्र

यो जिल्ला समुन्द्री सतहबाट ३०५ मिटरदेखि २५१५ मिटर उचाइसम्म रहेको छ । यस जिल्लामा खाकाबैंसी, मथुराखोला, दुर्गाखोला, बाग्लेखोला, सितखोला, झिमरुक आदि दहहरू रहेका छन् । समष्टिमा यस जिल्लाको भूबनावट भिरालो देखिन्छ । जिल्लाको दक्षिणतर्फ तराईसँग समेत सिमाना जोडिएको यस जिल्लामा होचा, डाँडा, नदीले काटेर बनाएको बैंसी, खोँच र फाँट रहेका छन् । यस जिल्लाको उत्तरी भाग महाभारत पर्वत शृङ्खला र दक्षिणी भाग चुरे भावर क्षेत्र तथा सानातिना नदी बैंसीले ढाकेको छ । तर तत्कालीन जिल्ला वन कार्यालयले सन् २०११ म गरेको एक अध्ययनअनुसार अर्घाखाँचीको झन्डै ४७५ भूभाग चुरेक्षेत्रसँग सम्बन्धित विशेषताहरू भेटिन्छन् (खनाल, २०७७, पृ. १७-२३) ।

### २.२.४ राजनीतिक तथा प्रशासनिक विभाजन

अर्घाखाँची जिल्ला तत्कालीन पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चल र हाल प्रदेश नं. ५ अन्तर्गत पर्ने पहाडी जिल्ला हो । यस जिल्लालाई एक प्रतिनिधि सभाको र दुईओटा प्रादेशिक निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । अर्घाखाँची जिल्लालाई प्रशासनिक दृष्टिकोणले ३ नगरपालिका, ३ गाउँपालिका र जम्मा ६१ वडामा विभाजन गरिएको छ ।

### २.२.५ धार्मिक पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू

यस जिल्लामा सुपादेउराली, पाणिनी तपोभूमि, अर्घा भगवती, खाँचीकोट दरबारलगायतका महत्त्वपूर्ण धार्मिक तथा पुरातत्त्विक पर्यटकीय स्थलहरू रहेका छन् ।

**तालिका नं. १**

**जिल्लामा रहेका केही धार्मिक पुरातात्त्विक तथा पर्यटकीय स्थलहरू**

| क्र.सं. | विवरण | ठेगाना |
|---|---|---|
| १ | अर्घाकोट भगवती मन्दिर | सन्धिखर्क नगरपालिका वडा नं.९, अर्घाकोट |
| २ | खाँचीकोट दरवार | सन्धिखर्क नगरपालिका वडा नं. ७, खाचीकोट |
| ३ | डमरुदह वा ठाडादह | शितगङ्गा नगरपालिका वडा नं. ३, ठाडा |
| ४ | दुर्वासेश्वर गुफा | पाणिनी गाउँपालिका वडा नं.३, खिदिम |
| ५ | पाणिनी तपोभूमि | पाणिनी गाउँपालिका वडा नं.३, पणेना |
| ६ | उलुकछत्र महाराजको मन्दिर | छत्रदेव गाउँपालिका वडा नं. ५, छत्रगञ्ज |
| ७ | जालकाँडाको लेक(१९२९मी.) | मालारानी गाउँपालिका वडा नं.२ बल्कोट |
| ८ | बल्कोटपौवा/परशुरामेश्वर शिवालय | छत्रदेव गाउँपालिका वडा नं. २ बल्कोट |
| ९ | रामवाण तपोभूमि र वाणगांगा | शितगङ्गा नगरपालिका वडा नं. १४, सिमलपानी |
| १० | मसिनाको लेक, तीनपानेको लेक | पाणिनी गाउँपालिका वडा नं. ६, धातिवाङ्ग |
| ११ | सेङलेङको दह | भूमिकास्थान नगरपालिका वडा नं. १०, धनचौंर |
| १२ | सुपादेउराली | सन्धिखर्क नगरपालिका वडा नं.७, नरपानी |
| १३ | मनचिन्ते पानी | मालारानी गाउँपालिका वडा नं. ३, खनदह |
| १४ | शीतखोलाको झरना | सन्धिखर्क नगरपालिका वडा नं.६, नरपानी |
| १५ | रावणको शंख | शितगङ्ग नगरपालिका वडा नं. २, सितापुर |
| १६ | भर्लेओडार | भुमिकास्थान नगरपालिका वडा नं. ३, धारापानी |
| १७ | पकले वगैंचा/ पौवा | सन्धिखर्क नगसपालिका वडा नं.८, किमडाडा |
| १८ | भूमिकास्थान | भूमिकस्थान नगरपालिका वडा नं. २, ढाकावाङ्ग |
| १९ | सिमेदेउराली | मालारानी गाउँपालिका वडा नं. ९, गोखुङ्गा |
| २० | घेराको लेक | मालारानी गाउँपालिका वडा नं. ४,खनदह |
| २१ | मालारानी भगवती मन्दिर | छत्रदेव गाउँपालिका वडा नं. ८, भगवती |
| २२ | नर्सिंह मन्दिर | मालारानी गाउँपालिका वडा नं. ७, हंसपुर |
| २३ | कोदारेघारको झरना | मालारानी गाउँपालिका वडा नं. २, अर्घातोष |
| २४ | सरेपानी (वर्षातको समयमा पानी नहुने र हिउँदमा मूल फुटी पानी बग्ने) | शितगङ्गा नगरपालिका वडानं. १२, ठाडा |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३)

## २.२.६ धार्मिक पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू

यस जिल्लामा सुपादेउराली, पाणिनी तपोभूमि, अर्घा भगवती, खाँचीकोट दरबारलगायतका महत्त्वपूर्ण धार्मिक तथा पुरातात्त्विक पर्यटकीय स्थलहरू रहेका छन् ।

**तालिका नं. २**

**जिल्लामा रहेका केही धार्मिक पुरातात्विक तथा पर्यटकीय स्थलहरू**

| क्र.सं. | विवरण | ठेगाना |
|---|---|---|
| १ | अर्घाकोट भगवती मन्दिर | सन्धिखर्क नगरपालिका वडा नं.९, अर्घाकोट |
| २ | खाँचीकोट दरवार | सन्धिखर्क नगरपालिका वडा नं. ७, खाचीकोट |
| ३ | डमरुदह वा ठाडादह | शितगङ्गा नगरपालिका वडा नं. ३, ठाडा |
| ४ | दुर्वासेश्वर गुफा | पाणिनी गाउँपालिका वडा नं.३, खिदिम |
| ५ | पणिनी तपोभूमि | पाणिनी गाउँपालिका वडा नं.३, पणेना |
| ६ | उलुकछत्र महाराजको मन्दिर | छत्रदेव गाउँपालिका वडा नं. ५, छत्रगञ्ज |
| ७ | जालकाँडाको लेक(१९२९मी.) | मालारानी गाउँपालिका वडा नं.२ बल्कोट |
| ८ | बल्कोटपौवा/परशुरामेश्वर शिवालय | छत्रदेव गाउँपालिका वडा नं. २ बल्कोट |
| ९ | रामवाण तपोभूमि र वाणगांगा | शितगङ्गा नगरपालिका वडा नं. १४,सिमलपानी |
| १० | मसिनाकोलेक, तीनपानेको लेक | पाणिनी गाउँपालिका वडा नं. ६, धातिवाङ्ग |
| ११ | सेङलेङको दह | भूमिकास्थान नगरपालिका वडा नं. १०, धनचौंर |
| १२ | सुपादेउराली | सन्धिखर्क नगरपालिका वडा नं.७, नरपानी |
| १३ | मनचिन्ते पानी | मालारानी गाउँपालिका वडा नं. ३, खनदह |
| १४ | शीतखोलाको झरना | सन्धिखर्क नगरपालिका वडा नं.६, नरपानी |
| १५ | रावणको शंख | शितगङ्गा नगरपालिका वडा नं. २, सितापुर |
| १६ | भर्लेओडार | भुमिकास्थान नगरपालिका वडा नं. ३, धारापानी |
| १७ | पकले वगैँचा/ पौवा | सन्धिखर्क नगसपालिका वडा नं.८, किमडाडा |
| १८ | भूमिकास्थान | भूमिकस्थान नगरपालिका वडा नं. २, ढाकावाङ्ग |
| १९ | सिमेदेउराली | मालारानी गाउँपालिका वडा नं. ९, गोखुङ्गा |
| २० | घेराको लेक | मालारानी गाउँपालिका वडा नं. ४,खनदह |
| २१ | मालारानी भगवती मन्दिर | छत्रदेव गाउँपालिका वडा नं. ८, भगवती |
| २२ | नर्सिंह मन्दिर | मालारानी गाउँपालिका वडा नं. ७, हंसपुर |
| २३ | कोदारेघारको झरना | मालारानी गाउँपालिका वडा नं. २, अर्घातोष |
| २४ | सरेपानी (वर्षातको समयमा पानी नहुने र हिउँदमा मूल फुटी पानी बग्ने) | शितगङ्गा नगरपालिका वडानं. १२, ठाडा |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३) ।

## २.२.७ जातजाशित

अर्घाखाँचीका मुख्य बासिन्दा ब्राह्मण र क्षेत्री/ठकुरीहरू हुन् । २०६८ अनुसार यिनीहरूको कुल जनसङ्ख्याको करिब ५२.१ प्रतिशत रहेको छ भने मगर र गुरुङको सङ्ख्या १८.० प्रतिशत रहेका छ । जिल्लामा कुल जनसङ्ख्याको लगभग २१ प्रतिशत दलितको

रहेका छन् । अन्य जातिमा कुमाल, नेवार, मुसलमान आदि रहेका छन्, यससम्बन्धी विस्तृत विवरण अनुसूची खण्डमा उल्लेख गरिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार अर्घाखाँची जिल्लामा ३५ जनजाती रहेका छन् । तिनीहरूमध्ये ३२.७७ प्रतिशत पर्वतीय ब्राह्मणहरू रहेका छन् भने क्षेत्री र मगरको सङ्ख्या क्रमशः १८.२३ र १८ प्रतिशत रहेको छ । यस जिल्लामा दलितहरू खासगरी सार्की, कामी र दमााईको सङ्ख्या पनि उल्लेखनीय नै देखिन्छ । जनगणना २०६८ अनुसार यस जिल्लामा यस्ता दमाई, सार्की र कामीको सङ्ख्या करिब २१ प्रतिशत जति रहेको छ । नेवार र मुसलमान पनि यस जिल्लाको विभिन्न गा.वि.स.मा छरिएर रहेको भए तापनि नेवारहरू खासगरी बजारी क्षेत्रमा र मुसलमानहरू पाटी, बल्कोट, चिदिका, सन्धिखर्क, वाङ्ला बस्तीमा बसोबास गरेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लमा नेवार र मुसलमानको जनसङ्ख्या क्रमशः २.८ र ०.९ प्रतिशत रहेको देखिन्छ । यसबाहेक कुमाल, घर्ती र भुजेल, ठकुरी, दशनामी र सन्न्यासी, गुरुङ, बादी, गाइने, थारू आदिको बसोबास पनि पाइन्छ । एक अनुमान अनुसार जिल्लामा ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ५१.५२ प्रतिशत रहेको देखिन्छ भने लगाभग २७.५ प्रतिशत जनजाती र २१ प्रतिशत दलितहरू बसोबास रहेको पाइन्छ ।

**तालिका नं. ३**

**जनसङ्ख्याको जातिगत संरचना**

| **क.स** | **जातीय विवरण** | **प्रतिशत** |
|---|---|---|
| १ | ब्राह्मण | ३२.७७ |
| २ | क्षेत्री | १८.२४ |
| ३ | मगर | १८ |
| ४ | कामी | ११.३२ |
| ५ | सार्की | ६.११ |
| ६ | कुमाल | ३.४२ |
| ७ | दमाई/धोवी | ३.१९ |
| ८ | नेवार | २.८० |
| ९ | मुसलमान | ०.९० |
| १० | घर्ती/भुजेल | ०.८५ |
| ११ | ठकुरी | ०.५८ |
| १२ | दसनामी/सन्न्यासी | ०.५ |
| १३ | अन्य | १.३२ |
| जम्मा | | १०० |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३) ।

### २.२.८ भाषा

अर्घाखाँची जिल्लामा विभिन्न भाषाहरू रहे तापनि जनमानसले निम्न भाषा बोल्ने गरेको पाइन्छ । नेपाली, मगर, कुमाल, नेवारी, उर्दु, भाषा बोल्नेको सङ्ख्या देहायबमोजिम रहेको छ :

**तालिका नं. ४**

**प्रमुख भाषा**

| क.स | भाषा | प्रतिशत |
|---|---|---|
| १ | नेपाली | ९७.४३ |
| २ | मगर | १.३५ |
| ३ | कुमाल | ०.४६ |
| ४ | नेवारी | ०.२३ |
| ५ | उर्दु | ०.२१ |
| ६ | अन्य भाषाहरू | ०.३२ |
| जम्मा | | १०० |

स्रोत : राष्ट्रिय जनगणना (२०६८), केन्द्रीय तथ्याङ्क विभाग

### २.२.९ धर्म र संस्कृति

विभिन्न धर्मावलम्बी रहेको यस जिल्लामा हिन्दुहरूको जनसङ्ख्या करिब ९७ प्रतिशत रहेको छ । अन्य धर्मावलम्बीमा बौद्ध, इस्लाम, क्रिस्चियन ईत्यादी रहेका छन् । २०६८ को जनगणना बमोजिम विभिन्न धर्मावलम्बीको प्रतिशत तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

**धर्म र संस्कृति**

| क.स | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ९७.०३ |
| २ | बौद्ध | १.९२ |
| ३ | इस्लाम | ०.९० |
| ४ | क्रिस्चियन र अन्य | ०.२० |
| जम्मा | | १०० |

स्रोत : राष्ट्रिय जनगणना (२०६८), केन्द्रीय तथ्याङ्क विभाग

### २.२.१० प्राकृतिक स्रोत साधन

अर्घाखाँची जिल्ला प्राकृतिक स्रोत साधनले भरिपूर्ण रहेको छ । यहाँ विभिन्न किसिमका वनजङ्गल, नदीनाला, झरना रहेका छन् ।

**तालिका नं.६**

**अर्घाखाँची चुरे क्षेत्रमा वनको अवस्था**

| | |
|---|---|
| जिल्लाको क्षेत्रफल | ११९३ वर्ग कि.मि. |
| जिल्लामा वनजङ्गलले ढाकेको क्षेत्रफल | ५४.३७ प्रतिशत |
| चुरेको कुल क्षेत्रफल | ४६.७६प्रतिशत |
| चुरेमा वनजङ्गलले ढाकेको क्षेत्रफल | ७१.७३ प्रतिशत |
| चुरेमा सा.व.ले ढाकेको क्षेत्रफल | कुल चुरे जङ्गलको लगभग ३० प्रतिशत |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३) ।

### २.२.११ जलस्रोत

अर्घाखाँचीको पश्चिममा राप्ती नदी र झिमरुक खोलाले दाङ र प्युठान जिल्लासँगको सिमानाको काम गरेको छ, पूर्वमा वाणगङ्गा खोला र अन्य विभिन्न २३ साना ठुला नदी र खोला छन् । त्यस्तै डमरुदह, खनदह, स्याङ्लेङ दह र कमल पोखरी जस्ता ताल यस जिल्लामा रहेका छन् ।

**तालिका नं. ७**

**जिल्लामा नदीनालाहरूको परिचय**

| क्र.स | नदीखोलाहरू | स्थान |
|---|---|---|
| १ | राप्ती नदी | शितगंगा नगरपालिका वडा नं. ७ र ८ |
| २ | वाणगंगा नदी | शितगंगा नगरपालिका वडा नं. १३ र १४ |
| ३ | झिमरुकखोला | शितगंगा नगरपालिका वडा नं. ७, भूमिकास्थान नगरपालिका वडा नं. ५,६,७ र १० |
| ४ | सिर्लिङ्गखोला | शितगंगा नगरपालिका वडा नं. ९ र १० |
| ५ | सारीखोला | शितगंगा नगरपालिका |
| ६ | रिडीखोला | पाणिनी गाउँपालिका वडा नं. १ र २ |

| | | |
|---|---|---|
| ७ | खाँचीखोला | सन्धिखर्क नगरपालिका वडा नं. ७ |
| ८ | किन्दुवाखोला | छत्रदेव गाउँपालिका वडा नं. १,२ र ३ |
| ९ | मथुराखोला | सन्धिखर्क नगरपालिका वडा नं.४ र ५ |
| १० | गोब्लीखोला | सन्धिखर्क नगरपालिका वडा नं.४ र ५ |
| ११ | बधाराखोला | सन्धिखर्क नगरपालिका वडा नं.४ र ५ |
| १२ | लवासेखोला | सन्धिखर्क नगरपालिका वडा नं.४ र ५ |
| १३ | ढुङ्ग्रेखोला | पाणिनी गाउँपालिका वडा नं. ४ |
| १४ | शितखोला | शितगंगा नगरपालिका वडा नं. २,३,४,५,६,७ र १० |
| १५ | सोताखोला | शितगंगा नगरपालिका वडा नं. २,३,४,५,६,७ र १० |
| १६ | चंवाहाखोला | सन्धिखर्क नगरपालिका वडा नं. ५, बलेवाङ्ग |
| १७ | वाङ्गिखोला | मालारानी गाउँपालिका वडा नं. ५, सन्धिखर्क नगरपालिका वडा नं. १,२ र१० |
| १८ | भद्रीखोला | सन्धिखर्क नगरपालिका वडा न. २ |
| १९ | गच्छेखोला | सन्धिखर्क नगरपालिका वडा नं. ७ |
| २० | दुवारेखोला | सन्धिखर्क नगरपालिका वडा नं. ७ |
| २१ | भालूखोला | सन्धिखर्क नगरपालिका वडा नं. ७र भूमिकास्थान नगरपालिका वडा नं. ९ |
| २२ | पात्लेखोला | सन्धिखर्क नगरपालिका वडा नं. ७र भूमिकास्थान नगरपालिका वडा नं. ९ |
| २३ | साम्नेखोला | भूमिकास्थान नगरपालिका वडा नं. १ |
| २४ | खकाबेंसीखोला | भूमिकास्थान नगरपालिका वडा नं.२ |
| २५ | निवारेखोला/नेवारी खोला | भूमिकास्थान नगरपालिका वडा नं.२ |
| २६ | आरुखोला | भूमिकास्थान नगरपालिका वडा नं.२ |
| २७ | धैखोला | भूमिकास्थान नगरपालिका वडा नं.२ |
| २८ | कुसुम खोला | शितगंगा नगरपालिका वडा नं. ९ र १० |
| २९ | नङगालखोला | शितगंगा नगरपालिका वडा नं. ९ र १० |
| ३० | सिस्नेखोला | पाणिनी गाउँपालिका वडा नं.५ र ७ |
| ३१ | काढेखोला | पाणिनी गाउँपालिका वडा नं.५ र ७ |
| ३२ | दुर्गाखोला | पाणिनी गाउँपालिका वडा नं. ३ |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३) ।

**तालिका नं. ८**

**अर्घाखाँची जिल्लामा रहेका मुख्य पहाडहरू :**

| क.स. | पहाडको नाम | उचाई |
|---|---|---|
| १. | अर्घा | १७०० मिटर |
| २. | जलकाँडा | १९५० मिटर |
| ३. | सिमेदेउराली | २००२ मिटर |
| ४. | मसिनेको लेक | २०२२ मिटर |

स्रोत : खनाल, (२०७७, पृ. १७-२३) ।

### २.२.१२ जनसङ्ख्या आकार तथा वितरण

जनसङ्ख्याको वर्तमान वा विगतको अवस्था र रहेको जनसङ्ख्याको बारेमा वृस्त्रित अध्ययन गरेर वा तथ्याङ्क विभागको डाटालाई आधार मानेर अर्घाखाँचीको जनसङ्ख्याको विवरण उल्लेख गर्नु नै जनसङ्ख्याको आकार तथा वितरण हो ।

### २.२.१३ जनसङ्ख्या वितरण

कुल क्षेत्रफलका आधारमा जिल्लाको जनघनत्त्व (२०४८को जनगणना अनुसार ) १४८ व्याक्ति प्रति वर्ग कि.मि. थियो भने २०५८ मा १७४.६८ व्यक्ति पुगेको देखिन्छ भने २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनघनत्त्व १६६ मात्र देखिन्छ । यस जिल्लामा जनसङ्ख्याको वितरणलाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ९**

**जिल्लाको जनसङ्ख्याको आकार (२०२८-२०६८)**

| जनगणना वर्ष | घरधुरी सख्या | जनसङ्ख्या | | | वर्षिक जनसङ्ख्या वृद्धिदर | औषत परिवार सङ्ख्या | जनघनत्त्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पूरुष | महिला | | | |
| २०६८ | ४६८३५ | १९७६३२ | ८६२६६ | १११३६६ | ०.५ | ४.२२ | १६६ |
| २०५८ | ४०८६९ | २०८३९१ | ९६३४९ | ११२०४२ | १.५२ | ५.१ | १७४.६४ |
| २०४८ | ३४५११ | १८०८८४ | ८४१४५ | ९६७३९ | १.४० | ५.२४ | १५१.६२ |
| २०३८ | २७५४३ | १५७३०४ | ७३१४६ | ८४१५८ | १.८९ | ५.७१ | १३१.८६ |
| २०२८ | २३४०४ | १३०२१२ | ६३८६४ | ६६८६४ | | ५.५६ | ९४.६४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौ

जिल्लाको घनावस्तीको रूपमा सन्धिखर्क बजार चुत्राबेसी, अमराई बजार, कुर, तुमकोट, उपल्ला किमडाँडा, धारापानी, चिउरामाटी, खिन्जी सल्यानधारा र अमिले आदि पर्दछन् । पूर्वाधारको उपलब्धता-खासगरी सडक, कार्यालय र सङ्घ संस्थाको अवस्थिति, खानेपानीको पहुँच तथा बजार केन्द्रको दृष्टिले पायक पर्ने स्थलमा बस्ती विस्तार हुँदै गएको देखिन्छ ।

हालैका वर्षमा केही नगरोन्मुख बस्तीहरू बजार केन्द्रका रूपमा क्रमशः विकास हुँदै गएका छन् । गाउँका बस्तीबाट स-साना बजार केन्द्रमा बस्ती विकास र सहरीकरणको प्रकृया चलिरहेको छ ।

### २.२.१४ उद्योग/व्यवसाय/आर्थिक गतिविधि

अर्घाखाँची जिल्लामा खासै ठुला उद्योग रहेको पाईदैन । हालसालै शितगङ्गा नगरपालिकाको पूर्व पश्चिम राजमार्ग खण्ड आसपास क्षेत्रमा एउटा सिमेन्ट उद्योग सञ्चालनमा रहेको छ । ह्याचरी उद्योग र पोल्टीफर्म धमाधम स्थापना भएका छन् । यसबाहेक स-साना फर्निचर, राईसमिल, कृर्षि, खाद्य ,उद्योग लगायतका घरेलु तथा साना उद्योग भने सञ्चालनमा रहेको पाइन्छ ।

## २.३ अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको परिचय

छत्रदेव गाउँपालिका विश्वमानचित्रमा २८.००देखि २८.०१ डिग्री उत्तरी आक्षांस र ८३.१३ देखि ८३.८४ डिग्री पूर्वी देशान्तरमा नेपाल राज्यको अर्घाखाँची जिल्लामा अवस्थित पहाडी भूभागमा रहेको छ । समुन्द्री सतहदेखि करिब १२५० मिटर उचाईमा यो गाउँपालिकाको केन्द्र रहेको छ । यहाँको हावापानी समशितोष्ट प्रकारको छ । ८७.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको जनसङ्ख्या विसं. २०६८ सालको जनगणना अनुसार २५३३६ रहेको छ । साविकका बल्कोट, केरुङ्गा, छत्रगञ्ज, ठूलापोखरा, भगवती गा.वि.स.को २ नं.देखि ५ नं. वडासम्म र मरेङ्ग गा.वि.स.को ७ नं. देखि ९ नं. वडासम्मका गा.वि.स.का भूभागलाई मिलाई सिंगो छत्रदेव गाउँपालिका बन्नुकासाथै साविकको छत्रगञ्ज हाल छत्रदेव ५ यसको प्रशासनिक केन्द्र भएको छ ।

यस गाउँपालिकाको नामाकरण इतिहास मुखरित भएको पाइन्छ । करिव ५०० वर्ष अगाडि कुरुक्षेत्रको महाभारत युद्धमा युद्ध अवलोकन गर्न आएका महाराजाको शीर भगवान श्री कृष्णबाट क्षेदन भएपछि पहाडी खण्डको यस क्षेत्रमा आफू बस्ने चाहना गरे बमोजिम भगवान श्री कृष्णले उलुक छत्र महाराजको मन्दिर यहाँ स्थापना गरेको जनश्रुति छ । उक्त मन्दिरमा परम्परादेखि हालसम्म दशैमा ठूलो मेला लाग्ने गरेको छ । छत्रमहाराज बसेको स्थान भएकोले यसको नाम छत्रदेव गाउँपालिका राखिएको हो ।

सुख्खाक्षेत्रकै रूपमा चिनिने यस क्षेत्रमा वार्षिक २२०० मिलिमिटरभन्दा कम वर्षा हुन्छ । खानेपानी र सिचाइको ठूलो समस्या रहेको छ । यस क्षेत्रमा आर्थिक संमृद्धिको लागि खानेपानी र सिचाइको ठूलो समस्या रहेको यस क्षेत्रमा आर्थिक संमृद्धिको लागि खानेपानी र सिचाइमा लाग्नुपर्ने देखिन्छ । पहाडी जिल्ला भए तापनि यातायातको सुविधायुक्त क्षेत्रका रूपमा चिनिन्छ । शैक्षिक हिसाबले व्यवस्थित गर्नुपर्ने शैक्षिक संस्थाको अवस्था छ । युवा उद्यमशिलता वृद्धि गर्ने पशु कृषिमा आकर्षक वृद्धि गर्ने लक्ष्यकासाथ गाउँपालिका अँगाडि बढ्दै यस गाउँपालिकाभित्र देखिएको विविध समस्यालाई न्यूनिकरण गर्दै यस भूगोलका जनताको बढी खुल्ला सरकारको अनुभुति दिलाउने अभिप्राय स्थानीय सरकारले राखेको छ ।

हाम्रा ८ वटै वडामा अवस्थित धार्मिक स्थल, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था पूर्वाधार विकास क्षमता अभिवृद्धि जनस्तरबाटै अपनत्वयुक्त कार्ययोजनासहितको लक्ष्यसहित नीति, बजेट तथा कार्यक्रमलाई अगाडि बढाएका छौं । राष्ट्रनिर्माणको मेरुदण्ड स्थानीय सरकार बन्न सक्नुपर्छ भन्ने मान्यता राखि दीर्घकालीन सोचकासाथ दिगो विकासका योजन तर्जुमा गरी अगाडि बढ्ने सोच राखेको छ । छत्रदेव गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला पश्चिममा सन्धिखर्क नगरपालिका, उत्तरमा मालारानी गाउँपालिका र गुल्मी जिल्ला, दक्षिणमा पाणिनी गाउँपालिकाको सीमानामा पर्दछन् (https://ne.m.wikipedia.org/wiki/छत्रदेव) ।

काभ्रे क्षेत्र छत्रदेव गाउँपालिकाको बल्कोट गा.वि.स. मा पर्ने एउटा सानो गाउँ हो । यस शोधपत्र तयार गर्न, लोककथा सङ्कलन गर्न यसै क्षेत्रलाई लिएको छ ।यो क्षेत्र अर्घाखाँची जिल्ला र लुम्बिनी प्रदेशमा पर्दछ । यो क्षेत्र साहित्य र कलाका दृष्टिले महत्वपूर्ण रहेको छ । अर्घा र खाँची दुई पुराना चौविसे राज्यबाट नामकरण भएको अर्घाखाँचीको स्थापना २०१९ सालमा मात्र भएको हो । वि.सं २०२४ सालसम्म यो जिल्ला गुल्मीबाट र २००९ सालसम्म अगाडि तत्कालीन पाल्पा राज्यबाट प्रशासित थियो । यस जिल्ला प्रदेश

नम्बर पाँचमा पर्दछ । यस जिल्लालाई एक प्रतिनिधि सभाको निर्वाचन क्षेत्र र दुईओटा प्रादेशिक निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । अर्घाखाँची जिल्लालाई प्रशासनिक दृष्टिकोणले तीन नगरपालिका तीन गाउँपालिका र जम्मा ६१ वडामा विभाजन गरिएको छ । छत्रदेव गाउँपालिका अन्तर्गत बल्कोट गा.वि.स. वडा नं २ मा काभ्रे क्षेत्र पर्दछ । काभ्रे क्षेत्रमा धार्मिक स्थल छत्रदेवको मन्दिर, शिवालयको मन्दिर रहेका छन् । कच्ची बाटा मटर गाडी घर- घर पुग्ने कच्ची बाटा, मटर गाडी घर घरपुग्ने बाटाहरू रहेका छन् । यहाँ ब्राह्मण, क्षेत्री, कामी, मुस्लिमहरूको बसोवास रहेको छ । जलस्रोतका ठुला मुहान भएका नदीनालाहरू छैनन् । कुवा पँधेरामा बाँध बाँधेर घर घरमा पानीको व्यवस्था गरिएको छ । बाह्रै मास बाँदर लाग्ने भएकाले खेतीपाती हुन दिँदैन । विविध धर्म संस्कृतिले भरिपूर्ण रहेको छ । यहाँको समाज मिलनसार रहेको छ । यस काभ्रे क्षेत्रमा दुई सय घरधुरी रहेका छन् । यहाँको हावापानी न गर्मी न जाडो मानव बसोवास गर्न योग्य रहेको छ । उद्योग कलकारखानाहरू रहेको पाइँदैन । यस क्षेत्रमा विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरू रहेका छन् । यस क्षेत्रमा सामाजिक विकासका गतिविधि सञ्चालन गर्न जिल्लाभित्रै दर्ता भई यस जिल्लालाई कार्यक्षेत्र बनाएका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन् ।

सञ्चारका विभिन्न माध्यमहरूमध्ये पत्रपत्रिका तथा रेडियो सर्वसाधारणका लागि सर्वसुलभ र प्रभावकारी मानिन्छन् हुलाक कार्यालय बल्कोटमा एउटा रहेको छ । काभ्रे क्षेत्रका पाँच प्रतिशतले वाइफाई जडान गरेका छन् ।

यस काभ्रे क्षेत्रमा जनताको आर्थिक उपार्जनको प्रमुख स्रोत बैदेशिक रोजगार, व्यापार, व्यावसाय, सरकारी जागिर, कृषि प्रणाली, अदुवा खेती, वेसार खेती पकट क्षेत्रको रूपमा रहेको छ । यहाँ बाँदर र बँदेलले खेती नष्ट गर्दा किसान मारमा परेका छन् । अदुवाका लागि उपयुक्त सम्भाव्यता भएको क्षेत्र भए तापनि विक्रीवितरण गर्ने ठाउँ टाढा हुँदा प्रभावकारी बन्न सकेको छैन । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, दलितहरूको बसोवास रहेको छ । यस काभ्रे क्षेत्रका वस्तिका मानिसहरू विपन्नताको अवस्थामा रहेको पाइन्छ भने अधिकांश मानिसहरू आर्थिक रूपमा सम्पन्न नै देखिन्छ । बल्कोट गा.वि.समा पर्ने सय वर्ष पुरानो शिवालयको मन्दिर, छत्रदेवको मन्दिर, महेन्द्र विद्यावोध उच्च माध्यमिक विद्यालय, हिमालयन बोडिङ् स्कुल, सहिद बोर्डिङ् स्कुल अध्ययन गर्ने नजिकमा पर्ने विद्यालयहरू हुन् ।

एउटा बाल विकासको अध्ययन गर्ने बरारुख भन्ने ठाउँमा स्थानीय बासिन्दाले बनाएको भवन रहेको छ ।

## २.४ निष्कर्ष

अर्घाखाँचीको काभ्रे क्षेत्र लोकसाहित्य भाषा र संस्कृतिले भरिपूर्ण रहेको छ । लोककथाहरू अर्घाखाँचीको काभ्रे क्षेत्रमा सुन्ने र सुनाउने परम्परादेखि एक पुष्ताबाट अर्को पुष्तामा हस्तान्तरित हुछन् । लोककथाहरू समय र स्तान अनुसार फरक-फरक छन् । त्यसकारण विभिन्न विद्वान अनुसार मतभेद पाइन्छ । तिनैलाई आधार मानेर अर्घाखाँचीको काभ्रे क्षेत्रमा पुगी त्यहाँका स्थानीय व्यक्तिहरूबाट भन्न लगाएर कथाहरू सङ्कलन गरिएको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा सबै किसिमका लोककथाहरू पाइन्छन् । कथा सङ्कलनका क्रममा अर्घाखाँचीको बारेमा पनि विभिन्न तथ्याङ्कहरू सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । यसरी हेर्दा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सबै प्रकारका लोककथाको लागि प्रख्यात रहेको छ भन्न सकिन्छ । यस क्षेत्रका लोककथाहरूले मनोरञ्जन प्रदान गर्नुकासाथै नैतिक शिक्षा प्रदान गरेका छन् ।

# तेस्रो परिच्छेद

# अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण

## ३.१ विषयप्रवेश

यस परिच्छेदमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी विभिन्न आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । यी लोककथाहरूको वर्गीकरण र विश्लेषण विषयबस्तु र सामाजिक आधारमा गरिएको छ । उद्देश्यका आधारमा मनोरञ्जनात्मक र नैतिक उपदेशका आधारमा वर्गीकरण गरिएको छ । भावका आधारमा हाँस्य र करुणा गरी विभाजन गरिएको छ र शिल्पका आधारमा घटना प्रधान र पात्र प्रधान गरी वर्गीकरण गरिएको छ । विषयबस्तुका आधारमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको किंवदन्तीमूलक लोककथा र सामाजिक लोककथा गरी वर्गीकरण र विश्लेषण गरिएको छ ।

| सामाजिक लोककथा | किंवदन्तीमूलक कथा |
|---|---|
| टुहुराको भाग्य | अलौकिक चराको कथा |
| कोदे साउको कथा | मसानको कथा |
| कुमालेको कथा | लामकानेको कथा |
| राजा र प्रजाको कथा | गरिब बुढाबुढीको कथा |
| पापिनी बुढी कथा | घोडाको फुल |

यसरी प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन गरी लोककथाहरूलाई विषयबस्तुका आधारमा किंवदन्तीमूलक कथा र सामाजिक लोककथा गरी दुई प्रकारमा वर्गीकरण गरी शोधपत्र तयार गरिएको छ । सामाजिक लोककथा पाँचओटा र किंवदन्तीमूलक लोककथा पाँचओटा रहेका छन् पहिला सामाजिक लोककथा र पछि किंवदन्तीमूलक लोककथालाई माथिको तालिका अनुसार देखाइएको छ ।

## ३.२ सामाजिक विषयका आधारमा लोककथाको वर्गीकरण

सामाजिक विषयबस्तुलाई मूल विषय बनाई समाजका यथार्थ घटनाहरूलाई कथामार्फत प्रस्तुत गरिएका लोककथाहरूलाई शोधपत्रमा सामाजिक लोककथा अन्तर्गत

वर्गीकरण गरी शोधपत्रमा समावेश गरिएको छ । सामाजिक लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित  विद्यमान समाजका चालचलन, रीति , रिवाज, उठबस, लवाइ-खवाइ आदि कुराहरूसँग सम्वन्धित भई व्यक्त भएका लोककथाहरू छन् । लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रको समाजमा रहने र देखिने गरेको हाँसो, आँसु, पीडा, व्यथा, प्रेम, मिलन आदिको झलक रहेको छ । यस्ता समाजिक लोककथाहरूमा सामाजिक पात्रहरूले नै घटना क्रमलाई अगाडि बढाएका छन् । पारिवारि झैँझगडा, पारिवारिक रिस डाह, बुढाबुढी बिच मनमुटाव, धनी गरिब बिच वर्गीय विभेद, एक देश र अर्को देश जातीय विभेद, प्रेम मिलन आदिको झलक पाइन्छ  । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूमा  टुहुराको भाग्य कथा, कोदे साउको कथा, कुमालेको कथा, राजा र प्रजाको कथा, पापिनी बुढी  शीर्षकका लोककथाहरूलाई क्रमस सामाजिक लोककथामा वगीकृत गरी शोधपत्र तयार पारिएको छ ।

### ३.२.१ टुहुराको भाग्य लोककथा

प्रस्तुत लोककथामा नेपालको परम्परागत ग्रामीण जनजीवनको चित्रण गरिएको, ग्रामीण परिवेश अनुसार पात्रको नाम राखिएको जस्तै टुहुरा बाबु, हीरालाई नचिनी ढुङ्गा ठान्नु, व्यापारीले एउटा बिस्कुट दिएर हीरा राख्नु, वनजङ्गल, पाटीपौवा, अरूकोमा ऐचोपैँचो गर्नु जस्ता प्रसङ्गले यो कथा सामाजिक लोककथा हो । लोककथामा पात्र अनुसारको भूमिका रहेको छ । पात्रहरूको घटनाक्रमले एकपछि अर्को गर्दै कौतुहलता सृजना गरेको छ । कथाको घटना श्रीङ्खलावद्ध ढङ्गले अघि बढेको छ । यस कथाको मुख्य उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गर्दै नैतिक शिक्षा दिनु हो । यस कथामा टुहुरा बाबुको सानोमै बाबा वितेको र आमाले छोडेर पैल गएको हजुरआमाले पालनपोषण गरेको घटनाले करुण भाव देखिएको छ । कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा टुहुराको जीवन र समाजमा टुहुरालाई हेर्ने दृष्टिकोण, राजा र प्रधानमन्त्रीको स्वभावलाई चित्रण गरिएकाले यो पात्रप्रधान कथा हो । यो कथा विषयबस्तुको आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जन, भावका आधारमा करुण भाव शिल्पका आधारमा पात्रप्रधान कथा हो ।

### ३.२.२  कोदे साउको कथा

प्रस्तुत कथामा नेपालको परम्परागता जनजीवनको चित्रण गर्दै त्यसैको आधारमा घटनाक्रमलाई प्रस्तुत गरिएकाले यो कथा सामाजिक कथा हो । यस कथामा पात्रको प्रयोग

परिवेशलाई हेर्दा ग्रामीण परिवेशको कथा भनी सहजै चिन्न सकिन्छ । यस कथामा प्रचीन समयका मानिसले जीवन निर्वाह गर्ने तरिका, आफ्नो देशमा उब्जाएको खेतीमा गर्भ रहेको देखाउनु, बेसाह खोज्न लाज मान्नु पर्ने अवस्थाको चित्रण गरिएकोले यो कथा प्राचीन समयको समाजमा प्रचलित रहेको मान्न सकिन्छ । यस कथामा प्रयोग भएका पात्रहरूको कार्यकलापबाट घटनाक्रम एकपछि अर्को गर्दै कौतुहलपूर्ण श्रृङ्खलामा अगाडि बढेकाले यस कथाको मुख्य उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गरे तापनि यस कथाले नेपालीहरूले आफ्नो लागि आफै खेती गर्नुपर्छ अरूको आशामा बस्नु हुँदैन, आफ्नो देशको खानेकुराको मूल्य बुझ्नुपर्छ भन्ने सन्देश समेत दिन खोजेको छ ।  घरमा खानेकुरा प्रशस्त नहुँदा किन्न घरदेखि टाढा जानुपर्ने, गाडी नचल्ने हुनाले पैदल हिड्नुपर्ने, कसैले किनेर ल्याएको थाह पाउन नहुने जस्ता अवस्थाको चित्रण गरिएकाले करुण भाव देखिन गएको छ । यो कथा विषयवस्तुको आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जन, भावका आधारमा करुण भाव, शिल्पका आधारमा पात्रप्रधान कथा हो ।

### ३.२.३ कुमालेको कथा

प्रस्तुत कथामा नेपालको परम्परागत ग्रामीण जनजीवनको चित्रण गर्दै त्यसैको घटनाक्रमलाई प्रस्तुत गरिएकाले यो कथा सामाजिक लोककथा हो । कथाका पात्रहरूको कार्यकलापबाट घटनाक्रम एकपछि अर्को गर्दै अघि बढेको छ । कथाको घटना क्रमले श्रोताहरूमा कौतुहलता प्रदान गर्नुकासाथै मनोरञ्जन प्रदान गरेको छ । यस कथामा गरिब भएका कारण सेतेलाई केटी नदिनु, घरको खर्च टार्न अरूको घरमा काम गर्न जानुपर्ने, सुत्केरी श्रीमतीलाई समयमै उपचार गर्न नसक्दा बाटोमै मृत्यु हुनु, बुहारीको पीडाले सासुको मृत्यु हुनु, अन्त्यमा घरको आगो निभाउन बिर्सेर घरमा आगो लागि घरमा भएको गाई र भाइको मृत्यु हुनुले कथामा करुण भाव पैदा भएको छ । कथाको कथाबस्तु पात्रहरूको भूमिका कथा अनुसार प्रयोगा गरिएको छ । यसअनुसार यो कथा विषयबस्तुका आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जन, भावका आधारमा करुण भावशिल्पका आधारमा पात्रप्रधान कथा हो ।

### ३.२.४ राजा र प्रजाको कथा

प्रस्तुत कथामा नेपालको परम्परागत ग्रामीण परिवेशको जनजीवनको चित्रण गर्दै त्यसैको घटनाक्रमलाई प्रस्तुत गरिएकाले यो कथा सामाजिक लोककथा हो । कथाका पात्रहरूको प्रयोग कथाबस्तु अनुसार गरिएको छ । पात्रहरूको माध्यमबाट कथाको घटनाक्रम अघि बढेको छ । पात्रहरूको कार्यकलापले कथालाई कौतुहलता प्रदान गर्नुकासाथै मनोरञ्जन प्रदान गरेको छ । यस कथाको घटनाक्रममा राजाको परिवारमा पुत्र नभएको र राजाले पुत्र जन्माउने आशामा तीन श्रीमती बिहे गरेका र तेस्रो श्रीमतीबाट छोराको जन्म भएको, प्रजाहरूलाई पनि त्यस भोजमा निम्ता गरेको प्रसङ्गले हर्षउल्लासको भावलाई जनाएको छ भने बाजा बजाउन बोलाएका व्यक्तिहरू समयमा नपुग्दा कौतुहलता प्रदान गरेको छ । बाटोमा भालुलाई मान्छे सम्झेर ढोग्दा भालु रहेको जानकारी भएर ज्यान जोगाउन डराएर भागेको प्रसङ्ले करुण भाव देखिन गएको छ । कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा राजा र प्रजाको मिलनलाई चित्रण गरिएकाले पात्रप्रधान कथा हो । यो कथा विषयबस्तुको आधारमा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जन, भावका आधारमा करुण भाव शिल्पका आधारमा पात्रप्रधान कथा हो ।

### ३.२.५ पापिनी बुढी कथा

प्रस्तुत कथामा नेपालको परम्परागत ग्रामीण जनजीवनको चित्रण गर्दै त्यसैको घटनाक्रमलाई प्रस्तुत गरिएकाले यो कथा मूलतः सामाजिक लोककथा हो कथाका पात्रहरूको कार्यकलापबाट घटनाक्रम एकपछि अर्को गर्दै अघि बढेको छ । घटनाक्रमले श्रोतालाई कौतुहलता प्रदान गर्नुकासाथै मनोरञ्जन प्रदान गरेका छन् । यस कथाको घटनाक्रममा बुढो बुढीबाट पीडित हुनुपरेकाले करुण भाव प्रस्तुत हुन गएको छ । कथाको कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा कथा पात्रप्रधान रहेको छ । यो कथालाई विषयबस्तुका आधारमा हेर्दा सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जन, भावका आधारमा करुण, शिल्पका आधारमा पात्रप्रधान रहेको छ ।

## ३.३ किंवदन्तीमूलक विषयका आधारमा लोककथाको वर्गीकरण

यथार्थभन्दा वाहिर रहेर रचना गरिएका लोककथाहरूलाई किंवदन्तीमूलक लोककथा भनिन्छ । यस्ता कथाहरूमा अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा चमत्कारपूर्ण घटनाहरूको

आश्चर्यजनक प्रस्तुति यस वर्गका लोककथाहरूमा पाइन्छ । कुनै कथा बाचकले कथामा पात्रहरूलाई काल्पनिक संसारमा अवतरण गराइरहेको हुन्छ । विशेष गरेर भूत, प्रेत, बोक्सी, राक्षस, परी, रुख, अप्सरा आदि पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण भएको हुन्छ । यस्ता लोककथाहरूको मुख्य उद्देश्य श्रोताहरूलाई मनोरञ्जन दिनुकासाथै नैतिक शिक्षा दिनु हो । अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दस लोककथाहरू मध्ये यस वर्गका लोककथा अन्तर्गत अलौकिक चराको कथा, मसानको कथा, लामाकानेको कथा, गरिब बुढाबुढीको कथा, घोडाको फुल कथा रहेका छन् तिनको क्रमश तल उल्लेख गरिएको छ ।

### ३.३.१ अलौकिक चराको कथा

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरी तिनीहरू मार्फत नै घटनालाई अगाडि बढाएकोले यो कथा किंवदन्तीमूलक कथा हो । यस कथामा मुख्य पात्रको रूपमा चरो देखा परेको छ । कपास खेती गरेका बुढाबुढीलाई कपास खाएर हैरान पारेको छ । चरालाई समातेर काटेर खाँदासम्म पनि चरा जीवित रहेको, पेटमा समेत दुःख दिएको, काट्दा पनि नमरेको देखाइएको छ । यस कथामा चराले देखाएको व्यवहार अलौकिक प्रकृतिको रहेकोले कथाले श्रोताहरूलाई कौतुहलता सृजना गरेको छ । यस कथाको मुख्य उद्देश्य श्रोतालाई मनोरञ्जन दिनु हो । यस कथाको घटनाक्रममा चराले पटक पटक मान्छेलाई दुःख दिएको भावलाई देखाइएको छ । यस कथाको कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा विभिन्न घटनाहरू एकपछि अर्को गर्दै अगाडि बढे पनि मुख्य रूपले चराको स्वभावलाई चित्रण गरिएकाले यो पात्रप्रधान कथा हो । यो कथा विषयबस्तुका आधारमा किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनेरञ्जनात्मक, भावका आधारमा भय भाव र शिल्पका आधारमा पात्रप्रधान रहेको छ ।

### ३.३.२ मसानको कथा

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको छ । ती पात्रहरूका माध्यमबाट नै कथाको घटनालाई अघि बढाइएकोले यो कथा मूलतः किंवदन्तीमूलक लोककथा हो । यस कथामा मसान र मानव पात्रका माध्यमबाट कौतुहलता प्रदान गर्दै मनोरञ्जन प्रदान गरेको छ । यस कथाको मुख्य उद्देश्य श्रोतालाई मनोरञ्जन पैदा गर्नु हो । यस कथामा मसानले घनश्यामकी बुहारीलाई खाजा लिएर गएको मौका पारी खाजा सँगै खाएको, दिनदिनै मानिसको घरमा गएर घिउ मागेर सताएको, घिउ भनेर सल्लाको खोटो

दिएको, पगाल्न आगो लगाउन लगाएको जस्ता कार्यकलापले भयको भाव सृजना गरेको छ । कथाको कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा विभिन्न घटनाहरू एकपछि अर्को गर्दै अघि बढे पनि मुख्य रूपले मसानको स्वभावको चित्रण गरिएकाले यो पात्रप्रधान कथा हो । प्रस्तुत कथा विषयबस्तुका आधारमा किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा भय भाव र शिल्पका आधारमा पात्रप्रधान रहेको छ ।

### ३.३.३ लामाकानेको कथा

प्रस्तुत कथामा मानबेतर पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा लामाकाने र छोटाकाने बिचको वैमनस्यताई देखाइएको छ । लामाकाने र छोटाकाने पात्रका माध्यमबाट कथाको घटना अघि बढेको छ । यो कथा मूलतः किंवदन्तीमूलक कथा हो । यस कथाले श्रोतागणमा कौतुहलता जगाउने कार्य गरेको छ । यस कथाको उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गर्नु हो । यस कथाको घटनाक्रम हेर्दा छोटाकानेले  बाटो बिराएर लामाकानेको देशमा पुगेका, लामाकानेले छोटाकाने देखि नसहने, देखे काटेर खाने जस्ता क्रियाकलापले गर्दा छोटाकानेलाई आफ्नो देशमा कसरी ज्यान जोगाएर पुग्ने भन्ने चिन्ताले भयको भाव देखिन गएको छ । कथाको कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा विभिन्न घटनाहरू एकपछि अर्को गर्दै अगाडि बढे पनि मुख्य रूपले लामाकाने र छोटाकानेको स्वभाव चित्रण गरेकाले यो कथा पात्रप्रधान कथा हो । यो विषयबस्तुका आधारमा  किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा भय भाव र शिल्पका आधारमा पात्रप्रधान कथा हो ।

### ३.३.४  गरिब बुढाबुढीको कथा

प्रस्तुत कथामा मानवीय र मानववेतर पात्रको प्रयोग गरिएको छ । ती पात्रका माध्यमबाट कथाको घटनालाई अगाडि बढाइएकाले यो कथा किंवदन्तीमूलक कथा हो । यस कथामा बाघ र बुढाबुढीका माध्यमबाट कथा अघि बढेकाले कथामा कौतुहलता प्रदान गर्नुकासाथै श्रोतालाई मनोरञ्जन प्रदान गर्न सफल भएको छ । यस कथाको मुख्य उद्देश्य श्रोतालाई मनोरञ्जन प्रदान गर्नु हो । यस कथामा बाघले घरमा आई खिचडि नराख्दिएको रिसमा बुढाबुढीलाई नै मार्न खोज्नुले बुढाबुढीमा भयको भाव देखिएको छ । कथाको कथाबस्तु र पात्रहरूको भूमिकालाई हेर्दा विभिन्न घटनाहरू एकपछि अर्को गर्दै अगाडि बढे पनि मुख्य रूपमा बुढाबुढीको जीवनमा घटेको घटनालाई देखाइएकाले यो कथा घटनाप्रधान

कथा हो । यस प्रकार यो कथा विषयबस्तुको आधारमा किंवदन्तीमूलक कथा, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा भय भाव र शिल्पका आधारमा घटनप्रधान कथा हो ।

### ३.३.५ घोडाको फुल कथा

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । ती पात्रका माध्यमबाट नै कथाको घटनालाई अगाडि बढाइएको छ । यो कथा मूलतः किंवदन्तीमूलक कथा हो । कथाका पात्रहरूको क्रियाकलापबाट कथामा कौतुहलता सृजना गर्नुकासाथै मनोरञ्जन प्रदान गरेको छ । कथामा कुभिन्डोलाई चिन्न नसकेको, कुभिन्डोबाट घोडा निस्किन्छ भनी व्यापारीले बेचेको, घोडाको फुलबाट घोडाको बच्चा हुने, आफू धनि बन्ने जस्ता क्रियाकलाप देखाई कथालाई काल्पनिक र यथार्थभन्दा बाहिर रहेको देखाइएको छ । शिक्षित श्रीमती र अशिक्षित श्रीमान्को पात्रमा केन्द्रित रहेकाले पात्रप्रधान कथा हो । यो विषयबस्तुका आधारमा किंवदन्तीमूलक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक, भावका आधारमा भय र कारुणिक भाव र शिल्पका आधारमा पात्रप्रधान रहेको छ ।

## ३.४ निष्कर्ष

प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित दसओटा लोककथाहरू सङकलन गरी वर्गीकरण गरिएको छ । ती सङ्कलित लोककथाहरूलाई विषयबस्तुका आधारमा सामाजिक, पौराणिक र किंवदन्तीमूलक लोककथा गरी वर्गीकरण गरिएको छ । ती दस लोककथारू मध्ये पाँचओटा लोककथा सामाजिक र पाँचओटा लोककथा किंवदन्तीमूलक रहेका छन् पौराणिक लोककथा भनी वर्गीकरण गरिए तापनि यहाँ पौराणिक लोककथा रहेको छैन । उद्देश्यका आधारमा मनोरञ्जनात्मक र नैतिक उपदेश दिने लोककथाहरू रहेका छन् । त्यस्तै शिल्पका आधारमा पात्रप्रधान र घटनाप्रधान कथा रहेका छन् । भावका आधारमा हेर्दा कारुणिक र भय रहेका छन् । उल्लिखित लोककथा यस वर्गीकरण अन्तर्गत नपरेका विविधखाले जातजातीका कथा, धर्मसंस्कृतिका कथा, विभिन्न रीति-स्थिति, चाल चलन अनुसारका कथाहरू यस वर्गका कथाहरू अन्तर्गत पर्दछन् । कतिपय लोककथाहरू मनोरञ्जन मात्र प्रदान गर्ने खालका हुन्छन् । अर्घाखाँचीको काभ्रे क्षेत्रमा यस्ता सबै प्रकृतिका कथाहरू पाइन्छन् ।

# चौथो परिच्छेद

# अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विश्लेषण

## ४.१ विषयप्रवेश

अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित दसओटा लोककथाहरू सङ्कलन गरी ती लोककथहरूको विधातत्त्वगत अध्ययनमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषशैली अभिप्रायका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ सामाजिक लोककथाको विश्लेषण

सामाजिक विषयबस्तुलाई मूल विषय बनाई समाजका यथार्थ घटनाहरूलाई कथामार्फत प्रस्तुत गरिएका लोककथाहरूलाई शोधपत्रमा सामाजिक लोककथा अन्तर्गत विश्लेषण गरी शोधपत्रमा समावेश गरिएको छ । सामाजिक लोककथामा अर्घाखाँची जिल्लको काभ्रे क्षेत्रमा प्रचलित विद्यमान समाजका चालचलन, रीति , रिवाज, उठबस, लवाइ-खवाइ आदि कुराहरूसँग सम्वन्धित भई व्यक्त भएका लोककथाहरू छन् । लोककथाहरूमा अर्घाखाँचीको काभ्रे क्षेत्रको समाजमा रहने र देखिने गरेको हाँसो, आँसु, पीडा, व्यथा, प्रेम, मिलन आदिको झलक रहेको छ । यस्ता समाजिक लोककथाहरूमा सामाजिक पात्रहरूले नै घटना क्रमलाई अगाडि बढाएका छन् । पारिवारि झैँझगडा, पारिवारिक रिस डाह, बुढाबुढी बिच मनमुटाव, धनी गरिब बिच वर्गीय विभेद, एक देश र अर्को देश जातीय विभेद, प्रेम मिलन आदिको झलक पाइन्छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूमा टुहुराको भाग्य कथा, कोदे साउको कथा, कुमालेको कथा, राजा र प्रजाको कथा, पापिनी बुढी शीर्षकका लोककथाहरूलाई क्रमस सामाजिक लोककथामा वगीकृत गरी शोधपत्र तयार पारिएको छ।

### ४.२.१ टुहुराको भाग्य लोककथाको विश्लेषण

टुहुराको भाग्य लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ६२ वर्षीय पुरुष रेमलाल भुसालले सङ्कलन तथा वाचन गरेका थिए । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

## (१) कथानक

प्रस्तुत लोककथा अर्घाखाँचीको छत्रदेव गाउँपालिका दुईमा प्रचलित सामाजिक यथार्थवादी कथा हो । यस कथामा टुहुरो भएकै कारण सबैले हेला गरेको, कसैले सहारा नदिएको, एउटी हजुरआमाले उस्को पालनपोषण गरेको, गाँसबास अभावमा भौतारिनु परेको कुरालाई प्रारम्भमा सुक्ष्म तरिकाले देखाइएको छ । कथामा टुहुरो पौडी खेल्न गएको, हिरा भन्ने थाहा नपाएर ढुङ्गा भनी घरमा ल्याएको, हजुरआमाले कस्को चोरेर हिरा ल्याइस् जहाँबाट ल्याएको त्यहीँ लगेर छोड् भनी छोड्न हिड्दा व्यापारीले हजुरआमालाई बेचेको नभन्ने शर्तमा ललाइफकाइ राखेको जस्ता विषयले कथामा उतार चढाव आउनुका साथै कौतुहल सिर्जना गरी कथालाई अगाडि बढाएको छ । प्रधानमन्त्रीकी छोरीले त्यो हार लाउनु, राजाकी छोरीले मन पराई त्यही हार चाहिनु, प्रहरी लगाएर टुहुरालाई खोज्नु, टुहुरालाई पुनःअर्को हार ल्याउन लगाउनु जस्ता विषयले टुहुराको बाल मस्तिष्कमा असर परेको देखाइएको छ । टुहुराले राजाको छोरीलाई पुनः त्यो हार खोज्न जाँदा हारसहित स्वर्गकी अप्सरा आफूलाई श्रीमान् मानेर आउनु कथाको मध्य अवस्था हो । टुहुराको साहस देखेर टुहुरालाई राजाले मार्नका लागि बाघको दुध ल्याउन लगाउनु, हात्तीका दाह्रा ल्याउन लगाउनु, टुहुराले राजाको सबै आज्ञा पालना गर्नुका पछाडि उसकी श्रीमतीको अलौकिक शक्ति रहेको जानकारी पाउनु, श्रीमतीहरूलाई राजदरबारमा ल्याएर राख्नको लागि टुहुरालाई मार्ने षड्यन्त्र रच्नु र अन्त्यमा राजा नै मरी राजदरबारको मालिक टुहुरो बन्नु कथाको अन्त्य भाग हो । यस कथाको कथानक आदि, मध्य र अन्त्यको अवस्था मिलेको छ ।

## (२) पात्र

प्रस्तुत पात्रमा मानविय पात्रका रूपमा टुहुरो, टुहुराकी हजुरआमा, टुहुराका तीन श्रीमती, टुहुराका साथीहरू, पसले, प्रधानमन्त्री, प्रधानमन्त्रीकी छोरी, राजा, राजाकी छोरी आदि मानवीय पात्र रहेका छन् । अमानवीय पात्रका रूपमा बाघ, हात्ती रहेका छन् ।

यस कथाको घटनालाई अघि बढाउने पात्रका रूपमा टुहुराकी हजुरआमा रहेको मान्न सकिन्छ । टुहुराको पालनपोषण बाबुआमाको सम्पूर्ण जिम्मेवारी एक्लैले लिएकी छन् । टुहुराको पालनपोषण गर्ने मान्छे नभएको भए कुन अवस्थामा रहन्थ्यो, कथाले अर्कै मोड

लिन सक्थ्यो । त्यसकारण कथालाई अगाडि बढाउने पात्रका रूपमा हजुरआमालाई लिन सकिन्छ ।

कथामा हिराको हार भेटाउनु, हारलाई ढुङ्गा सम्झेर घर लगि हजुरआमालाई देखाउनु कथाको मुख्य पात्र टुहुराको बालशुलभता झल्किन्छ । यस कथामा हजुरआमा प्रमुख दयावान् आफ्नो दायित्त्व र कर्तव्य पुरा गर्ने सत् पात्रका रूपमा चित्रित छन् । टुहुरा यस कथाको मुख्य निडर, गतिशील, मेहनती, मिलनसार, कर्तव्यनिष्ठ सत् पात्रका रूपमा रहेको छ । टुहुरो नै यस कथाको प्ररम्भकर्ता हो । पसले धुर्त पात्र हो । एउटा विस्कुट दिएर टुहुरालाई ललाइफकाइ गरेर मन्त्रीलाई हार बेची पैसा कमाएको छ । टुहुरो त्यस हारप्रति अपरिचित छ । प्रधानमन्त्री राजाभन्दा ठूलो भएको, पद र सत्तामा राजा ठूलो भए तापनि प्रधानमन्त्रीले राजाले आफ्नी छोरीको लागि गर्न नसकेको प्रधानमन्त्रीले गरेको देखाइ जनताको सेवाभन्दा पनि को ठूलो भन्ने अहम्ता रहेको छ । त्यही एउटा हारका लागि प्रधानमन्त्रीको पद नै जाने तुच्छ व्यवहारलाई राजा जस्तो पात्रका माध्यमबाट देखाउन खोजिएको छ । प्रधानमन्त्री, राजा शोषक पात्र लोभि, प्रतिस्पर्धि, गौण पात्रका रूपमा रहेका छन् । यस्ता प्रधानमन्त्री र राजा देशमा हुँदा त्यहाँका नागरिकले बिना गल्ती शास्ती भोग्नुपर्ने कुरालाई ती पात्रका माध्यमबाट देखाइएको छ । टुहुराको तीन श्रीमती वा स्वर्गका अप्सरा महिला पात्र, बुद्धिवान्, रूपवान्, अलौकिक शक्ति भएका मानवेत्तर पात्रका रूपमा आएका छन् । बाघ, हात्ती टुहुराको संरक्षण गर्ने संरक्षणकर्ता अमानवीय पात्र हुन् । यी सबै पात्रका माध्यमबाट कथावस्तु पूर्ण र रोचक बनेको छ । यस कथाका मुख्य पात्र टुहुरा, टुहुराकी हजुरआमा हुन् । टुहुराका श्रीमतीहरू सहायक सत् अलौकिक स्थिर पात्र हुन् भने पसले, टुहुराका साथीहरू, प्रधानमन्त्री, राजा, प्रधानमन्त्रीकी छोरी, राजाकी छोरी गौण पात्र हुन् ।

### (३) परिवेश

प्रस्तुत लोककथा ग्रामीण र सहरीया परिवेशमा रचित कथा हो । टुहुरो भएको भन्दैमा सबैले हेला गर्नु, हिराको हारलाई ढुङ्गा सम्झनु, गाँसबास जुटाउन अरूको मेलामा काम गर्नु, खोलामा साथीहरूसँग पौडी खेल्न जानु, स्वर्गका अप्सरा र अलौकिक शक्तिलाई देखाउनु, ठाँटीमा बस्नु आदि कुराले यो कथा ग्रामीण परिवेश भएको जानकारी हुन्छ भने

प्रधानमन्त्री, राजा, भोजभतेर जस्ता कुराले सहरीया परिवेशलाई इंगित गर्दछ । त्यसकारण यो कथा ग्रामीण र सहरीया दुवैको मिश्रीत परिवेशमा आधारित कथा हो ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो भने गौण उद्देश्य लोकजनमानसमा मनोरञ्जन पैदा गर्नु हो । यस कथाका माध्यमबाट टुहुरो गरिब छ, त्यसको कोही छैन भन्दैमा हेला गर्नु हुदैन । सबै व्यक्तिको समय आउँछ । सबैलाई परिस्थितले सधै एकनास राख्दैन । सबैलाई माया, सद्भाव, सहयोग गर्नुपर्दछ । घृणा गर्नुहुँदैन । उनीहरू पनि केही गर्न सक्छन् भन्ने कुराको पुष्टी गरेको छ ।

### (५) भाषाशैली

प्रस्तुत लोककथामा स्थानीय भाषाको प्रयोग गरिएको छ । लोककथामा स्थानीयपन झल्कन्छ । यस कथाको भाषा सरल, सहज, बोधगम्य रहेको छ । यो कथा वर्णनात्मक शैलीमा रचना गरिएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक बनाएको छ ।

### (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न अभिप्राय आएका छन् । टुहुरो हुनु, गरिव हुनु, टुहुराले जङ्गलमा हिराको हार भेट्नु, हार खोज्न जाँदा स्वर्गका अप्सरासँग भेट हुनु र बिहे गर्नु, जस्ता प्रसङ्गले चमत्कारपरक अभिप्रायलाई जनाएको छ । श्रीमती देखेर राजा र मन्त्रीहरू लोभिनु, मन्त्रीकी छोरीले लगाएको हार देखेर राजाकी छोरीलाई चाहिनु, राजाको घरमा पुजा गर्न बाघको दुध र हात्तीका बङ्गारा चाहिनु जस्ता सन्दर्भले चारित्रिक अभिप्रायलाई जनाएको छ । इमान्दार हुनु, लगनशिल हुनु, धैर्य हुनु, सन्तानको जिम्मेवारी निभाउनु जस्ता सन्दर्भले धर्म विषयक अभिप्रायलाई जनाएको छ । गरिबले अमूल्य सामान भेट्दा उसलाई चोरेर ल्याएको दोषारोपण लगाउनु, भेटेकोभन्दा पनि विश्वास नगर्नु, जस्ता प्रसङ्गले परीक्षा विषयक अभिप्रायलाई जनाएको छ । टुहुराले धनि, साहसी, अलौकिक शक्ति भएका श्रीमती भेट्नु राजासमेत लोभिएर टुहुरालाई मार्न खोज्नु जस्ता प्रसङ्गले अवरसर र भाग्यपरक अभिप्रायलाई उजागर गरिएको छ । टुहुराको जीवनमा एक्कासी नसोचेको परिवर्तन हुनुले

टुहुराको भाग्य कति बेला चम्किन्छ थाहा हुँदैन हेला गर्नुहुँदैन भन्ने भनाइ यथार्थमा परिवर्तन भएकोले बुढापाकाहरूको चातुर्यपरक अभिप्रायलाई जनाएको छ ।

निष्कर्षतः टुहुराको भाग्य कथा सामाजिक यथार्थमा आधारित छ । यस कथामा कथानक अनुसारका पात्रको प्रयोग गरिएको छ । यो कथाको मुख्य उद्देश्य टुहुराको भएकै आधारमा कसैलाई हेला गर्नु हुँदैन । टुहुराको हुनु, गरिब हुनु उसको रहर होइन । गरिबले अमूल्य सामान भेट्दा चोरेरै ल्याएको हुँदैन । गरिबमा इमानदारिता, लगनशीलता, धैर्यता हुन्छ । उस्ले पनि आफू जन्मेको समाजमा अन्य व्यक्ति सरह बाँच्न पाउनु पर्दछ भन्ने नैतिक शिक्षा दिन खोजेको छ । यो कथा समाजमा घट्ने यथार्थ घटनामा आधारित छ । टुहुराको भाग्य कति बेला चम्कन्छ हेला नगर भन्ने बुढापाकाको उखानलाई वास्तविक रूपमा भाग्यवान् बन्न पुगेको देखाइएको छ । यो कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रचित छ । यो कथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी रैखिक ढाँचामा रचना गरिएको छ । स्थानीय कथ्य भाषाशैलीको प्रयोगले कथालाई अझै रोचक बनाएको छ । कथा वस्तु, परिवेश अनुसार पात्रको प्रयोग गरिएको छ ।

### ४.२.२ कोदे साउ लोककथाको विश्लेषण

कोदे साउ लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ६५ वर्षीय महिला मनमाया पौडेलले सङ्कलन तथा वाचन गरेका थिए । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

#### (१) कथानक

कोदे साहु लोककथा सामाजिक यथार्थवादी कथा हो । यस कथामा प्राचीन समयमा समाजमा बाजे पुर्खाहरूले भोगेका घटनाहरूलाई आधार मानी रचना गरिएको छ । यो कथानकको सुरुवात अर्घाखाँचीको छत्रदेव गाउँपालिका अन्तर्गत पर्ने काभ्रे क्षेत्रमा श्रावण महिनामा अन्नको अभाव भएको घटनाबाट सुरुवात भएको छ । घरमा खानलाई खाने कुरा नभए पनि वरिपरि चिनेकोमा जाँदा आफ्नो इज्जत जाने डरले गुल्मीको इस्मा अर्जे भन्ने ठाउँमा कोदे साहुको घरमा पुगेको घर परिवारसँग चिनजान गरेको प्रसङ्गबाट कथानकको विस्तार भएको छ । कोदे साहुकोमा बासबसी भोलिपल्ट कोदो लिएर घर फर्केको घटनाबाट

कथाको अन्त्य भएको छ । प्रस्तुत लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथा हो । यस कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । घरमा खानेकुरा नहुँदा परिवार पाल्न भएको कठिन अवस्था र समाजमा किनेर खानेलाई नराम्रो प्रचलनले आफ्नो इज्जत जोगाउनका लागि कसैलाई नभनी, कसैले नचिनेको ठाउँमा जानुपर्ने बाध्यतालाई कथामा दर्साइएको छ ।

### (२) पात्र

प्रस्तुत लोककथामा कथानक अनुसारका पात्रले कथालाई रोचक, मनोरञ्जनात्मक बनाएको छ । जीवलाल पौडेल, चन्द्रमनी भुसाल, कोदे साहु, बुढा मान्छे, छोरो, नाति, भैसी, गाइ, गोरु जस्ता पात्रहरू रहेका छन् । यस कथामा जीवलाल पौडेल र चन्द्रमनी भुसाल मुख्य पात्रका रूपमा आएका छन् । कोदे साहु, बुढा मान्छे, छोरो, नाति सहायक पात्रका रूपमा र गाइ, गोरु, भैसी, मानवइत्तर गौण पात्रका रूपमा देखा पर्दछन् । समाजमा घट्ने वा घट्न सक्ने घटनाहरूला यी पात्रहरूका माध्यमबाट सामाजिक सरसहयोग गर्नुपर्दछ भन्ने शिक्षा प्रदान गर्नु प्रस्तुत लोककथाको उद्देश्य रहेको छ । यी पात्रहरूले कथालाई प्रारम्भ, मध्य र अन्त्यको अवस्थामा पुऱ्याउन सहयोग गरेका छन् ।

### (३) परिवेश

प्रस्तुत लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित ग्रामीण परिवेशमा रचना गरिएको कथा हो । यस कथाको शीर्षक कोदे साहु रहेको छ । कोदे साहु, बुढा मान्छे, गाइ, गोरु, भैसी, बेसाहा खोज्न लाज हुनु, अनिकाल पर्नु जस्ता शब्दले ग्रामीण परिवेशलाई झल्काउँछ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य समाजमा आइपरेका समस्याहरू मिलीजुली समाधान गर्नुपर्दछ, एकलाई समस्या पर्दा अर्काले सहयोग गर्नुपर्दछ, रिस रागको भावना हुनुहुँदैन भन्ने रहेको छ । गौण उद्देश्य कथाको माध्यमबाट श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्नु हो । यस कथाको माध्यमबाट मानव सामाजिक प्राणी भएको र समाजको सर-सहयोगबिना समाजमा गुजारा चल्न नसक्ने सामाजिक मूल्यलाई पुष्टि गरेको छ ।

## (५) भाषाशैली

प्रस्तुत लोककथा ग्रामीण परिवेशलाई समावेश गरी रचना गरिएको कथा हो । यस कथाम अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथ्य भाषाको प्रयोग गरिएको छ । स्थानीय भाषिकाको प्रयोगले कथालाई रचक, सरल, सहज र बोधगम्य बनेको छ । वर्णानात्मक शैलीको प्रयोग गरिएको छ । पात्रानुसारको भाषाशैलीको प्रयोग भएको छ ।

## (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । यस लोककथामा घरमा खानेकुरा प्रशस्त नहुने, अरूको घरमा किन्न जानुपर्ने, अरूकोमा किन्न जाँदा निन्दा गर्नुले आत्मनिर्भर समाज विषयक अभिप्रायलाई बुझाएको छ । कोदो खाएको व्यक्ति निरोगी हुनु, धेरै समय बाँच्नुले कोदोप्रतिको मोह र प्राकृतिक नेपाली खेती स्वास्थ्यवर्धक हुने जस्ता प्रसङ्गले बुद्धिमानी विषयक अभिप्रायलाई बुझाएको छ । बाहिरबाट गएका पाहुनालाई दही, मही, खान दिनु, रातमा बास बस्न दिनुले पात्र विषयक अभिप्रायलाई बुझाएको छ । खानेकुरा किन्न एक दिन पुरा लगाएर जानुपर्ने, पैदल यात्रा गर्नुपर्ने जस्ता विषयले विकट समाज विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः कोदे साहुको कथा सामाजिक यथार्थ घटनामा आधारित कथा हो । यस कथामा कथानक अनुसारका पात्रको प्रयोग गरिएको छ । प्रस्तुत लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रमा लागेको अनिकालको विषयलाई लिएर कथानक तयार गरिएको छ । यस कथामा समाजमा आइपर्ने समस्या र समाधानमा सहयोग पुऱ्याउन सामाजिक भावनाको उल्लेख गरिएको छ । दुःख सुखमा एक अर्कालाई सहयोग गर्नुपर्दछ । सर-सहयोगबिना जीवन चल्दैन भन्ने कुरालाई सुक्ष्म ढङ्गले देखाउन खोजिएको छ । प्रस्तुत कथा प्रारम्भ, मध्य र अन्त्यको श्रृङ्खलामा रचित छ । प्रस्तुत कथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी रैखिक ढाँचामा रचना गरिएको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथ्य भाषाको प्रयोगले कथालाई रोचक र मनोरञ्जनात्मक बनाएको छ । यो कथाको मुख्य उद्देश्य समाजमा बसेपछि एकअर्काको समस्यामा बुझेर सक्दो सरसहयोय गर्नुपर्दछ भन्ने रहेको छ ।

### ४.२.३ कुमाले लोककथाको विश्लेषण

कुमाले लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ५० वर्षीय महिला पुनकला पौडेलले सङ्कलन तथा वाचन गरेका थिए । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

**(१) कथानक**

प्रस्तुत लोककथा अर्घाखाँचीको छत्रदेव गाउँपालिकाको काभ्रे क्षेत्रमा प्रचलित छ । यस कथामा कुमाल जातिको धर्म संस्कार परम्परालई देखाइएको छ । यस कथामा कुमाल जातिको एउटा सानो परिवारको बारेमा उल्लेख गरिएको छ । यस कथामा बाबु, आमा, सेते र बेसारे बस्दछन् । बाबुआमाले आफ्नो पुर्ख्यौली पेशालाई अँगालेका थिए । छोराहरूले अन्य पेशा अँगालेका थिए । जे जस्तो भए पनि मेहनत र परिश्रम गरेर आफ्नो जीविका चलाएका थिए । कथाको सुरुवात कुमाल गाउँको गरिब परिवारको पारिवारिक परिवेशबाट भएको छ । एउटा छोरा सोझो र अर्को छोरा टाठो रहेको कथामा देखाइएको छ । गरिबीको कारणले केटी खोज्दा कसैले नपत्याएको जीवनमा गरिबीले निम्त्याएको उतारचढावबाट कथाको मध्य वा विस्तार भएको छ । कथामा गरिबीको कारण उपचार नपाइ, रुढीवादी परम्पराले गर्दा जनचेतनाको झारफुकमा लाग्ने जस्ता कुरीको सुत्केरी व्यथाले अस्पताल लैजाँदा लैजाँदै गर्दा बाटोमै मरेको खवरले बुहारीको सोक र छोराको दुःख सहन नसकी मरेको,, घरमा भात पकाउने कोही नहुँदा सोझो छोरा बेसारेले घरमा खाना पकाउने क्रममा आगो निभाउन बिर्सेर घरमा आगो लागेर घरको गाइ र बेसारेको मृत्यु भएको र सेते एक्लो बेसहारा अवस्थामा पुगेको, घरबारबिहीन हुन पुगेको दयनीय अवस्थामा कथाको अन्त्य भएको छ । कथा प्रारम्भ, मध्य र अन्त्यको अवस्थामा मिलेको छ ।

**(२) पात्र**

प्रस्तुत कथामा मानवीय पात्रका रूपमा बाबु, आमा, सेते, बेसारे पात्र रहेका छन् भने मानवेत्तर पात्रका रूपमा गाई रहेको छ । यस कथालाई अघि बढाउने पात्रका रूपमा सेतेकी बुढी, बेसारे रहेका छन् । गरिबीले निम्त्याएको विविध बाधा, अड्चन, सङ्घर्षलाई कथामा चित्रित गरिएको छ । यस कथाको मुख्य पात्र सेते र बेसारे रहेका छन् भने सेतेका

बा, आमा, सहयोगी पात्रका रूपमा कथामा आएका छन् । गाई गौण पात्रका रूपमा आएको छ । यी सबै पात्रका माध्यमबाट कथाको प्रारम्भ, विस्तार र अन्त्य भएको छ ।

### (३) परिवेश

प्रस्तुत लोककथा अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने बड्डाडा भन्ने ठाउँमा प्रचलित ग्रामीण परिवेशमा रचित कथा हो । माटाका भाँडा बनाउनु, अरूको घरमा खाना पकाउने, भारी बोक्ने, अशिक्षा गरिबीको कारण अन्धविश्वास रुढीवादी कुराको विश्वास गरी अस्पताल भन्दा झारफुकतिर विश्वास गर्नु, खरको छाना जस्ता कुरालाई देखाएकोले यो कथा ग्रामीण परिवेश भएको कथा हो भन्न सकिन्छ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य गरिबीले गर्दा समाजको तिरस्कार, अशिक्षा अन्धविश्वासको जकेडामा पर्नु, उपचार गर्न नसकी अकालमा मृत्यु हुनु जस्ता हाम्रो समाजका बिकराल अवस्थालाई देखाइ त्यो अवस्थाबाट परिवर्तन ल्याउनु रहेको छ ।

### (५) भाषाशैली

प्रस्तुत लोककथा स्थानीय ग्रामीण परिवेशको रचना भएकाले सरल, सहज, कथ्य भाषाको प्रयोग भएको छ । यस लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रको कथ्य भाषा नै यस लोककथाको भाषा हो । जस्तै आएचन्, पुच्छारे, थ्यो, लए आदि ।

### (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । कुमाल जातीले आफ्नो पेसा माटाका भाडा बनाउनुले सामाजिक परम्परागत जाती विषयक अभिप्रायलाई बुझाएको छ । अरूकोमा भारी बोक्ने, खाना पकाउने, गाह्रो लगाउने, माग्न हिड्ने जस्ता विषयले सामाजिक अभिप्रायलाई बुझाएको छ । बिहे गर्ने उमेर हुँदा कसैले केटी नदिनु, गरिब भनी हेला गर्नुले भाग्य विषयक अभिप्रायलाई बुझाएको छ । श्रीमतीलाई सुत्केरी व्यथा लाग्नु, अस्पताल लानुको सट्टामा धामी झाक्री बोलाउनु, अस्पताल ढिलो लैजानुले अशिक्षा, जनचेतनाको कमी जस्ता प्रसङ्गले ग्रामीण समाज विषयक अभिप्रायलाई बुझाएको छ ।

उपचार गर्न लैजादा बाटोमै मृत्यु हुनु, अमाले बुहारीको मृत्युलाई सहजै लिन नसकी बुहारीको पीडाले मृत्यु हुनु जस्ता प्रसङ्गले भाग्य विषयक अभिप्रायलाई बुझाउँछ । बेसारेले खाना पकाउँदा आगो निभाउन विर्सेर घरमा भएको एउटा गाई, घर, बेसारे जलेर मर्दा सेते एक्लो हुनुले मृतक विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः कुमालेको कथा सामाजिक यथार्थमा आधारित कथा हो । यस कथामा कथानक अनुसारका पात्र प्रयोग भएको छ । कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आधारित रहेको छ । यो कथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयो गरी रैखिक ढाँचामा रचना गरिएको छ । सरल, सहज कथ्य भाषाको प्रयोगले कथालाई रोचक बनाएको छ । कथामा एउटा गरिब कुमाल जातिको यथार्थ घटनालाई विषयवस्तु बनाइएको छ ।

## ४.२.४ राजा र प्रजा लोककथाको विश्लेषण

राजा र प्रजा लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ५५ वर्षीय महिला जोबकला पौडेलले सङ्कलन तथा वाचन गरेका थिए । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

### (१) कथानक

प्रस्तुत लोककथा अर्घाखाँचीको छत्रदेव गाउँपालिका अन्तर्गत काभ्रे क्षेत्रमा प्रचलित ऐतिहासिक लोक कथा हो । यस कथामा राजा र प्रजाबिचको माया, ममता, स्नेह, साथ-सहयोगलाई प्रष्ट रूपमा देखाइएको छ । यस कथामा राजाले पहिली र दोस्री श्रीमतीबाट सन्तान नजन्मेकोले कान्छी श्रीमती बिहे गरेको, जेठी श्रीमतीको सरसल्लाहबमोजिम राज्य चलेको, कान्छी श्रीमतीबाट सन्तान जन्मेको, हर्सोउल्लासका साथ खुशियाली मनाएको त्यस खुसीमा प्रजाहरूलाई पनि समावेश गराएको कुरालाई विषयवस्तु बनाइएको छ । कथाको प्रारम्भ राजाको राज्यबाट भएको छ भने मध्यावस्था वा विस्तार राजाका सन्तान नहुनु, राजदरबारमा राजालेमा आफ्नो बच्चा खेलेको देख्न चाहानु र अन्त्यमा राजालाई जेठी महारानी, माहिली महारानीबाट सन्तान नभइ कान्छी श्रीमती बिहे गर्नू, कान्छीबाट छोरा जन्मनु, राजा प्रजाबिच खुसी साटासाट गर्नुबाट अन्त्य भएको छ । प्रस्तुत कथा प्रारम्भ, मध्य, अन्त्यको अवस्था मिलेको छ ।

## (२) पात्र

यस लोककथामा पात्र बन्नका लागि हुनुपर्ने गुणले युक्त पात्रको प्रयोग भएको छ । यस कथामा कथाको कथानक अनुसारका पात्रहरूको प्रयोग भएको छ । यस कथामा राजा, जेठी रानी, माहिली रानी, कान्छी रानी, कान्छी रानीको छोरा, प्रजा, दर्जी रहेका छन् । यस कथाको राजा, रानीहरू गतिशील मुख्य सत्पात्र पात्र हुन् । रानीको छोरा गौण पात्र हो भने अन्य प्रजा दर्जी सहयोगी पात्र हुन् । यसरी राजा, रानीहरू, प्रजा, दर्जी जस्ता पात्रले कथालाई गतिशीलता प्रदान गर्नुका साथै रोचक बनाएको छ ।

## (३) परिवेश

प्रस्तुत लोककथा सहरीया परिवेशमा रचिएको ऐतिहासिक लोककथा हो । राजदरबार भित्र रहेर लेखिएको छ । यसमा प्रस्तुत भएका परिस्थिति, मेलमिलाप, दरबार जस्ता कुराले शिक्षित सभ्य परिवार सहरीया परिवेशलाई दर्साउँछ ।

## (४) उद्देश्य

प्रस्तुत लोककथामा राजा र प्रजाबिच पारिवारिक सम्बन्ध हुनुपर्दछ । परिवारमा आएका समस्याहरूलाई समाधान गर्न आफ्ना व्यक्तिगत फाइदा हेर्नुहुँदैन । मिलेर समस्याको समाधान गर्नु पर्दछ भन्ने कुरालाई प्रष्ट रूपमा देखाउन खोजेको छ । निरङ्कुश शासनको अन्त्य हुनुपर्ने उद्देश्य नै लोककथाको उद्देश्य हो ।

## (५) भाषाशैली

प्रस्तुत लोककथामा समय सान्दर्भिक सरल, सबैले बुझ्ने रोचक अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथ्य भाषाशैलीको प्रयोग गरिएको छ ।

## (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । राजाले छोरा जन्माउन तेस्रो बिहे गर्नुले छोरा र छोरी बिचको विभेद जस्ता प्रसङ्गले समाज विषयक अभिप्रायलाई बुझाएको छ । तेस्रो श्रीमतीबाट छोरा जन्मेपछि न्वारान गर्नु , बाजागाजा बजाउनुले धार्मिक, सामाजिक, अभिप्रायलाई बुझाएको छ । यस लोककथामा छोराको जन्मपछि आफ्ना

प्रजाहरूलाई बाजागाजा बजाउने, रमाइलो गर्ने, खाना खान बोलाउने गर्नुले राजा र प्रजा बिचको आत्मीयता जस्ता प्रसङ्गले पात्र विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः राजा र प्रजाको कथा ऐतिहासिक लोककथा हो । यस कथामा शिक्षित पात्रको प्रयोग भएको छ । कथानक अनुसारको पात्र र परिवेशको प्रयोग गरिएको छ । कथाले निरंकुशताको अन्त्य गरी राजा र प्रजाबिच साथीको सम्बन्ध हुनुपर्दछ, राजा र प्रजाको दुःख सुखमा दुवैको सहभागिता हुनुपर्दछ भन्ने सन्देश दिएको छ । सौताहरूबिच मेलमिलाप हुनुपर्ने कुरालाई कथाको माध्यमबाट देखाइएको छ ।

### ४.२.५ पापिनी बुढी लोककथाको विश्लेषण

पापिनी बुढी लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ५५ वर्षीय पुरुष कुमार पौडेलले सङ्कलन तथा वाचन गरेका थिए । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

**(१) कथानक**

पापिनी बुढी कथामा बुढो र बुढीबिचको सम्बन्धलाई देखाइएको छ । यस कथाको पात्र बुढोले बुढीलाई साह्रै माया गर्दछ । बुढीले सधै बिरामी भएको बाहना गरी बुढोलाई निकै दुःख दिने, बुढोसँग सँगै खाना नखाने, बिरामी छु खाना खान मन छैन भन्ने र बुढोलाई सधै जङ्गलमा दाउरा घाँस खोज्न पठाउने गर्दथी । एक दिन बुढोले बुढीलाई सधै खान मीठो नहुनुको कारण खोज्न वन नगई उसले गरेका क्रियाकलाप लुकेर हेऱ्यो । बुढोलाई जङ्गलमा घाँस दाउरा काट्न पठाएर बुढीले घरमा खीर पकाइ खाएको थाहा पाउँछ । बुढोले बुढीलाई यस्तो लुकेर एक्लै खीर खानुपर्ने के नै थियो र मिलेर खाउँ, काम गरौं भन्दा पनि त म मानिहाल्थे भन्छ । बुढाको कुराबाट बुढीले गल्ती गरेको महसुस गरी आफ्नो बानी व्यवहार सुधारी मिलेर बसेको प्रसङ्ग कथामा समावेश गरिएको छ । कथाको प्रारम्भ बुढाबुढी निसन्तान भएकोबाट भएको छ भने मध्य वा विस्तार बुढीले बुढोलाई झुट बोली बुढोलाई जङ्गल घाँस, दाउरा लिन पठाइ आफू बिरामी भएको नक्कल गरी मीठो मीठो पकाएर खाएको अवस्थाबाट भएको छ । कथाको अन्त्य बुढोले बुढीको पात्र थाहा पाइ बुढीले आफूले गल्ती गरेको कुरा स्वीकारी सुध्रेको अवस्थामा भएको छ । प्रस्तुत कथाको प्रारम्भ, मध्य र

अन्त्यको अवस्था मिलाएर रचना गरिएको छ । कथानक अनुसारका पात्र, भाषाशैलीले कथालाई मनोरञ्जनात्मक, कौतुहलपूर्ण बनाएको छ ।

### (२) पात्र

प्रस्तुत कथामा मानवीय पात्रहरूको प्रयोग गरिएको छ । यस कथाका मुख्य पात्र बुढो र बुढी हुन् । प्रस्तुत कथाको बुढो पुरुष गतिशील, सत्पात्र भएको पात्र हो भने बुढी स्त्री भुक्त डाहडी, लोभी, पापिनी, गतिशील पात्र हो । सामान्य कुराले गर्दा परिवारमा कसरी मनमुटाव नकारात्मक असर पर्दछ । बाँडीचुढी खाने बुढाबुढीबिच सत्य बोल्नुपर्ने विषयलाई यी पात्रका माध्यमबाट देखाउन खोजिएको छ । कथानक अनुसार पात्रको प्रयोगले कथालाई रोचक, मनोरञ्जनात्मक बन्न सहयोग पुऱ्याएको छ ।

### (३) परिवेश

प्रस्तुत कथा ग्रामीण परिवेशको अशिक्षित निम्न वर्गीय परिवारको अवस्थालाई समावेश गरी रचित कथा हो । यस कथामा बुढा र बुढी मात्र भएको परिवारमा पनि नमिली, झुट बोली, बिरामीको नाटक गरी बुढोलाई मीठोचोखो नदिइ एक्लै खाएको यी सबै परिवेशले प्रस्तुत लोककथालाई मनोरञ्जनात्मक, कौतुहलताको स्थितिमा पुऱ्याएको छ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको उद्देश्य दुईजना बुढाबुढीमा लोभलालच एकअर्काप्रति रिस, डाह, वितृष्णा हुनुहुँदैन । मेलमिलाप हुनुपर्छ । बिनाकारण एकले अर्कालाई दुःख दिनुहुँदैन भन्ने नैतिक शिक्षा र मनोरञ्जन पैदा गर्नु रहेको छ । बुढीको कारणले बुढाको मनमा शङ्का पैदा हुनुका साथै मानसिक, शारीरिक कष्ट भोग्नु परेको कुरालाई कथामा इङ्गित गरिएको छ । मान्छे भएपछि गल्ती हुन्छ तर पटक पटक गल्ती गर्नुहुँदैन, गल्तीलाई सुधारेर अघि बढ्नुपर्दछ भन्ने पाठ सिकाएको छ ।

### (५) भाषाशैली

प्रस्तुत लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथ्य भाषाशैलीको प्रयोग गरी रचना गरिएको छ । लोककथाको भाषाशैली सरल, सहज, मनोरञ्जनात्मक प्रकृतिको रहेको छ । भाषाशैलीले कथालाई रोचक बनाइएको छ ।

### (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । बुढीले आफ्नो बुढासँगै खाना नखाने, बिरामी भएको नाटक गर्ने, बुढालाई सधैं काममा लगाउने जस्ता विषयले दुष्ट पात्रको अभिप्रायलाई बुझाएको छ । बुढो घाँस, दाउरा काट्न जङ्गल गएको समय पारी आफूले खीर पकाएर खानुले अवसर विषयक अभिप्रायलाई बुझाएको छ । केही समयपछि बुढीको वास्तविकता बुझ्न जङ्गल नगएर बुढीको पात्र पहिचान गर्नु, बुढीको बारेमा सबै थाहा पाएर बुढीलाई त्यसो नगर्न सिकाउनुले चतुऱ्याई विषयक अभिप्रायलाई बुझाएको छ । बुढाबुढी पछिसँगै मिलेर बस्नुले अवसर अभिप्रायलाई बुझाएको छ । बुढाबुढीमा सन्तान नहुनु, उनीहरू बिच बेमेल हुनुले सामाजिक विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः बुढा र बुढी लोककथा सामाजिक यथार्थ घटनामा आधारित पारिवारिक कथा हो । यस कथामा बुढीले बुढाको कुरा नबुझ्दा, नखरा पारी झुट बोल्दा बुढोलाई कति असर पर्दछ भन्ने कुरालाई सुक्ष्म ढङ्गले देखाइएको छ । यस कथाका मुख्य पात्र बुढा र बुढी हुन् । यो कथा ग्रामीण परिवेशमा गरिब परिवारको पारिवारिक समस्यामा रचित छ । यस कथाले बुढा र बुढीबिच सबै कुरा सरसल्लाहले गर्नुपर्छ, झुट बोल्नु हुँदैन, खानेकुरा बाँडीचुँडी खानुपर्दछ भन्ने नैतिक शिक्षा दिएको छ । यस कथामा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रयोग हुने कथ्य भाषाको प्रयोगले कथा सरल, सहज, सम्प्रेष्य बन्न पुगेको छ ।

## ४.३ किंवदन्तीमूलक विषयका आधारमा लोककथाको विश्लेषण

यथार्थभन्दा वाहिर रहेर रचना गरिएका लोककथाहरूलाई किंवदन्तीमूलक लोककथा भनिन्छ । यस्ता कथाहरूमा अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा चमत्कारपूर्ण घटनाहरूको आश्चर्यजनक प्रस्तुति यस वर्गका लोककथाहरूमा पाइन्छ । कुनै कथा वाचकले कथामा पात्रहरूलाई काल्पनिक संसारमा अवतरण गराइरहेको हुन्छ । विशेष गरेर भूत, प्रेत, बोक्सी, राक्षस, परी, रुख,अप्सरा आदि पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण भएको हुन्छ । यस्ता लोककथाहरूको मुख्य उद्देश्य श्रोताहरूलाई मनोरञ्जन दिनुकासाथै नैतिक शिक्षा दिनु हो । अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दस लोककथाहरू मध्ये यस वर्गका लोककथा अन्तर्गत अलौकिक चराको कथा, मसानको कथा, लामाकानेको कथा, गरिब बुढाबुढीको कथा, घोडाको फुल कथा रहेका छन् तिनको क्रमश तल उल्लेख गरिएको छ ।

### ४.३.१ अलौकिक चरा लोककथाको विश्लेषण

अलौकिक चरा लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ४५ वर्षीय महिला जमुना पौडेलले सङ्कलन तथा वाचन गरेकी थिइन् । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

**(१) कथानक**

अलौकिक चराको कथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित अलौकिक कथा हो । यो कथामा चरालाई मानवीकरण गरिएको छ । चराले पनि मानव जस्तै बोल्ने, मानवले जस्तै दुःख दिने देखाइएको छ । सिङ्गो कथा यही चराको विषयमा आधारित रहेर रचना गरिएको छ । यो कथाको प्रारम्भ बुढा र बुढी मिलेर कपासको खेती गरेको प्रसङ्गबाट भएको छ । कथाको मध्यबिन्दु चराले बुढाबुढीलाई दुःख दिएको प्रसङ्गबाट भएको छ भने कथाको अन्त्य चरोलाई समातेर लगि काटेर खाँदा पनि नमरेको प्रसङ्गबाट भएको छ । प्रस्तुत लोककथा अलौकिक तथा काल्पनिक हो ।

**(२) पात्र**

यस कथाम मानवीय पात्र बुढा र बुढी रहेका छन् भने मानवेत्तर पात्र चरो रहेको छ । बुढा र बुढी मुख्य पात्रका रूपमा आएका छन् भने चरो सहायक पात्रका रूपमा आएको छ । यो कथामा चरोले दुःख दिँदा बुढा र बुढीले चराको मासु खाएपछि दुःखमुक्त हुने आशा राखेर चरा समाती काटेर पकाइ खाँदासम्म पनि सुख नपाएको देखाइ चरोको दैवी शक्तिलाई सहायक पात्रको रूपमा देखाइएको छ । बुढा र बुढी मेहनती गतिशील मुख्य पात्रका रूपमा रहेका छन् । कथानक अनुसार पात्रहरूको प्रयोग गरिएको छ ।

**(३) परिवेश**

अलौकिक चरा लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथा हो । यो कथाको परिवेश उकाली, ओराली, कपास खेती, चराले खानु जस्ता प्रसङ्बाट ग्रामीण परिवेश रहेको पाइन्छ । यस कथामा बुढाबुढीले गरेको कपास खेती चरोबाट जोगाउन नसक्दा आफ्नो मेहनत खेर जाँदा विरक्तिएर आँट हौसला हराएको परिवेश देखाइएको छ ।

## (४) उद्देश्य

अलौकिक चरा कथाको मुल उद्देश्य लोकलाई मनोरञ्जन प्रदान गराउनु हो । चरा, किरा, फट्याङ्ग्रा बाँदरले बालीको नोक्सान गर्दा किसानहरू मारमा परेको केही गर्दा पनि उनीहरूबाट बालीनाली बचाउन नसकिएको यथार्थ घटनालाई काल्पनिक पात्र चराको रूपमा उल्लेख गरिएको छ ।

## (५) भाषाशैली

अलौकिक चरा कथाको भाषाशैली सरल, सहज, सबैले बुझ्ने खालको रोचक कथ्य भाषाको प्रयोग गरिएको छ । यो लोककथा ग्रामीण परिवेश भएकाले ग्रामीण जनजीवनलाई झल्काउने खालको भाषागत विशेषता पाइन्छ । जस्तै सक्केओ, खुट्टै, भागेच, चाट्यो आदि ।

## (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् ।  चराले मान्छेलाई नटेर्ने, मान्छेसँग बोल्ने, काटेर खाँदा पनि नमर्नु, किसान बुढाबुढीलाई दुःख दिनु जस्ता सन्दर्भले चातुर्यपूर्णचरामा दैवी अभिप्राय पाइन्छ । चरो काटेर खानु, खाएर पनि पेटमा समेत बोल्नु, छिमेकी बोलाएर दिशा गर्दा चरालाई भाग्न नदिइ मार्ने सोच बनाउँदा उल्टै बुढाको चाक काटिनुले चमत्कार विषयक अभिप्रायलाई जनाएको छ । वरिपरी पहरा हालेर चरो काट्ने भनेर वस्दा सबै व्यक्तिलाई झुक्काएर भाग्न सफल हुनु, रुखमा बसेर उल्टो किसानलाई जिस्काउनुले चराको चतुऱ्याई विषयक अभिप्रायलाई जनाएको छ ।

निष्कर्षतः अलौकिक चराको कथा बुढा र बुढी मुख्य पात्र हुन् भने चरो सहयोगी पात्र हो । यो कथा ग्रामीण परिवेशमा एउटा किसानको कहाली लाग्दो घटनालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस कथाको मुख्य उद्देश्य किसानले चराचुरुङ्गी, बाँनर, पशुपंछीबाट खेतीपाती जोगाउन गरेको पहल र असफल अवस्थाको चित्रणलाई देखाउनु रहेको छ । पशुपंछी चराचुरुङ्गीबाट बालीनाली जोगाउन नसक्दा वर्षभरिको लगानी मेहनत खेर गएको देखाइएको छ । सरल, सहज, रोचक, कथ्य भाषाको प्रयोग गरिएको छ ।

### ४.३.२ मसान लोककथाको विश्लेषण

मसान लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ५० वर्षीय महिला बन्दना पौडेलले सङ्कलन तथा वाचन गरेकी थिइन् । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

**(१) कथानक**

प्रस्तुत लोककथाको प्रारम्भ मसानले पहिलाका हाम्रा पुर्खाहरूले घिउ मागरे दुःख दिएको घटनाबाट भएको छ । कथामा घनश्यामको छोराको बिहे गरेको खेतमा मसान खेताला भएको, खेतमा अर्नी लिएर घनश्यामकी बुहारी गएको, घनश्यामकी बुहारी मसानले कसरी खाँदा रहेछन् भनी फर्केर हेर्दा मृत्यु भएको घटना यस कथाको मध्य वा विस्तारको अवस्था हो । मसानले गाउँलेकोमा हातखुट्टामा लगाउन घिउ माग्न जानु, गाउँलेले खोटो लगाइ आगोमा तताउन लाउनु, मसान आगोले जली चिच्याउनु, मसानलाई रहमा हाम फाल्न गाउँलेले सिकाउनु र मसान नदेखिनु वा विलय हुनु जस्ता घटना कथाको अन्त्य अवस्था हो । प्रस्तुत लोक कथामा मसानले गाउँलेलाई दुःख दिनु र नबुभ्दा ज्यानैसम्म गुमाउनुपर्ने अवस्थाको चित्रण गरिएको छ । यो कथा ऐतिहासिक, काल्पनिक घटनामा आधारित छ । प्रस्तुत कथामा मसान घनश्याम साहु, घनश्याम साहुकी कान्छी बुहारी, गाउँले जस्ता पात्रको माध्यमबाट कथालाई रोकता र कौतुहलतापूर्ण तुल्याएको छ । सबै गाउँलेले त्यस गाउँको भलाइका लागि मिलेर गऱ्यो भने जस्तोसुकै समस्याको समाधान गर्न सकिन्छ भन्ने पाठ यस लोककथाले सिकाउन खोजेको छ ।

**(२) पात्र**

प्रस्तुत लोककथामा मसान, घनश्याम साहु, घनश्यामको कान्छो छोरा, कान्छी बुहारी, गाउँलेहरू, घनश्यामकी बुढी जस्ता पात्रहरू रहेका छन् । घनश्याम, घनश्यामकी बुढी, कान्छो छोरा मुख्य पात्र हुन् भने घनश्यामकी कान्छी बुहारी, मसान सहायक पात्र हुन् । गौण पात्रका रूपमा गाउँलेहरू रहेका छन् । यस कथामा घनश्याम अनुकूल पात्र हो । घनश्यामकी कान्छी बुहारी प्रतिकूल पात्र हो । यो लोककथा तृतीय पुरुष ढाँचामा रचित छ । आफ्नो बुद्धिका कारण वा कमजोरीका कारण ज्यान गुमाउनु पर्दछ र आफ्नो अस्तित्त्व

बचाउन सकिदैन भन्ने सन्देश दिएको छ । प्रस्तुत कथामा मानवीय र मानवेत्तर पात्रहरूको प्रयोग गरिएको छ । समाजमा परेका कठिनाइहरू सबै मिलेर समाधान गर्नुपर्दछ । समाजमा मिलेर बस्नुपर्दछ । प्रस्तुत लोककथाको माध्यमबाट मानिसमा मनोरञ्जन प्रदान गर्दै समाजिक सर-सहयोगको शिक्षा प्रदान गर्नु हो । प्रस्तुत कथाका पात्रहरू विषयवस्तु अनुकूल रहेका छन् । यी पात्रहरूको प्रयोगले कथालाई रोचकता, मनोरञ्जनात्मकता, कौतुहलता प्रदान गरी कथालाई यथार्थको भाव पैदा गरेको छ ।

### (३) परिवेश

यो कथाका पात्र, खेतीपाती गर्ने स्थान, अर्नी, खेताला, घनश्याम साहु जस्ता विषयको प्रसङ्गले ग्रामीण परिवेश भएको प्रमाणित हुन्छ । यस कथामा अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने काभ्रे क्षेत्रमा प्रचलित परिवेश रहेको छ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य कुनै पनि काम गर्दा सोच विचार गरेर गर्नुपर्दछ । आफू भन्दा ठूलाले नगर्नु भनेको काम गर्नुहुँदैन । जसले जे भन्यो त्यो मान्नुहुँदैन भन्ने कुरा मसानको अस्तित्त्व शुन्य हुन पुगेको अवस्थाबाट देखाउन खोजिएको छ । प्रस्तुत लोककथाबाट मान्छेलाई समयअनुसार परिवर्तन हुन सिकाउनु र कथाको माध्यमबाट मनोरञ्जन पैदा गर्नु रहेको छ ।

### (५) भाषाशैली

प्रस्तुत लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथ्य भाषाको प्रयोग गरिएको छ । यो कथामा स्थानीयपन झल्केको पाइन्छ । जस्तै अर्नी, खेताला, देर, थे, गाउँले, खोटो, आगो दल्नु, रअ आदि । यस लोककथालाई स्थानीय कथ्य भाषाले कथालाई सरल, सहज, बोधगम्य, मनोरञ्जनात्मक तुल्याएको छ । वर्णनात्मक शैली यस कथामा अपनाइएको छ ।

(६) **अभिप्राय**

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । मसानले मान्छेको घरमा आई गर्दिनु, काम गरेवापत खानेकुरा खुवाउनुपर्ने जस्ता प्रसङ्गले बुद्धिमानी विषयक अभिप्रायलाई बुझाएको छ । काम गरेर राति खुट्टामा लगाउन घिउ मागेर सताउनु, खानेकुरा खाएको कसैले हेरे खानेकुरासँगै मान्छेलाईसमेत खानुले राक्षसी विषयक अभिप्रायलाई बुझाएको छ । मसनलाई घिउ भनी सल्लाको खोटो दिनु , खोटो शरीरमा चप्किदा कसरी पग्लन्छ भनेर मान्छेसँग सोध्न जानु, मान्छेले सलाई कोरेर खोटो पगाल्न लगाउनु, मसानको शरीरमा आगो लाग्नु, मसान चिच्च्याउँदा पानीमा डुब्न लगाउनु, मसान हराउनुले मानव बुद्धिमानी विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः प्रस्तुत लोककथा काल्पनिक ऐतिहासिक घटनामा आधारित कथा हो । यस कथाम कथानक अनुसारका पात्रहरूको प्रयोग भएको छ । यस कथामा आफ्नै बुद्धिले गर्दा मृत्युसम्म वरण गर्नुपर्दछ । सोचसमझ गरेर मात्र कुनै काम गर्न अघि बढ्नुपर्दछ भन्ने सन्देश मसान र घनश्यामकी कान्छी बुहारी जस्ता पात्रका माध्यमबाट देखाइएको छ । यो कथा ग्रामीण परिवेशको धनाढ्य परिवार अन्तर्गत रहेर रचित कथा हो । यो कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा रचित छ । यो लोककथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरी रचना गरिएको छ । यस लोककथाको कथानक अनुसारका पात्रहरूको प्रयोग गरिएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक, मनोरञ्जनात्मक बन्न पुगेको छ ।

## ४.३.३ लामकाने लोककथाको विश्लेषण

लामाकाने लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ४६ वर्षीय महिला माया पौडेलले सङ्कलन तथा वाचन गरेकी थिइन् । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

(१) **कथानक**

लामाकानेको कथा काल्पनिक लोककथा हो । यो कथा अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने काभ्रे क्षेत्रमा प्रचलित लोककथा हो । यस कथामा लामाकाने र

छोटाकानेबिचको विभेदलाई देखाउन खोजेको छ । एक अर्कामा भएका विविधताको सम्मान गर्न नस्कदा त्यसले निम्त्याएको विकराल अवस्थालाई देखाइएको छ । छोटाकाने र लामाकानेबिच शत्रुता हुनु, एकले अर्कालाई देख्न नसक्नु, छोटाकाने र लामाकानेको बसोबास फरक फरक क्षेत्रमा हुनु, एउटाको देशबाट अर्काकोमा जान जोखिम हुनु जस्ता कुरालाई देखाइएको छ । प्रस्तुत कथामा लामाकानेको देशमा छोटाकानेहरू आफ्नो जीवन जोखिममा पर्ने डरले जाँदैनथे । एक दिन भुलचुकले छोटाकाने यात्रा गर्ने क्रममा लामाकानेको देशमा पुगेको प्रसङ्गबाट कथानकको प्रारम्भ भएको मानिन्छ । यस कथामा छोटाकानेले लामाकानेको देशमा पुगेको जानकारी हुनु आफ्नो ज्यान जोगाउनको लागि वन जङ्गलको बाटो रोज्नुपरेको प्रसङ्गबाट कथानकको विस्तार भएको छ । छोटाकानेले लामाकानेबाट बचेर आफ्नो राज्मा पुगेपछि कथाको अन्त्य भएको छ । यसरी प्रस्तुत कथा आदि, मध्य र अन्त्य शृङ्खला मिलेको काल्पनिक कथा हो ।

### (२) **पात्र**

यस कथामा मानवीय पात्रको प्रयोग गरिएको छ । यस कथाको मुख्य पात्र छोटाकाने हो भने सहायक पात्रका रूपमा छोटाकानेका साथीहरू र गौण पात्रका रूपमा लामाकाने रहेका छन् । यस कथामा छोटाकानेले बाटो बिराइ लामाकानेको राज्यमा पुग्दा आफूले बाँच्नका लागि गरेको सङ्घर्ष र पाएको दुःखलाई देखाइएको छ । कुनै पनि राज्यले अर्को राज्यमा जान, एक व्यक्तिले अर्को व्यक्ति, जातिको सम्मान गर्न नसक्दा निम्त्याएको बेचैन विकराल अवस्थालाई यी पात्रका माध्यमबाट देखाउन खोजेको छ । यस कथामा मुख्य, सहायक, गौण प्रकृतिका पात्र रहेका छन् । ती पात्रहरू प्रतिकूल, अनुकूल, मुक्त, गौण आदि प्रकारका रहेका छन् ।

### (३) **परिवेश**

यो कथा ग्रामीण परिवेशमा रहेर रचना गरिएको कथा हो । यस कथाका पात्रहरूबिचको विभेद, वनजङ्गल, जनचेतनाको अभाव, परम्परागत मान्यतालाई मान्यता दिनु जस्ता विषयवस्तुले ग्रामीण परिवेशलाई इंगित गर्दछ । त्यसैले ग्रामीण परिवेशको कथा हो भन्न सकिन्छ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथामा छोटाकानेलाई लामाकानेको देशमा जानु हुँदैन अन्जानवश पुगियो भने लामाकानेले काटेर खान्छन् भन्ने जानकारी हुँदाहुँदै अन्जानवश पुग्नु र आफू बाँच्नका लागि जङ्गलको बाटो भएर रातारात हिड्नु परेको डर त्रासमय अवस्थालाई देखाइ एक जात र अर्को जातको बिचको सम्मान नहुनु, एक देशले अर्को देशका नागरिकलाई देख्न नसक्दा व्यक्तिको मानसिक रूपमा विचलित हुनु, बाँच्नकै लागि सङ्घर्ष गर्नु पर्ने जस्ता कुरालाई देखाउनु यसको प्रमुख उद्देश्य हो । बाटो नदेखि कुन ठाउँ कहाँ पर्छ थाहा नभइ हिड्दा, एकले अर्काको दुःख बुझ्न, सम्मान गर्न नसक्दा व्यक्तिले भोग्नुपर्ने समस्यालाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### (५) भाषाशैली

लामाकानेको कथा स्थानीय क्षेत्रमा रचना गरिएको सरल, सहज र बोधगम्य रहेको छ । यसमा उखानटुक्काविहीन भाषाशैली प्रयोग गरिएको छ । यो कथा अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने काभ्रे क्षेत्रमा प्रचलित कथा हो । कथ्य भाषाको प्रयोगले कथालाई रोचक मनोरञ्जनात्मक बनाएको छ । बसेचन्, च्यापेच, आत्तेर, आलकाल, झुक्याउने जस्ता कथ्य भाषाको प्रयोग भएका छन् ।

### (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । लामाकानेले छोटाकानेलाई देख्दा, भेट्दा मार्ने, एकले अर्कोलाई देखी नसहने जस्ता प्रसङ्गले दैत्य विषयक अभिप्रायलाई बुझाएको छ । लामकाने र छोटाकाने एकअर्का मिलेर नबस्ने , झगडा गर्ने, काटमार गर्ने जस्ता प्रसङ्गले पात्र विषयक अभिप्रायलाई बुझाएको छ । छोटाकानेले लामाकानेलाई नचिन्नु,अन्जानमा त्यो देशमा पुग्नु, आफ्नो जीवनको रक्षा गर्न सङ्घर्ष गर्नु, जस्ता प्रसङ्गले अप्राकृतिक क्रूरता विषयक अभिप्रायलाई बुझाएको छ । एक देश र अर्को देश एक जाती र अर्को जाती बिच बेमेल हुनु जस्ता प्रसङ्गले पात्र विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः यो कथाको ग्रामीण परिवेशलाई लिएर कथानक तयार गरिएको छ । यस कथामा जातीय विविधता, एकले अर्काको सम्मान गर्न नसक्दा मिलेर बस्ने वातावरण नभइ एक अर्काबिच द्वन्द्व सिर्जना हुने यथार्थ विषयलाई देखाइएको छ । एक अर्काको सम्मान गर्न नसक्दा समाज, व्यक्ति राष्ट्रमै द्वन्द्व  निम्त्याउँछ । त्यसैले सबै जातजाति एक देश र अर्को देशबिच मेलमिलाप हुनुपर्दछ भन्ने सन्देश दिएको छ ।

### ४.३.४ गरीब बुढाबुढी लोककथाको विश्लेषण

गरीब बुढाबुढी लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ४० वर्षीय महिला दीपा पौडेलले सङ्कलन तथा वाचन गरेकी थिइन् । यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

**(१) कथानक**

प्रस्तुत कथामा घरमा गरिबीका कारण बुढाबुढीले खाना खान नपाइ कष्टप्रद जीवन बिताएका छन् भने घरमा कसेर लाउने क्रममा बुढीले मासको दाना र बुढाले काम खोज्न हिडेको बेला घर बाहिर चामलको दाना भेटाउँदा खुसीले सीमा नाघेको कुरा उल्लेख गरिएको छ । बुढाबुढीलाई खिचडी खान मन लागेको तर खिचडी खाने पैसा नभएको र पात टिपी टपरीमा खाने सल्लाह गरी बुढाले खिचडी पकाउने बुढी पात टिप्न जाने काम गरेको कुरा उल्लेख भएको छ । पात टिप्न जङ्गल जाँदा बाघ भेटिएको, खिचडी खाने लोभमा बाघले पात टिप्न सहयोग गरेको छ । यस कथामा कथाको प्रारम्भ खाना खाने कुरा प्राप्त गर्नका लागि काम खोज्न हिड्ने कार्यबाट भएको छ । खिचडी खानको लागि पात टिप्न जानु, बाघसँग भेट हुनु, बाघले आफूलाई पनि खिचडी खुवाउनुपर्ने वाचा गराउनु, बुढीले पनि आफू बाँच्नका लागि वाचा गर्नु जस्ता प्रसङ्गबाट कथानकको विस्तार भएको छ । खिचडी पाक्नु, टपरी खुटेर खानु, खिचडी खाँदाखाँदै बुढाबुढी नअघाइ बाघलाई नपुग्नु, बाघले मार्छ भन्ने डरले टपरीमा दीशा गरी राख्दिनु, बाघ खीचडी खान बुढाबुढीको घरमा आइपुग्नु, बुढाबुढीलाई नदेख्नु, रिसले चुर हुनु, खिचडी भनी दीशा खान खोज्दा दिसाको गन्धले थाहा पाइ बुढाबुढीलाई मार्न खोज्नु, बुढाबुढीको पादलाई बन्दुकको आवाज सम्झेर भाग्नु, जस्ता प्रसङ्गबाट कथानकको अन्त्य भएको छ । कथामा लोभमा पर्नुहुँदैन, दुःखले

मान्छेलाई मिहिनेत गर्न सिकाउँछ । आफ्नो जीवन वचाउनका लागि मानवले अनेक उपाय अपनाउनुपर्छ भन्ने कुरा लोककथामा व्यक्त भएको छ । कथानक रोचक र प्रस्तुती कौतुहलपूर्ण छ ।

### (२) पात्र

प्रस्तुत कथामा मानवीय र अमानवीय पात्रहरूलाई सहभागी गराइएको छ । यस कथामा बुढा,बुढी, बाघ तीन पात्र रहेका छन् । यस कथामा बुढा र बुढी मुख्य मानवीय पात्र हुन् भने बाघ अमानवीय सहायक पात्र हो । यस कथामा गौण पात्रको प्रयोग गरिएको छैन । यस कथामा बुढा र बुढी समय अनुसार परिवर्तन भएकोले गतिशील पात्रको रूपमा पनि लिन सकिन्छ । बाघ लोभी निर्दयी पात्रको रूपमा देखाइएको छ । उल्लेखित पात्रको माध्यमबाट कथालाई अघि बढ्न सहयोग पुगेको छ । कथानकलाई रोचक र कौतुहलता प्रदान गरेको छ ।

### (३) परिवेश

प्रस्तुत लोककथा ग्रामीण परिवेशमा रचित घटनामा आधारित कथा हो । बुढा र बुढी बिचको मेलमिलाप, सङ्घर्ष, साहस, एक अर्काबिचको विश्वासलाई देखाइएको छ । कथामा जस्तोसुकै दुःख पर्दा पनि बुढाले बुढीको र बुढीले बुढाको साथ नछोडेको, जस्तोसुकै परिस्थितीलाई पनि सामान्य तरिकाले लिएर जीवन गुजारा गरेको देखाइएको छ । बाघ जस्तो पात्रलाई समावेस गरेर लोभले व्यक्तिलाई कुबाटोमा हिड्न सिकाउँछ । अरूको लोभ गर्नु हुँदैन, आफ्ना लागि आफै सङ्घर्ष गर्नुपर्दछ भन्ने कुराको बोध गराएको छ । लोककथामा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित भाषिकाको प्रयोग भएको छ । यी सवै परिवेशले प्रस्तुत लोककथालाई विकास र विस्तारको स्थितिमा पुर्‍याएको छ ।

### (४) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु र मनोरञ्जन पैदा गर्नु रहेको छ । यस कथाका पात्र आफ्ना आधारभुत आवश्यकता पुरा गर्न नसकी बढो दुःखमय, संघर्षमय जीवन व्यतित गर्न बाध्य गरिएको छ । सबै मानिसमा दुःख सुख आउँछ, दुःख पर्दैमा आत्तिने र सुख पर्दैमा मात्तिनु हुँदैन । जीवनमा आइपर्ने जस्तोसुकै बाधा अड्चनलाई सहज रूपमा

स्वीकार गर्न सक्नुपर्दछ । जहाँ समस्या छ त्यहाँ समस्याको उपाय पनि हुन्छ भन्ने कुरा बाघ पात्रको आक्रमणबाट बचेको प्रसङ्गबाट देखाइएको छ । आफू बाँच्नका लागि कहिलेकाहीँ झुटो बोल्नु पनि पर्नसक्छ । जस्तोसुकै दुःख कष्ट आइपरे पनि मानिसले सजगता अपनाएर आफ्नो जीवन हाँसी खुसी गुजारा गर्नुपर्दछ भन्ने सन्देश दिनु यस कथाको मुख्य उद्देश्य हो ।

### (५) भाषाशैली

प्रस्तुत कथामा सरल, सहज, र बोधगम्य भाषाशैलीमा प्रयोग गरी रचना गरिएको छ । यो कथा स्थानीय परिवेशमा रचिएकाले स्थानीय भाषिकाको प्रयोग भएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक तुल्याएको छ । यो कथा वर्णनात्मक शैलीमा रचना गरिएको छ । यस कथा सरल, सहज, बोधगम्य रहेको छ । कथाको कुनै-कुनै भागमा अपाच्य भाषिकाको प्रयोग गरिए तापनि नकरात्मक प्रभाव पार्दैन ।

### (६) अभिप्राय

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् ।  पेटभरी खान नपाउनुले गरिब समाज बिषयक अभिप्रायलाई जनाएको छ । खिचडी खान मन लाग्नु, कामको खोजिमा बाहिर निस्कन लाग्दा बुढाले चामलको दाना भेट्नु, बुढीले दाल भेटाउनु जस्ता प्रसङ्गले अवसर विषयक अभिप्रायलाई जनाएको छ । घरमा खिचडी खाने भाँडा नहुनु, बुढी पात टिप्न हिड्नु, बाटोमा बाघ भेटिनु, बाघले आफूलाई खिचडी दिने भए पात टिप्न सहयोग गर्ने कुरा गर्नुले चातुर्यपूर्ण विषयक अभिप्रायलाई बुझाएको छ । बाघलाई खिचडी नपुग्नु, बाघले मार्छ भन्ने डरले टपरिमा दिसा राख्दिनु, बाघले थाहा पाए मार्छ भन्ने डरले लुक्नु, बाघ निस्केपछि मात्र बाहिर निस्किनुले चातुर्यपूर्ण विषयक अभिप्रायलाई जनाएको छ । बाघलाई खिचडी राख्दिन्छु भनेर नराख्नु चातुर्यपूर्ण विषयक अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षतः प्रस्तुत लोककथा गरिबीले व्यक्तिको मनमा उब्जाएको विछिप्तता, मानवीय रोदन, खाना खान नसकी भोकै बस्नुपर्ने बाध्यता जस्ता सन्दर्भलाई सुक्ष्म ढङ्गले देखाउन खोजिएको छ । चामलको दाना र दाल भेटाएर खिचडी खान पाउँदा मनमा उल्लास छाउनु, बाघलाई खिचडी दिन नपाउँदा बाध्य भएर टपरीमा दीशा राख्दिनु, बाघले मार्छ भन्ने डरले बाघ नजाउन्जेल लुकेर बस्नु, जस्ता बाध्यात्मक परिस्थितीलाई सुक्ष्म ढङ्गले उल्लेख गरिएको छ । दुःख सुखमा बुढाबुढीको प्रेम मेलमिलाप, सहयोग, सङ्घर्ष जस्ता

सकारात्मक विषयलाई समावेश गरिएको छ । लोभलालच र इर्ष्या गर्नु हुँदैन, जस्तो सुकै दु:ख, आपत्ति आइपरे पनि मिलेर समस्याको समाधान निकाल्नु पर्दछ भन्ने सन्देश दिएको छ । गरिबीले व्यक्तिलाई आन्तरिक बाह्य रूपमा द्वन्द्व सृजना गर्दछ । यस कथामा कथ्य भाषाको प्रयोग गरिएको छ । कथा सरल, सहज, मनमोहक रहेको छ । यो कथा ग्रामीण परिवेशमा रचना गरिएको सामाजिक यथार्थवादी कथा हो । गरीब बुढाबुढी शीर्षक हाम्रो समाजमा रहेको एक छाक पेटभरी खान सकुनले नपाउने पारिवारिक अवस्थाको चित्रण गरिएको छ भने अर्कोतिर प्रतिकात्मक अर्थमा आफूलाई खिचडी पेटभरी खान नपुगेको, बाघलाई पनि राख्दिनु पर्ने बाध्यता देखाइएको छ । आफ्नो जीवनको रक्षा गर्नका लागि झुट बोल्नुपर्ने र छलकपट पनि जान्नुपर्दछ भन्ने कुरा बाघको माध्यमबाट देखाइएको छ । कुनै निर्णय लिनभन्दा अगाडि सोचबिचार गरेर लिनुपर्दछ र समय, परिस्थिति अनुसार चनाखो हुन पनि सक्नुपर्दछ नभए जुनसुकै बेला शत्रुबाट आक्रमक हुन सकिन्छ ।

### ४.३.५ घोडाको फुल लोककथाको विश्लेषण

घोडाको फुल लोककथा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोकथा हो । यो लोककथा अर्घाखाँची जिल्ला निवासी ५६ वर्षीय महिला मनकला पौडेलले सङ्कलन तथा वाचन गरेकी थिइन् यस लोककथाका मुख्य विधातात्त्विक तत्त्वहरू कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली अभिप्रायमा आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

#### (१) कथानक

प्रस्तुत कथा सामाजिक लोककथा हो । यो कथा अर्घाखाँची जिल्ला छत्रदेव दुईमा प्रचलित स्थानीय लोककथा हो । यस कथामा मानिसको सोझोपनले आफू लगायत आफ्नो घरपरिवारले समेत दु:ख पाउँछ । सोचसमझ नगरी नजानी कुनै काममा हात हाल्नु हुँदैन । अन्जानमा गरेको कामको प्रतिफल राम्रो हुँदैन । व्यक्तिलाई नैराश्यता सृजना गर्दछ । जानेका मान्छे, व्यापारीले नजानेका सोझासिदा जनतालाई कसरी ठग्दछ, बुढी जागिरे र बुढा घरमा बस्ने भएपछि बुढीले बुढोलाई कसरी हेप्दछन्, भन्ने कुरालाई दुईजना पात्रको माध्यमबाट देखाउन खोजेको छ । कथाको सुरुवात दुईजना बुढाबुढीको सामान्य परिवारको घरको पारिवारिक सङ्घर्षको प्रसङ्गबाट कथानकको प्रारम्भ भएको छ । यस कथामा बुढी टाठी बाठी भएकाले जागिर गर्ने घरबाहिर हिड्ने गर्थिन् भने बुढो निकै सोझो भएकोले

घरमै बसी खाना पकाउने डिँगाबाच्छाको हेरविचार गर्नु कथाको विकासको अवस्था हो । खाना पकाउने क्रममा बुढीलाई बुढाले पकाएको तरकारी मन नपर्नु, मीठो तरकारी किनेर बाहिर हिड्नेले ल्याउनुपर्ने, बुढालाई नै तरकारी किन्न बजार पठाउनु, सबै तरकारी महङ्गो हुँदा तरकारी केही नआउनु, सबै तरकारी बुढोले नचिन्नु, पसलेले कुभिन्डोलाई घोडाको फुल भनी बेच्नु, घोडाको फुल तातो पारी राखे फुलबाट घोडा निस्कने आश्वासन व्यापारीले दिनु, त्यही मुताविक बुढोले तातो पारेर राख्नु, बुढो न्वाउन जाँदा कुभिन्डो रुखबाट खसेर फुट्नु, दैवसंयोग त्यही बाटो हुँदै खरायो भाग्नु, खरायोलाई घोडाको बछेडो सम्झनु, अन्त्यमा कुभिन्डो हो भन्ने चिन्नु नै कथाको अन्त्यको अवस्था हो । यसरी कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिले सामाजिक लोककथा हो ।

### (२) पात्र

यस कथामा मानवीय र मानवेत्तर पात्रको प्रयोग गरिएको छ । मानवीय पात्रको रूपमा बुढा, बुढी, व्यापारी र छिमेकीलाई लिन सकिन्छ भने अमानवीय प्रतिकका रूपमा कुभिन्डो, खरायो आदिलाई लिन सकिन्छ । बुढो र बुढी कथाको सुरुदेखि अन्त्यसम्म रहेका छन् । बुढो अशिक्षित पात्रका रूपमा देखाइएको छ भने बुढीलाई शिक्षित पात्रका रूपमा प्रस्तुत गरिएको छ । बुढो र बुढी यसकथाका मुख्य स्थिर पात्र हुन् । व्यापारी ठग गौण पात्र हो । अन्य छिमेकीहरू यस कथाका सहयोगी पात्र हुन् । अमानवीय पात्र घोडा र खरायोलाई प्रतिकका रूपमा कथामा प्रस्तुत गरिएको छ । समाजमा घट्न सक्ने सम्भावित घटनालाई कथाको विषयवस्तु बनाइ विषयवस्तु वा घटना अनुसारका पात्रको चयन गरिएको छ । घटना अनुसार पात्रले आफ्नो भूमिका राम्रोसँग निभाइएको छ । यस कथाले मनोरञ्जन पैदा गर्नुका साथै सोझोपनको फाइदा व्यक्तिले कसरी उठाउँछ भन्ने देखाएको छ । यस कथामा मुख्य सहायक, गौण, प्रतिकूल, अनुकूल, बुद्ध, मुक्त आदि प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । विषयवस्तु अनुसार पात्रहरू रहेका छन् । यस कथामा पात्रहरूले मनोरञ्जन, कौतुहलता, कथालाई विकास, विस्तार र अन्त्यसम्म पर्‍याउने कार्य गरेका छन् ।

### (३) परिवेश

यो कथा ग्रामीण परिवेशमा आधारित कथा हो । यस कथामा बाटो घाटोको सुविधा नहुनु, जनचेतनाको कमी, घोडाले फुल पार्छ र बच्चा कोरल्छ भन्ने विश्वास, धनी बन्ने

आशा आदि कुराले ग्रामीण परिवेशलाई उद्धृत गरेको छ । यस कथामा अर्घाखाँचीको छत्रदेव दुईको परिवेशलाई उल्लेख गरेको छ । यो कथा प्राचीन समयको ग्रामीण परिवेशमा आधारित रही न्यून वर्गको चित्रण गरिएको कथा हो ।

**(४) उद्देश्य**

प्रस्तुत लोककथामा बुढा र बुढी दुईजनाको परिवारमा बुढी बुढाभन्दा टाठीबाठी पढेलेखेकी जागिरे, बुढाले घरको काम गर्ने, बुढीले बाहिरको काम गरी आर्थिक व्यवहार मिलाउने, बुढो घरभित्रै बस्दा बाहिरको कुनै कुरा नजान्नु, व्यापारीले ठग्नु जस्ता विषयलाई देखाउनु यसको प्रमुख उद्देश्य हो । सबै कुराको जान्नलाई चाँसो देखाउनुपर्ने अर्काको सबै कुरा विश्वास नगर्ने, सोझालाई हेप्न नहुने, सत्यकुरा बोल्नुपर्ने जस्ता अवस्थालाई देखाउनु यसको थप उद्देश्य रहेको छ ।

**(५) भाषाशैली**

घोडाको फुल लोककथा स्थानीय ग्रामीण परिवेशमा रचिएको लोकप्रिय कथा हो । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक बनाएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथा सरल, सहज र बोधगम्य बनाएको छ । तिम्लाई, भनेच, लएर, चिथर्‍यो जस्ता भाषाको प्रयोग भएको छ ।

**(६) अभिप्राय**

प्रस्तुत लोककथामा निम्न लिखित अभिप्राय आएका छन् । कुभिन्डोलाई घोडाको फुल ठानेर घोडाको बच्चा हुने र धनी हुने, सुख पाउने आशाले निराशामा परिणत भएको जस्ता प्रसङ्गले हास्य विषयक अभिप्रायलाई बुझाएको छ । बुढी पढेलेखेकी जागिर गर्ने, बुढोले घरको काम गर्ने, बाहिर केही जानकारी नहुनु, बुढी शिक्षित र बुढो अशिक्षित हुनु जस्ता प्रसङ्गले समाज विषयक अभिप्रायलाई बुझाएको छ । बुढो घरमै बस्नु, बाहिरको आर्थिक कारोवार नजान्नु, व्यपारीले ठग्नु जस्ता प्रसङ्गले समाज विषयक अभिप्रायलाई बुझाएको छ । महिलाले नै सबै घरको आर्थिक कारोबार सम्हालेको प्रसङ्गले महिला प्रधान समाजको अभिप्रायलाई बुझाएको छ ।

निष्कर्षत :यो कथाको ग्रामीण परिवेशलाई लिएर कथानक तयार पारिएको छ । यस कथाका मुख्य पात्र बुढा र बुढी हुन् । यसको उद्देश्य हाम्रो समाजमा अशिक्षा र जनचेतनाले गर्दा मान्छेले बिनाकारण शास्ती भोग्नुपर्छ भन्ने यथार्थ विषयलाई देखाउनु रहेको छ । नबुझी अर्काको कुराको विश्वास गर्नुहुँदैन । सोझो व्यक्तिलाई झुट बोल्दा, जिस्किदा पनि साँचो सम्झन्छ । त्यसकारण सोझालाई साँचो बोल्नुपर्दछ भन्ने सन्देश दिन खोजेको छ । कथाको विषयवस्तु अनुसार पात्रको तालमेल मिलेको सरल स्थानीय कथ्य भाषाको प्रयोग गरिएको लोककथा हो ।

## ४.४ निष्कर्ष

लोककथा साहित्य विभिन्न विधाहरूमध्ये एक महत्त्वपूर्ण विधा हो । लोककथा मौखिक परम्पराबाट हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र एउटाले सुन्ने चलन भएकाले यस्ता कथालाई कथा पनि भनिन्छ । लोककथाहरू सुन्ने र सुनाउने परम्परामा आधारित रहेको थियो । लोककथाहरू समय र स्थान अनुसार फरक-फरक भएको पाउन सकिन्छ । त्यसकारण लोककथाको परिभाषा, बर्गीकरण पनि विभिन्न विद्वान अनुसार आ -आफ्नै तरिकाले गरेका छन् । विभिन्न विद्वानका वर्गीकरणहरूमध्ये सबैले मानेको उत्कृष्ट वर्गीकरणलाई आधार मानेर यहाँ अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित कथाहरूको सङ्कलन र वर्गीकरण गरिएको छ । अर्घाखाँची जिल्लामा सबै प्रकारका कथाहरू पाइन्छन् । यस क्षेत्रका लोककथाहरूले मनोरञ्जन प्रदान गर्नुकासाथै नैतिक शिक्षा प्रदान गरेका छन् ।

अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित १० ओटा लोककथाहरू गरिब बुढाबुढीको कथा, टुहुराको भाग्य कथा घोडाको फुल कथा, लामकानेको कथा, कुमालेको कथा, पापिनी बुढी कथा, अलौकिक चराको कथा, मसानको कथा, कोदे साउको कथा रहेका छन् । यी कथाहरूको विषयवस्तु सामाज भएकाले सामाजिक विश्वाश, ऐतिहासिक घटना, पौराणिक सन्दर्भ आदि विषयवस्तुका रूपमा आएका छन् । पात्रका रूपमा मानवीय र मानवेतर पात्र रहेका छन् । सामाजिक विषयवस्तुमा समाजमा घट्ने घट्न सक्ने सम्भावित घटनाहरू समावेश भएका छन् जस्तै घरपरिवारमा खान लाउनको दुःख, गरिबी, अभाव, समाजमा अपहेलना, मानवीय सङ्कट, बृद्ध अवस्थाको चित्रण, जातीय विभेद, राष्ट्रिय विभेद जस्ता कुराको चित्रण गरिएको छ । प्रस्तुत लोककथामा आएका पात्र कोही बलियो त कोही

दीव्यशक्ति भएका छन् भने कोही आर्थिक रूपमा निकै दयनीय अवस्था भएका पात्र छन् त कोही पात्र बुढीबाट पीडित छन् त कोही बुढाबाट पीडित रहेका छन् जे होस् कुनै न कुनै समस्या नभएका पात्रहरू नै छैनन् भन्दा नि हुन्छ । यी लोककथाहरूको परिबेश ग्रामीण र सहरीया दुबै रहेको पाइन्छ । यी लोककथाहरू लौकिक र अलौकिक दुबै प्रकृतिका रहेका छन् । समग्रमा कथाहरूले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, तथा देश काल परिस्थिति विश्लेष्य लोककथा परिवेशका रूपमा आएका छन् । यी माथि उल्लेखित १० कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । गौण उद्देश्य नैतिक शिक्षा दिनु र मानवीय गुणको विकास गर्नु हो । पात्रका बिचमा संवाद प्रक्रिया भएका छन् भने मानवेत्तर पात्रमा पनि मानवीय गुणको विकास गरी संवाद गराइएको छ । यसै गरी विश्लेष्य लोककथामा द्वन्द्वको प्रकृति आन्तरिक बाह्य गरी दुई प्रकारको देखिन्छ । मान्छे -मान्छेका बिच, पात्र र समाजका बिच, घरायसी वातावरणका बिच, मानवीय र मानवेतर पात्रका बिच तथा मान्छे र प्रकृतिका बिचमा आपसी द्वन्द्वको स्थिति सिर्जना भएका छन् । अभिप्रायका रूपमा मूलतः सामाजिक, पौराणिक, पशु विषयक, धोका विषयक, धर्म विषयक, मृतक विषयक, समाज सुधारक विषयक, सामाजिक रूपमा दयनीय विषयक, इज्जत, मान, प्रतिष्ठा विषयक, धर्म, संस्कृति, परम्परा विषयक अभिप्राय आएका छन् । लोककथाको तत्त्वगत विषयमा कथानक, पात्र,परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय जस्ता तत्त्वको विश्लेषण गरिएको छ । सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्र अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन, शोधपत्र पाँचौं परिच्छेद र परिशिष्ट खण्डमा संरचित छ । यो शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत शोधपरिचय, विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा शोधपत्रको औचित्य तथा महत्त्व, अध्ययनको सीमाङ्कन, शोध विधिमा सामाग्री सङ्कलन विधि, सामाग्री विश्लेषण विधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई विषय परिचयमा प्रस्ट पारिएको पूर्वकार्यका आधारमा समस्याकथन निर्धारण गरिएको छ । त्यसै गरी समस्या समाधानका लागि दुईओटा उद्देश्य निर्धारण गरिएको यहाँ अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको तत्त्वगत विश्लेषणका लागि लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश उद्देश्य, भाषाशैली, अभिप्राय, जस्ता विधातात्त्विक आधारमा शोधसमस्याको समाधान गरिएको छ । लोककथाको विधातात्त्विक अध्ययनको सन्दर्भ भएका कार्यहरूलाई पूर्वकार्यको रूपमा समावेश गरिएको छ ।अर्घाखाँची जिल्लाको काभ्रे क्षेत्रमा प्रशस्त लोककथाहरू पाइए तापनि हालसम्म त्यस क्षेत्रका लोककथाहरूको विधातात्त्विक अध्ययन अनुसन्धान भएको छैन । प्रस्तुत शोधपत्र अर्घाखाँची जिल्ला अन्तर्गत रहेको काभ्रे क्षेत्रलाई भौगोलिक शोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा अर्घाखाँची जिल्ला र अर्घाखाँची जिल्लामा पर्ने छत्रदेव गाउँपालिका र काभ्रे क्षेत्रको परिचय उल्लेख गरिएको छ । नेपालको पाँच विकास क्षेत्रहरू मध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने, लुम्विनी अञ्चलका ६ जिल्लाहरूमध्ये प्रदेश नं पाँचमा पर्ने एक जिल्ला हो । यो जिल्ला साहित्य प्रेमीहरूकालागि महत्त्वपूर्ण जिल्ला हो । यहाँ लोककगित, लोककथा, लोकगाथा, लोकनाटक, लोकोक्ति लगायतका थुप्रै विधामध्ये अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ । यो शोधपत्र तयार गर्न अर्घाखाँचीको छत्रदेव २ मा पर्ने काभ्रे क्षेत्रलाई लिइएको छ । शोधपत्र तयार गर्ने क्रममा युवा, बालबालकि र बृद्धहरूको घर

घरमा गई कथा वाचन गर्न लगाएर मोवाइलमा रेकर्ड गर्ने र कापीमा लेख्न लगाएर तयार पारिएको हो । यो शोधपत्र तयार गर्दा अर्घाखाँची जिल्लाको भौगोलिक अवस्थिति, हावापानी, भूक्षेत्र, राजनीतिक तथा प्रशासनिक विभाजन, धार्मिक पुरातात्त्विक तथा पर्यटकीयस्थलहरू, जातजाती, जनसङ्ख्याको जातीगत संरचना, भाषा, धर्म र संस्कृति, प्राकृतिक स्रोत साधन, जलस्रोत, जनसङ्ख्याको आकार तथा वितरण,उद्योग, व्यवसाय, आर्थिक गतिविधि, अर्घाखाँचीको राजनीतिक दलको विश्लेषण, अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने काभ्रे क्षेत्रको परिचयको उल्लेख गरिएको छ । अर्घाखाँचीको परिचय जिल्लाको नामकरण तथा ऐतिहासिक पृष्ठभूमि, भौगोलिक विभाजन, राजनीतिक एवम् प्रशासनिक विभाजन, पूर्वाधार निर्माणको अवस्था आदिका विषयमा सैद्धान्तिक पृष्टभूमी प्रस्तुत गरिएको छ । यो पृष्ठभूमी लेखनका लागि अर्घाखाँची वेबसाइडको विकिपिडिया छत्रदेव, विकिपिडिया र अर्घाखाँची राष्ट्रिय समाजद्वारा प्रकाशित पुस्तक अर्घाखाँची चक्षु पुस्तकलाई सहयोगका रूपमा लिइएको छ । अर्घाखाँची जिल्ला समग्रमा हेर्दा भाषा, साहित्यले भरिपूर्ण रहेको छ । यहाँ प्राकृतिक सुन्दरता, धर्म, सस्कृति, जातजाती, भेषभुषा, रहनसहन, भाषा सबैका विविधता पाउन सकिन्छ । बाटोघाटो, खानेपानी, विजुली, विध्यालय सबैको सुविधा रहेको पाइन्छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन शीर्षकमा दस लोककथाहरू सङ्कलन गरिएको छ । लोककथाहरूको सङ्कलन गर्न अर्घाखाँचीको काभ्रे क्षेत्रमा पुगी त्यहाँका युवा र बुढाबुढी, बालबालिकालाई भेटी कथा वाचन गर्न लगाइएको थियो । ती लोककथाहरूको सङ्कलन गरी वर्गीकरण गर्दा विषयवस्तुका आधारमा किंवदन्तीमूलक र सामाजिक लोककथा रहेको पाइन्छ । उद्देश्यका आधारमा मनोरञ्जनात्मक र नैतिक उपदेस दिने लोककथाहरू रहेका छन् । त्यस्तै शिल्पका आधारमा हेर्दा सङ्कलित लोककथाहरूमा पात्र प्रधान र घटना प्रधान कथाहरू देखिएका छन् ।

दस लोककथामध्ये पाँचओटा लोककथा सामाजिक र पाँचओटा किम्बदन्तीमूलक गरी वर्गीकरण गरिएको छ । सामाजिक लोककथा अन्तर्गत टुहुराको भाग्य, कोदे साउको कथा, कुमालेको कथा,राजा र प्रजाको कथा, पापिनी बुढी जस्ता कथा रहेका छन् भने किंवदन्तीमूलक लोककथाहरूमा अलौकिक चराको कथा, मसानको कथा, लामाकानेको कथा, गरिब बुढाबुढीको कथा, घोडाको फुल कथा रहेका छन् । यी लोककथाहरूको विषयवस्तु सामाज हो । सामाजिक विश्वास, ऐतिहासिक घटना आदि विषयवस्तुका रूपमा आएका छन् ।

लोककथाहरूमा मूलतः नेपाली सामाजिक रीतिस्थिती परम्पराका सामाजिक मूल्य मान्यता झल्कने खालका विषयवस्तुको प्रयोग भएको पाइन्छ । कथानकका रूपमा दस लोककथा समष्टीमा ग्रामिण भेगको जनजीवन, भाषा धर्मसंस्कृति, रीतिरीवाज मूल्यमान्यता, साथै लोककथासँग सम्बन्धित घटनाक्रमहरू मुख्य रूपमा आएका छन् । यी विषयवस्तुहरूले जीवन र जगतका आदिम विश्वासहरूलाई जगाउनुका साथै मनोरञ्जन पैदा गरेका छन् । यसका साथै लोककथाहरूमा ग्रामीण परिचय, त्यहाँको जनजीवन, याचना सरसहयोग जस्ता मानवीय प्रवृत्तिलाई पनि विषयवस्तुका रूपमा लोककथाहरूमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा पर्ने प्रचलित लोककथाहरूको विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सङ्कलित दस लोककथाहरूलाई सैद्धन्तिक आधारलाई सहयोगको रूपमा लिई विश्लेषण गरिएको छ । प्रस्तुत परिच्छेदमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित लोककथाहरूको विश्लेषण समाजिक र किंवदन्तीमूलक गरी विभाजन गरिएको छ । सङ्कलित लोककथाहरूको विश्लेषण अन्तर्गत कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय गरी विश्लेषण गरिको छ र सङ्कलित लोककथाहरूको नेपाली लोकसाहित्यको सैद्धान्तिक अध्ययन गरी त्यसैलाई आधार मानेर सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा समावेश भएका लोककथाहरूको विषयवस्तु सामाज हो । यहाँ सङ्कलित लोककथा सबै सामाजिक रहेका छन् तापनि यीनलाई सामाजिक रूपमा वर्गीकरण गरिएका कथाहरू टुहुराको भाग्य कथा, कोदेसाउको कथा,कुमालेको कथा, राजा र प्रजाको कथा, पापिनी बुढी कथा रहेका छन् । सामाजिक विषयवस्तुमा समाजमा घट्ने घट्न सक्ने सम्भावित घटनाहरू समावेश भएका छन् जस्तै घरपरिवारमा खान लाउनको दुःख, गरिबी, अभाव, समाजमा अपहेलना, मानवीय सङ्कट, बृद्ध अवस्थाको चित्रण, जातीय विभेद, राष्ट्रिय विभेद जस्ता कुराको चित्रण गरिएको छ । प्रस्तुत लोककथामा पात्रका रूपमा मानवीय र मानवेतर पात्र रहेका छन् । प्रस्तुत लोककथामा आएका पात्र कोही बलियो त कोही दीव्यशक्ति भएका छन् भने कोही आर्थिक रूपमा निकै दयनीय अवस्था भएका पात्र छन् त कोही पात्र बुढीबाट पीडित छन् त कोही बुढाबाट पीडित रहेका छन् जे होस् कुनै न कुनै समस्या नभएका पात्रहरू नै छैनन् भन्दा नि हुन्छ । यी लोककथाहरूको परिवेश ग्रामीण र सहरिया दुबै रहेको पाइन्छ ।

प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दस लोककथाहरू रहेका छन् । ती दस लोककथाहरूमध्ये पाँचओटा लोककथा किंवदन्तीमूलक लोककथा अन्तर्गत सामविष्ट छन् । सामाजिक, धार्मिक एवम् सांस्कृतिक लोककथा लोकजीवनका विभिन्न खाले परिघटना, संस्मरणात्मक व्यक्ति विभिन्न प्रकारका चाडपर्वको उत्पत्ति र प्रचलन हुनुका कारण, विविध खाले देवी-देवताका मठ-मन्दिर निर्माणका प्रसङ्गहरू, पूजापाठ गर्ने तौरतरिकाहरू मात्र नभई प्रचलित किंवदन्ती, जनश्रुति तथा आख्यायिकाहरूका कथालाई यसमा समेटिएको छ । त्यतिमात्र नभई विभिन्न कालखण्डमा देखा पर्ने वीर पुरुष इतिहासका घटनानाहरू पनि यसै अन्तर्गत समावेश गरिएको छ । यस्ता प्रकृतिका लोककथाहरूमा लोकका विश्वास, रुचि, कल्पना र समय अनुसार थपघट पनि गरिएको छ ।

प्रस्तुत शोधपत्रमा अर्घाखाँची जिल्लामा सङ्कलित लोकहथाहरू चतुऱ्याइँ  देखाउने, साहस तथा बहादुरीका लोककथाहरू प्रचलित रहेका छन् । अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित लोककथाहरूमा राजा र प्रजाको कथा, टुहुराको भाग्य लोककथा,अलौकिक चराको कथा, मसानको कथा, घोडाको फुल कथा, गरिब बुढाबुढीको कथा, चतुऱ्याइँ तथा बहादुरीका लोककथामा पर्दछन् । त्यसैले अर्घाखाँचीको काभ्रे क्षेत्रमा पनि यस्ता लोककथाहरू प्रचलित छन् । यस्ता लोककथाहरूमा जस्तोसुकै अप्ठ्यारो परिस्थिति आए तापनि मुख्य पात्र पछि नहटी समस्याको समाधान गरेको देखाइएको हुन्छ । यस्ता लोककथाहरूमा पात्रले आफ्नो ज्यानको समेत प्रवाह नगरी लक्ष्यमा पुग्न जस्तोसुकै समस्यालाई जोखिममा राखी निकै चतुरताकासाथ तथा वीरता प्रदर्शन गरेका छन् । उक्त लोककथाहरूमा उच्च खानदानका व्यक्ति, राजा, राजकुमार, मन्त्री, जस्ता व्यक्ति मुख्य पात्रका रूपमा रहेका छन् । यस्ता लोककथाहरूमा गर्न नसक्ने भन्ने काम नै हुँदैन । छलकपट गरेर मान्छेहरूलाई वशमा पार्न सफल भएका छन् ।

प्रस्तुत शाधेपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दस लोककथाहरू अलौकिक चराको कथा, मसानको कथा, लामाकानेको कथा, गरिब बुढाबुढीको कथा, घोडाको फुल कथा, लोककथा किंवदन्तीमूलक लोककथाको वर्गमा परेका छन् । यथार्थभन्दा वाहिर रहेर रचना गरिएका छन् । अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा चमत्कारपूर्ण घटनाहरूको आश्चर्यजनक प्रस्तुति यस वर्गका लोककथाहरूमा रहेको  पाइएको छ । कुनै कथा वाचकले कथामा पात्रहरूलाई काल्पनिक संसारमा अवतरण गराइरहेको छ । विशेष गरेर भूत, प्रेत,

बोक्सी, राक्षस, परी, रुख,अप्सरा आदि पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण भएको छ । यस्ता लोककथाहरूको मुख्य उद्देश्य श्रोताहरूलाई मनोरञ्जन दिनुकासाथै नैतिक शिक्षा दिनु हो ।

प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दश लोककथाहरूमध्ये केही लोककथाहरू उपदेशात्मक लोककथामा टुहुराको भाग्य, पापिनी बुढी, कुमालेको कथा रहेका छन् । यस्ता लोककथाको उद्देश्य मनोरञ्जन दिनु मात्र नभएर लोक मानिसलाई विभिन्न कोणबाट नैतिकवान् बन्नलाई उपदेश दिनु पनि हो । त्यसैले यी  लोककथाहरूले अर्ति उपदेश दिने कथाहरू उपदेशात्मक लोककथा अन्तगर्त रहेका छन् । यस्ता लोककथाहरूले मानिसलाई सुमार्गमा लाग्न प्रेरित गरेका छन् । यस्ता प्रकृतिका लोककथाहरूमा राम्रा काम गर्नेहरूलाई पुरस्कार र नराम्रा काम गर्नेहरूलाई दण्ड दिने गरेको समेत देखाइएको छ ।

प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलितहरू लोककथा यस वर्गीकरण अन्तर्गत नपरेका विविधखाले जातजातिका कथा, धर्मसंस्कृतिका कथा,विभिन्न रीति- स्थिति, चाल चलन अनुसारका कथाहरू यस वर्गका कथाहरू अन्तर्गत पर्दछन् । कतिपय लोककथाहरू मनोरञ्जन मात्र प्रदान गर्ने खालका रहेका छन् । अर्घाखाँचीको काभ्रे क्षेत्रमा यस्ता सबै प्रकृतिका कथाहरू पाइन्छन् ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित लोककथाहरूको विश्लेषण गरिएको छ । यस अन्तर्गत अर्घाखाँची जिल्लामा प्रचलित दस लोककथाका संरचक घटकहरूलाई क्रमश कथानक, पात्र, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय गरी तत्त्वगत विश्लेषण गरिएको छ । यी लोककथाहरूमा सामाजिक विश्वाश, पौराणिक सन्दर्भ आदि विषयवस्तुका रूपमा आएका छन् । पात्रका रूपमा मानवीय र मानवेतर पात्र रहेका छन् । सामाजिक विषयवस्तुमा समाजमा घट्ने घट्न सक्ने सम्भावित घटनाहरू समावेश भएका छन् जस्तै घरपरिवारमा खान लाउनको दुःख, गरिबी, अभाव, समाजमा अपहेलना, मानवीय सङ्कट, बृद्ध अवस्थाको चित्रण, जातीय विभेद, राष्ट्रिय विभेद जस्ता कुराको चित्रण गरिएको छ । प्रस्तुत लोककथामा आएका पात्र कोही बलियो त कोही दीव्यशक्ति भएका छन् भने कोही आर्थिक रूपमा निकै दयनीय अवस्था भएका पात्र छन् त कोही मात्र बुढीबाट पीडित छन् त कोही बुढाबाट पीडित रहेका छन् जे होस् कुनै न कुनै समस्या नभएका पात्रहरू नै छैनन् भन्दा नि हुन्छ । यी लोककथाहरूको परिवेश ग्रामीण र

सहरिया दुबै रहेको पाइन्छ । यी लोककथाहरू लौकिक र अलौकिक दुबै प्रकृतिका रहेका छन् । समग्रमा कथाहरूले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, तथा देश काल परिस्थिति विश्लेष्य लोककथाका परिवेशका रूपमा आएका छन् । यी माथि उल्लेखित १० कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । गौण उद्देश्य नैतिक शिक्षा दिनु र मानवीय गुणको विकास गर्नु हो । पात्रका बिचमा संवाद प्रक्रिया भएका छन् भने मानवेतर पात्रमा पनि मानवीय गुणको विकास गरी संवाद गराइएको छ । यसै गरी विश्लेष्य लोककथामा द्वन्द्वको प्रकृति आन्तरिक बाह्य गरी दुई प्रकारको देखिन्छ । मान्छे-मान्छेका बिच, पात्र र समाजका बिच, घरायसी वातावरणका बिच, मानवीय र मानवेतर पात्रका बिच तथा मान्छे र प्रकृतिका बिचमा आपसी द्वन्द्वको स्थिति सिर्जना भएका छन् । अभिप्रायका रूपमा मूलतः सामाजिक, पौराणिक, पशु विषयक,धोका विषयक, धर्म विषयक, मृतक विषयक, समाज सुधारक विषयक, सामाजिक रूपमा दयनीय विषयक, इज्जत, मान, प्रतिष्कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राय जस्ता तत्त्वको विश्लेषण गरिएको छ । अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन गरी लोककथाहरूको सामाजिक र किंवदन्तीमूलक आधारमा वर्गीकरण एवम् विधातात्विक विश्लेषण गरिएको छ । यी लोककथाहरूमा त्यहाँको स्थानीय लोक धारणा, सामाजिक, सांस्कृतिक, धार्मिक, पशुपङ्क्षी, उपदेशात्मक, अलौकिक, लौकिक, काल्पनिक प्रकृतिका लोककथाहरू रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र अर्घाखाँचीको काभ्रे क्षेत्र लोककथाको लागि प्रख्यात रहेको छ । यस क्षेत्रमा प्रचलित लोककथा परम्परादेखि प्रचलित मौखिक रूपमा एक व्यक्ति समाज र राष्ट्रमा अवतरण हुँदै आएको पाइन्छ । यस क्षेत्रमा सामाजिक,आर्थिक, धार्मिक विविधता रहेको छ । प्रस्तुत शोधपत्रमा समस्याकथनमा उल्लिखित दुईओटा शोध प्रश्नहरूका उत्तरहरू नै दोस्रो परिच्छेददेखि पाचौं परिच्छेदसम्म विश्लेषण गरिएको छ । विवेच्य शोधपत्रको विश्लेषणबाट प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ :

(१) प्रस्तुत शोधपत्रमा शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित दस लोककथाहरूलाई पाँचओटा सामाजिक र पाँचओटा किंवदन्तीमूलक आधारमा विभाजन गरी वर्गीकरण र विश्लेषण गरिएको छ ।

(२) सामाजिका जीवनबाट लिइएका सहभागी र घटनासँग आधारित लोककथाहरू सामाािजिक लोककथा हुन् । यसप्रकारका लोककथामा समाज र सामाजिक परिवेशलाई केन्द्रबिन्दु वनाइएको हुन्छ । यस शोधपत्रमा ती सामाजिक लोककथाको वर्गीकरण गरिएको छ । यस दृष्टिले हेर्दा अर्घाखाँचीमा प्रचलित लोककथाहरू अर्घाखाँचीको सामाजिक रितीस्थिती परम्परा सामाजिक मूल्य मान्यता झल्कने खालका विषयवस्तुको प्रयोगले पूर्ण रहेका छन् । सामाजिक लोककथामा लोकमानसका आचरण व्यवहार, मनोभावना मनेर्वत्तिको चर्चा पाइएको छ । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली,अभिप्राका दृष्टिले अब्बल,सरल, श्रुतिमधुर छन् ।

(३) किंवदन्तीमूलक लोककथामा प्रचलित किंवदन्ती, जनश्रुति तथा आख्यायिकाहरूको कथालाई यसमा समेटिन्छ । त्यतिमात्र नभई विभिन्न कालखण्डमा देखा पर्ने वीर पुरुष इतिहासका घटनानाहरू पनि यसै अन्तर्गत पर्दछन् । यस्ता खालका लोककथाहरू चतुऱ्याइँ देखाउने, साहस तथा बहादुरीका लोककथाहरू अर्घाखाँचीको काभ्रे क्षेत्रमा प्रचलित छन् । यस्ता लोककथाहरूमा जस्तोसुकै अप्ठ्यारो परिस्थिति आए तापनि मुख्य पात्र पछि नहटी समस्याको समाधान गरेको देखाइएको हुन्छ । आफ्नो ज्यानको समेत प्रवाह नगरी लक्ष्यमा पुग्न जस्तोसुकै समस्यालाई जोखिममा राखी निकै चतुरताकासाथ वीरता प्रदर्शन गरेका हुन्छन् । लोककथाहरूमा उच्च खानदानका व्यक्ति, राजा, राजकुमार, मन्त्री, जस्ता व्यक्ति मुख्य पात्रका रूपमा रहेका हुन्छन् । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्रायका दृष्टिले अब्बल,सरल, श्रुतिमधुर छन् ।

(४) प्रस्तुत शोधपत्रमा किंवदन्तीमूलक लोककथा अन्तर्गत पशुपन्छीका लोककथा पनि रहेका छन् । यस्ता लोककथामा पशुपंक्षीलाई मुख्य पात्र बनाइ मानवको जस्तो व्यवहार गर्ने गरिएको हुन्छ । यस्ता खालका कथाहरूमा मानव र पशुपन्छीहरू मानवकै जस्तो भाषा बोल्ने गर्छन् र व्यवहार पनि त्यस्तै देखाउँछन् । यस्ता कथाहरूमा मुख्यतया बाघ, भालु, बाख्रा, गाई, हात्ती, चरा, गाई, भैंसी आदि पात्रहरू रहेका हुन्छन् । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्राका दृष्टिले अब्बल,सरल, श्रुतिमधुर छन् ।

(५) किंवदन्तीमूलक लोककथाअन्तर्गत अतिरञ्जित लोककथा पनि रहेका छन् । यस्ता खालका लोककथामा यथार्थभन्दा वाहिर रहेर रचना गरिएका हुन्छन् । अतिरञ्जित लोककथामा अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा चमत्कारपूर्ण घटनाहरूको आश्चर्यजनक प्रस्तुति पाइन्छ । कुनै कथा वाचकले कथामा पात्रहरूलाई काल्पनिक संसारमा अवतरण गराइरहेको हुन्छ । विशेष गरेर भूत, प्रेत, बोक्सी, राक्षस, परी, रुख,अप्सरा आदि पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण भएको हुन्छ । यस्ता लोककथाहरूको मुख्य उद्देश्य श्रोताहरूलाई मनोरञ्जन दिनुकासाथै नैतिक शिक्षा दिनु हो । अलौकिक चराको कथामा चरोलाई मारेर पनि बोलेको देखाइएको छ । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्रायका दृष्टिले अब्बल,सरल, श्रुतिमधुर छन् ।

(६) प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित दस लोककथाहरूमध्ये किंवदन्तीमूलक लोककथा अन्तर्गत पर्ने रिस डाहका लोककथा रहेका छन् । यस्ता लोककथाहरूमा विभिन्न प्रकारका षड्यन्त्र,कसैको उन्नतिको डाह, अरूले राम्रो गरेको देखि नसक्ने, र त्यस्तै नक्कल गर्ने, सौतासौती, बुढाबुढी जस्ता विषयवस्तु समावेश गरेर कथाका कथावस्तु अगाडि बढाएको पाइन्छ । यस्ता कथाहरूमा रिस डाहका कारण मान्छेहरूले झनै झमेला झेल्नु पर्ने विषयलाई उल्लेख गरिएको हुन्छ । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्रायका दृष्टिले अब्बल, सरल, श्रुतिमधुर छन् ।

(७) प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्रमा सङ्कलित लोककथाहरू उद्देश्यका आधारमाा उपदेशात्मक कथा रहेका छन् । यस्ता लोककथाको उद्देश्य मनोरञ्जन दिनु मात्र नभएर लोक मानसलाई विभिन्न कोणबाट नैतिकवान् बन्नलाई उपदेश दिनु पनि हो । त्यसैले यस्ता अर्ति उपदेश दिने कथाहरू उपदेशात्मक लोककथा अन्तगर्त पर्दछन् । यस्ता लोककथाले व्यक्तिलाई सुमार्गमा लाग्न प्रेरित गरेका छन् । लोककथाका संरचक घटकहरू कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, अभिप्रायका दृष्टिले अब्बल, सरल, श्रुतिमधुर छन् ।

समग्रमा प्रस्तुत शोधपत्रमा अर्घाखाँचीको काभ्रे क्षेत्र र अर्घाखाँचीको परिचय दिएको छ । भौगोलिक रूपले पहाडी क्षेत्रमा पर्ने छत्रदेव गाउँपालिकाको एउटा गाउँ काभ्रे हो । यहाँ जातजाती, भाषा, धर्म संस्कृति, संस्कार र परम्परा विविध रहेको छ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा त्यहाँका स्थानीय युवा, बृद्धहरूको सहयोगमा विभिन्न प्रकारका लोककथाहरू सङ्कलन गरिएका छन् । यसरी सङ्कलन गरिएका लोककथाहरूलाई विषयवस्तुका आधारमा किंवदन्तीमूलक र सामाजिक, उद्देश्यका आधारमा मनोरञ्जनात्मक नैतिक उपदेश दिने भावका आधारमा हाँस्य र करुण तथा शिल्पका आधारमा पात्रप्रधान र घटना प्रधान रहेका छन् । लोककथाहरूमा स्थानीय कथ्य भाषाको प्रयोग भएको छ ।

# परिशिष्ट (क)

# लोककथाको सङ्कलन

## १. टुहुराको भाग्य

यही अर्घाखाँची नजिकै पर्ने हाम्रो गाउँदेखि अलि पारी पर्ने रेसुङ्गा नगरपालिकामा पर्ने राउँबास भन्ने ठाउँ छ । त्यस ठाउँमा आजभन्दा लगभग तीस-पैंतिस वर्षको कुरा हो हामीले पनि सुने जानेको कुरा एउटा टुहुरा मत्लब बा पनि छैन आमा पनि पैल गइछन् । सम्पत्ति पनि सबै साहुले बाँडचुँड गरेर लिए लिलाम विक्री गरेर लिए । एउटी हजुरआमा मात्रै भएको एउटा नाति थियो । उसलाई सबैले टुहुरा बाबु भनेर बोलाउने गर्थे त्यसैले उसको नाम टुहुरा बाबु नै थियो । कसैले कन्तवियोगे भने कसैले टुहुरो बाबु भन्थे त्यसलाई अनि त्यो टुहुरा बाबुलाई अब त्यहाँ बसेर हुने कुरा भएन । यो पिराहा मूल्या हो आमा बाबु पनि खायो सम्पत्ति पनि सक्यो । गाउँले सबैले यो जन्मेपछि त्यत्रो सम्पत्ति पनि धुलीराम भयो, यो त मुल परेको, धनमुल परेको यसलाई देखे पनि साइत पर्दैन, यो मुल्या हो भन्थे । वल्ला घर पल्ला गाउँमा कसैकाँ पनि माग्न जाँदा कसैले दया देखाएर दिनेवाला खानेकुरा थिएनन् बरु आवेग देखाएर गाली गर्ने र लत्याउने मात्र गर्दथे । अनि त्यो गाउँमा बस्न ठिक छैन यो बच्चोलाई यसै मार्दिन पनि भएन । यो जन्मेपछि अशुभ पनि भयो भन्ने ठानेर बुढी मान्छेले त्यसलाई लिएर वारि अर्घाखाँचीका बिभिन्न ठाउँमा आउन थालिन् । बिचरा त्यस्तो मुल पऱ्यो भनेर किन हेला गरेका होलान् त्यहाँका मान्छे कति रुखा मान्छे होलान् भनेर यहाँ हाम्रो अर्घाखाँची बल्कोटका, केरुङ्गाका मान्छेहरूले उसलाई सहयोग गर्न थाले अनि बस यहीँ सार्वजनिक ठाउँ यहीँ राधाकृष्ण मन्दिरको नजिकमा रहेको यो पौवामा बस ठिकै छ भनेर बास बस्न सम्मन् दियौं । बुढी साह्रै इमान्दार कसैका घरमा दाउरा, घाँसपात, ढिकी, झाँतो, चुलोचौको जेकाममा पनि तत्पर हुने आफूले काम गर्ने, खान दिएको खानेकुरा पनि आफ्नो नाति त्यो टुहुरालाई लैदिन्थिन् । त्यो टुहुरालाई लैदिनुपर्छ भनेर लैदिन्थिन् । त्यो टुहुरो पनि वास्तवमा टुहुरै थियो । टुहुराको भाग्य नजिकै आउँछ भन्छन् अत्यन्त भाग्यशाली जस्तो विवेकी थियो । हजुरआमाले भनेको मान्थ्यो । यहाँ बसे यो गरे भनेपछि मान्थ्यो । सबै मानिसलाई देखेपछि नमस्कार गर्ने, आदर गर्ने, सम्मान गर्ने गर्थ्यो र कसैको चोर्ने ढाट्ने, ठग्ने विग्नह बाधा पुचाउने कुनै काम गर्दैनथ्यो । अरू भाइसाथीसित पनि एकदम इमान्दारपूर्वक रहन्थ्यो जले जे भने पनि मान्थ्यो इमान्दार थियो भनी एक दिनको कुरा हो

आमाले केही गर्दा गर्दै, अर्काको घरको काम गर्दा गर्दै उला पौडी खेल्न जान मन लाएच धेरै साथिहरू पौडी खेलेको देखेर । खेल्दै खल्दै जाँदा साँझ परेछ । त्यहाँ एउटा ठूलो झलल झल्कने ठूलो ढुङ्गा फेला पारेछ । वास्तवमा उसको लागि त ढुङ्गो थियो तर वास्तविक रूपमा त्यो ढुङ्गा थिएन त्यो चाहीँ हीरा थियो । साह्रै महत्त्वपूर्ण हीरा रहेछ । त्यो हीरा कुन भग्यमानीले के कसरी प्राप्त गऱ्यो भन्ने होला जिज्ञासाको विषय छ । उलाई त त्यो ढुङ्गो भयो, टल्कने ढुङ्गो खेलाउन हुन्छ, रातिमा पनि हाम्रोमा बत्ति छैन, चिराक बालेर कति बस्नु यो ढुङ्गो त यसै पनि झलझल गर्ने रैछ भनेर उले समातेर आउँदै थियो भने यतातिर आमाले यो टुहुरो कहाँ गयो । म दिनभरी अर्काको मेलापात गर आएकी छु भोकाएको होला, काँ गए होला, ए टुहुरा ए टुहुरा भनेर बोलाउँदै थिइन् । अनि उले आफ्नो आमाको प्रतिउत्तर गर्दै है आबै म आउँदैछु के आउँदैछु खोलामा न्वाउन गएको थेँ, मैले कस्तो राम्रो ढुङ्गो फेला पारेको छु भनेर आउँदै थ्यो । अनि बुढी नजिकै आउँदा खेरी त ! बुढीले देखिन् भित्रै आउँदा त्यो झुपडी झलमल अथवा पौवा नै झलमल हुने ढुङ्गो थ्यो । बुढीले सोचिन्, ए बाबु आजसम्म कसै बिग्न बिस्तुर केही गरिएन भगवान् परमात्मालाई सम्झियो । जस्तो दुःख परे पनि चोरिएन, ढाँटिएन, ठगिएन यो चिज ढुङ्गो होइन बाबु कस्ले राखेको थियो होला कस्को हिरा हो साह्रै बहुमूल्य हिरा हो । यो तैले त्यसरी लेउन हुन्थेन । तँ बदमास् भइस अब हाम्लाई यहाँ बस्न पनि कसैले दिँदैनन् । तेरो पनि नाम अब चोर भनेर राखिदिन्छन् । म चोरकी हजुरआमा हुनेछु । यो जहाँ थ्यो, उहीँ लएर राख्दे भनेर भनिन् । होइन के आमै मैले खोलामा भेटाएको हुम् भन्दा हुन्न कसैले राखेको होला के होला कसो होला यले गर्दा अनिष्ट हुन्छ जहाँ जस्तो जे अवस्थामा थ्यो त्यहीँ अवस्थामा लएर तुरुन्त राखेर आउन सक्चस् भनि ठिक छ नत्र भने मैले तँलाई कुट्छु भनेर बुढी आमाले धम्क्याएपछि उले तुरुन्त ढुङ्गो बोकेर जाँदै थियो बाटामा जाँदाजाँदै एकजना चतुरे भन्ने व्यापारी छट्टु व्यापारी किराना पसल पनि राख्ने, यताउता पाइखरे व्यापार गर्ने, भैसी पनि साट्ने व्यापार गर्ने छट्टु व्यापारी यमबहादुर नानाथरीका कुरा गर्दै थियो । त्यस्ले पो फेला पारेछ । ए बाबु यो के हो ? यो ढुङ्गो हो मैले खोलामा लान थालेको भनेछ । व्यापारीले खै यो ढुङ्गा मलाई लेउ, तिम्लाई मैले बिस्कुट दिन्छु भनेछ । उल्ले चाहिँ बिस्कुटको ठूलै प्याकेटको पोको पो थमाइदिएछ । बिस्कुटको पोको थमाए पछि ऊ खुसी भयो आबैसित नभन्नु उस्ले पनि भन्यो ल ठिक छ आबैसित नभन्ने भन्यो । खोलामा राखेर आएँ भनेर भन्ने कुरा भयो । बुढी यता बसिन् । उतातिर त्यो छट्टु व्यापारीले लएर माल हिसाब किताबमा बेच्न थालेछ । यो राज्यको त्यतिबेला अब राणाशासन थियो कि प्रजातन्त्र आइसकेको थ्यो ? कुन

प्रधानमन्त्रीको हातमा समेत त्यो पुगेछ । प्रधानमन्त्रीले अब यलाई के गर्ने ? भन्ने ठानेर आफ्नी छोरी कान्छी छोरी एउटी मात्र छोरी अथवा कान्छी छोरी साह्रै प्यारी थिई । त्यसैको लागि हार बनाएर लगाई दिएछन् । टक्क त्यो हिराको हार साह्रै राम्रो सुन्दर हार एक दिन राजसभामा नाटक प्रदर्शन भएको थ्यो । त्यो नाटकमा राजपरिवारका व्यक्तिहरू, प्रधानमन्त्री लगायत उच्च ओहोदाका व्यक्तिहरूको नाटकमा नाटक मञ्चन भएको ठाउँमा नाटक हेर्न जाने कार्यक्रम थियो । त्यसमा जाँदा अब प्रधानमन्त्रीकी छोरी टक्क त्यही हार लगाएर गएकी थिइन् । उता राजाकी छोरी पनि सँगै जाने भए साथी साथी जस्तो पनि भयो ।छोरी मान्छेहरू विशेष गरी त्यो किशोरावस्थाका मान्छेहरूलाई लाउन खानको साह्रै ठूलो महत्त्व हुन्छ । अझ गहनाको बारेमा त कल्ले के लाएको रैछ भनेर पहिला दृष्टि गहनामा जान्छ पनि भनिन्छ । उनले पनि स्वतः देखिहालिन् । ओहो ! यस्तो हार अनि कहाँ पाएको ? कसो गरेको हो भन्दा बुबा हजुरले मेरो लागि खरिद गरिबक्सेको हो भनेर उनले भनिन् । आहा ! आज प्रधानमन्त्रीकी छोरीले यस्तो हिराको हार झलझली झलझलाकार लाएर राति पनि उज्यालो बनाउँदै हिड्ने । म राजाकी छोरी भएर मलाई एउटा केही हार पनि नकिन्दिने भनेर मनमा अत्यन्त निराशा भयो, भित्र आँत रोयो, मुखले हाँसे जस्तो गरे पनि उनी बहुत चिन्तित भएर घर गइन् । घर गएर रुन थालिन् । बोल्न पनि नबोल्ने, खाना पनि नखाने, ढोका लाएर रुने, भित्र सुतिरहने गरिसकेपछि राजा रानीलाई विस्मात ! पर्‍यो । राजाराजनीलाई छोरीलाई के भयो ? कुन दुष्टले के भन्यो ? के भयो ? तिम्रो मनमा के छ ? तिम्रो के इच्छ्याले यसरी रोएकी छौ ? तिम्रो इच्छ्या हामी पुरा गर्दिन्छम् भन्दा खै म राजाकी छोरी भएर के भो ? प्रधानमन्त्री जस्ताकी छोरीले हिराको हार लाएर राममा जान्छन् आफूलाई केही पनि छैन । केही लाउनु छैन भनिसकेपछि ओहो ! कारण त यो पो रैछ । उनले तुरुन्त प्रधानमन्त्रीलाई बोलाए । प्रधानमन्त्रीले भने यो हार कहाँ किनेको भन्दा मैले त व्यापारीसँग यसरी किनेको अब तिम्ले काँ किन्नु किन्नु मलाई मतलब छैन । त्यो हिराको त्यस्तै हिराको हार तिम्री छोरीको खोसेर मैले लिउनी होइन, त्यस्तै हिराको हार मला तुरुन्त चाहिन्छ, जहाँबाट भापनि तिम्ले ल्याउनपर्छ होइन भने प्रधानमन्त्रीबाट राजिनामा दिने वा हट्न पर्ने अवस्था बाहेक अरू छैन भनेपछि प्रधानमन्त्रीको मुटु थर्क्यो । उले तत्काल व्यापारीला बोलाएर भन्यो जाँबाट हो, जसरी हो, मेरो पद र सत्ता जोगाउनका निमित्त, मेरो ज्यानको सुरक्षा गर्नका निमित्त तो हार अनिवार्य चाहियो । पैसाको कुरा जति भने पनि पाइन्छ । तर त्यो तुरुन्तै चाहियो भनेर भन्दा योत मैले काँबाट पाउँ र हजुर एकजना बच्चोले लेर हिडेको थ्यो । त्यससँग मैले यसरी किनेको हो भनेसी त्यो बच्चो को हो ? के

हो ? तेले काँबाट पायो ? काँ छ ? यस्तो हिरा ? मा नपाइने यस्तो दुर्लभ हिरा कसरी पायो ? भनिसकेपछि फेरी पुलिस, प्रहरी लगाएर त्यो बच्चोलाई खोज्दै त्यही पौवामा आएर ए ! तपाई टुहुरा भन्ने हो भनेर बुढी आमैसँग सोधे । बुढीआमैले टुहुरा भन्ने मेरो नाति हो भनिन् । एइ! त्यो टुहुरालाई पक्डेर ल्याउन भनेर भन्याछ भने पक्डेर लएर खारखुर गर्न थाले । यो के हो तपाईले यस्तो यस्तो हिरा लएर बेचेको हो ? होइन मैले खोलामा लएर राख्न भनी लेर हिडेको यमलाल व्यापारीले मलाई बिस्कुट देर फकाएर लएको हो । काँ थ्यो त्यो हिरा ? ए त्यस्तो हिरा त खोलामा कति पाइन्छन् कति पाइन्छन् भनी लौ लिउ त्यो हिरा तुरुन्तै तिम्ले लिउन सक्नुपर्छ । लिउन सकेनौ भने तिम्रो मृत्यु नजिक आएको छ । यो राजाको आज्ञा हो । तिम्रो काल हो । तिम्ले हिराको हार लिउन सकेनौ भने तिम्रो मृत्यु हुन्छ भनेपछि रुन थाल्यो । सात दिनको समय दिइएको छ । घरमा आयो रोयो । बुढी आमाले पनि यो कुरा थाहा पाइन् मिथ्या नचाहिने कुरो अर्काको कसूर गरेपछि एले के के हुने हो ? राजा सम्मन रिस्सी पुलिसहरूसमेत लाइसकेपछि मेरो नाति मर्ने भयो । रुदा रुदा आँखा सुन्नेर एकदम मजुरा जस्ता भएका छन् । ऊ पनि एकदम चिन्तित छ त्यही पनि एकपटक मिल्छ की भनेर खोलामा गएर खोज्दै, खोज्दै ढुङ्गा पल्टाउँदै खोल्सै खोल्सा धेरै माथि जाँदै थ्यो । रात पनि पऱ्यो अधेरो पनि भयो, मनस्थिति ठिक छैन । अब म मर्ने भएँ भन्ने भएको छ । त्यस्तो ढुङ्गा भेट्टे त हुँदो हो भन्दै भन्दै माथि जाँदा खेरी बाटो नदेख्ने अवस्था आयो अध्याँरो निशिफुसी अध्याँरो कुशे औशीको जस्तो अध्याँरो रात छ । त्यस बिचमा माथि झललल टल्केको देख्यो । नजिकै गइकन हेर्दाखेरी त ! त्यो के रैछ भनेर भन्दा त एउटा अत्यन्त परम सुन्दरी नारीले घाँटीमा हिराको हार लाएर तपस्या गरिरहिछन् । अनि नजिकै गैकन हेरी रह्यो एकोहोरो रोएर एउटा हार मलाई दिनि हो भने कस्तो हुन्थ्यो होला । मेरो ज्यान बाँच्थ्यो होला भनेर हेर्दैथ्यो । एकाएक उनको ध्यान भङ्ग भएर हेरिन् । ओहो ! मेरो अगाडि आज मर्द देखियो, पुरुष देखियो भगवान्ले भन्नु भएको छ । तिम्रो अगाडि तपस्या गर्दागर्दै जो छोरो मान्छे देखिनेछ । त्यो तिम्रो पति हुनेछ । त्यसैला तिम्ले वरण गर्नुपर्नेछ । त्यसैसँग तिम्रो विवाह हुनेछ भन्नुभएको थियो । हे प्रभु हजुर मेरा पति परमेश्वर हुनुहुन्छ । मलाई मारे पाप पाले पुण्य यी सबै हार पनि हजुरका हुन् । यो शरीर हजुर कै हो स्वीकार्नुहोस् भनेर रुन थालिन् । अनि बिचरा सोझो टुहुरो केटो के भनोस्, के नभनोस्, के खोज्छस् काना आँखो भने जस्तै खुसी पनि भयो । हजुरको घर काँ हो ? हजुर को हुनुहुन्छ ? हिड्नुस् जाउँ भनेर सँगसँगै आउन थालिन् । अरे ! त्यही पौवामा त्यही कुटीमा त्यही निवाशमा आफ्नो नभएको सार्वजनिक ठाउँमा आउँदा बुढी ओहो ! यो मान्छे बाठो भयो । अस्ती कस्को हिराको हार ल्यायो । आज

कस्की छोरी फकाएर लेराएछ भनेर चिच्याउन थालिन् । चिच्याउन थाल्दा ती नारी परम् स्वर्गकी अप्सरा थिइन् । तपस्या गर्न भनेर आएकी थिइन् । त्यसै कारणले उनले भनिन् हे ! माता हजुर रिसानी माफ होस् वाँले मलाई केही नराम्रो गर्नुभएको होइन । म पृथ्वीको मान्छे पनि होइन । म स्वर्गकी अप्सरा हुँ । मेरो यस्तो व्रत थियो । जस्को कारणले मेरो अगाडि वाँ देखिनुभयो । यसैले मैले वाँलाई श्रीमान् भनेर भनेर वाँको घर जाउँ भनेर आएकी हुँ । हजुरले कुनै चिन्ता मान्नुपर्दैन । सबै कुराको समस्या समाधान हुन्छ कुनै दुःख दरिद्र तक्लिफ, चिन्ता, पाप, रोग केही पनि अब हाम्रो हुँदैन भनेर भनेपछि उनी खुसी हुन थालिन् । त्यसपछि तो हिराको हार लेर गएर मन्त्रीकोमा बुझाइदियो । ओहो ! यस्तो हिराको हार पाइसकेपछि यस्ले जे पनि गर्दोरैछ । हिराको हारपनि दिदो रैछ भनेपछि ठूलो प्रख्याती भयो । पछि राजाले बोलाएर ओहो ! यहाँ त शक्तिशाली देख्दा सामान्य गाउँमा जन्मेको एउटा टुहुरो मान्छे तर पनि हिरा पनि पाउन सक्ने अनि त्यस्तो हिराको हार पनि बनाएर ल्याउन सक्ने यस्तो अचम्मको मान्छे भनेर भने । यतातिर भने जताततै चलेको थियो कि यस्को श्रीमती अत्यन्त शक्तिशाली स्वर्गकी अप्सरा होरे भन्ने पनि थियो । ऐले ता घर, भवन, महल बनाएर, जग्गा किनेर आरामसित बसिरहेको अवस्था पनि छ । फेरी राजाले भने मितज्यू अब तपाईलाई मित भन्छु । अब तपाई दरबारमा बस्न सक्नुहुन्छ । यही घर बनाइदिन्छु । मैले उनले भने दरबारमा बस्दिन । मेरो घरबारमा बस्छु । मेरो श्रीमती, मेरो आमा, जननी जन्मभूमी, स्वर्गादपी गरियसी, मेरा लागि उही नै ठूलो छ । पवित्र छ । म जान्छु, मित ज्यू भनेर भने । राजासित मित लाउन सक्ने आज त्यो ठूलो भइसकेको अवस्था छ भने राजाले के सोच्न थाले भन्दा कुनै प्रपञ्च गरेर पनि यस्को श्रीमती विश्व सुन्दरीको रूपमा छ रे यस्को श्रीमतीलाई जसरी पनि हात पार्न पर्छ भनेर योजना बनेछ । राजाहरू पापी र छली कपटी हे गर्छन् । अनि राजाले छलकपट गर्ने क्रममा भनेछ । मित ज्यू, अब मलाई बाघको दुधको जरुरी छ । मैले एउटा यज्ञ गर्न खोजेको छु । त्यो यज्ञमा बाघको दुध तपाईले लेउन पर्छ । तपाईले ल्याउनसक्नुहुन्छ । तपाई जे पनि गर्नसक्ने पुरुषार्थी हो । तपाईले जसरी पनि बाघको दुध ल्याउनुपर्छ । अनिवार्य ल्याउनुपर्छ नि! होइन भने मित पनि होइन । मैले हजुरको ज्यान पनि रहन दिन सक्ने छैन । हजुरला ज्यानको सजाय हुनेछ भनिसकेपछि ठिकै छ त भनेर घरमा आयो । घरमा आइसकेपछि भएभरका सारा कुरा आफ्नी श्रीमती, आमालाई सुनायो । बुढीआमा नातिको कुरा सुनेर रुन थालिन् । श्रीमतीले सम्झाउन थालिन् । आत्तिनु पर्दैन मुवा केही हुँदैन । यी सबै कुरा मला था छ । सबै कुरा मैले बुझेकी छु । केही फरक पर्दैन अब बाघको दुध लान नसके त फेरी हाम्रो छोराको ज्यान जान्छ भन्दा खेरी

मलाई पिर पऱ्यो भनेर भन्दा त्यसो होइन । अब बाघको दुध लान नसकेता ज्यान जान्छ भन्दा होइन हामी मेरो माहिली दिदी अहिले मधुवनको नजिकै रहेको जङ्गलमा तपस्या गरेर बसिरहेकी छन् । उनको साथमा बाह्रओटा बाघ छन् । उनले पनि हीराको हार लगाएर तपस्या गरिरहेकी छन् । परब्रह्मा परमात्मा साश्वत शीवजीको तपाई यहाँबाट त्यहाँ जानुस् । त्यहाँ जाने बाटो गोरेटो सम्पूर्ण बताउँछु । त्यहाँ जाँदा तपाइला कुनै विघ्न बाधा हुन्न । यदि हुन्छ भन्ने लाग्छ भने यो औठी तपाईले अनामिका औलामा साइली औंलामा धारण गरेर जानुस् । अनि औंलामा औंठी लगाएर गएपछि सिधासिध बिना रोकावट त्यो ठाउँमा गइयो । अनि रुखमा चढेर मात्र के बसेका थिए । एकाएक खै कता कताबाट ती बाघमा चढेकी ती दिदी मतलब ती अप्सरा आएर तपस्या गर्न थालिन् । उनले माथिबाट त्यो औंठी ट्वाक्क झादिए । औंठी देख्नासाथ उनी बर्बरती रुन थालिन् र भन्न थालिन् । ओहो ! योत मेरी कान्छी बहिनीको औंठी हो । यो औंठी कहाँबाट यहाँ आयो ? मेरी कान्छी बहिनी काँ होलिन् ? कस्ले यहाँ ल्यायो ? भनेर यसो माथी हेर्दा त एउटा छोरा मान्छे देखिन् । ओहो ! अहो भाग्य यहीँ गएर तपस्या गरिस् भने तैले कुनै छोरा मान्छे देख्नेछस्, कुनै पुरुष देख्नेछस्, त्यसैसित तेरो विवाह गर्नु भन्ने किसिमको भगवानको आज्ञा छ । आज हजुर मेरो अगाडि यसरी देखिनुभयो । केही डराउनुपर्दैन झर्नुस् । यिनी बाघहरू मेरा हुन् । यिनले केही गर्दैनन् । मेरो मालिक राजा, मेरो प्राणेश्वर भनेर भन्न थालेपछि रुखबाट झरेर त्यही बाघमा चढेर ती अप्सरा लिएर आफ्नो कुटीमा आयो । अनि दरबारमा पनि गएर फेरी त्यो बाघ लिएर गए । त्यो बाघ माथि चढेर जाँदा राजा ताजुप भए । ओहो ! यत्रा बाह्रओटा डरलाग्दा पाटे बाघमाथि चढेर आउनसक्ने यी पुरुष त वास्तवमा समान्य टुहुरा मान्छे त होइनन् । यिनी त ! अलौकिक मान्छे हुन् । अनि यी बाघको दुध भनेर राजालाई दिए । ती टुहुरालाई बाघ ल्याउन भन्नुको पछाडि टुहुराकी श्रीमती हात पार्नु थियो । मेरो मनमा पाप उठेको थियो । तर बाघको दुध ल्याउन भन्दा बाघ नै ल्याइसकेपछि अब यो सम्भव छैन भनेर फेरी भन्न थाल्यो । मित ज्यू बाघको दुधको काम टरिसक्यो हजुरले एक दिन बिलम्ब गर्नुभयो । बाघको दुधको हिजो जरुरी थियो । मैले भगवानलाई चढाउन भनेर भनेको यी बाघहरू फर्काइदिए हुन्छ । अब आवश्यक छैन । बरु त्यसको ठाउँमा फेरी पहलमान हात्तीको दाराको खाँचो पऱ्यो । हात्तीको दारा तपाई लेउन सक्नुहुन्छ । तपाईले अलौकिक काम गर्न सक्ने भएपछि हात्तीको दारा पनि लेउन सक्नु भएन भने तपाईलाई मृत्यु दण्ड दिन सक्छु भनेपछि फेरी फर्केर आयो । बाघहरू पनि त्यही कुटिमा आएका छन् । घरमा सबै कुरा भनिसकेपछि दुई बहिनीको भेट पनि भयो । खुसी छन्, प्रशन्न छन्, घरमा बसेका छन्, आनन्द छ, अहिले

बुढी मान्छे पनि अत्यन्त सुन्दर आकर्षक गहना पोशाकमा सिघाँरिएर बसेकी छन् । खुसी र प्रशन्न छन् । कुनै चिन्ता मान्नु पर्दैन आमा वाँ हजुरलाई केही हुन्न । हजुरको नातिलाई केही हुन्न भनेर भन्दैछन्, सम्झाउँदैछन् । अनि आएर सारा बेलीविस्तार गरिसकेपछि ओहो ! राम्रो दैव सन्जोगको कुरा हो । हाम्री ठूल्दिदी हात्तीकी मालिक्नी हुनुहुन्छ । चौबिस ओटा हात्ती छन् । वहाँका पहलमान अत्यन्त पहलमान हात्ती हुन् । साना हात्ती होइनन् । ती हात्ती एक दन्ते हात्ती हुन् । सबै ती हात्तीका दाह्राको जरूरी हो भने हात्तीको दाह्रा पनि पाइन्छ । दिदीसित पनि भेट हुन्छ । यहाँबाट यो दिशातिर जानुस् भनेर दक्षिण दिशातिर जहाँ हात्ती बस्ने ठाउँ थियो । त्यस दिशातिर पठाइदिए । औंठी धारण गरेर गएको हुनाले उलाई जान बाटोमा कुनै सङ्कट पनि परेन र उमेरले लगभग तेह्र चौध वर्ष मात्र भएको थियो । त्यो बाबु त्यहाँ गए । वाँ गइसकेपछि जब रुखमा बसिरहेका थिए । मध्य आधारात हुने बेलामा एकाएक कताबाट प्रकट भइन् । चौबीस ओटा हात्तीसहित हात्तीमाथि चढेकी अत्यन्त परम सुन्दरी । अब हार हिराका हारै हार मात्र शरीरमा लगाएकी आएर ध्यान तपस्या गर्न मात्र के थालेकी थिइन् । माथिबाट त्यो पुरानो औंठी त्यो पहिलेकी श्रीमतीले दिएको औंठी टक्लक्क झार्दा औंठी देख्नासाथ झसङ्ग भएर उनी यताउती हेर्दै चारैतिर नजर डुलाउन थालिन् । हे प्रभु ! हे परमात्मा ! कुन दैव संजोगको कुरा हो । आज मेरी कान्छी बैनीको औंठी फेला पऱ्यो । सायद हामी दिदी बैनीको भेट हुन्छ की भनेर हेर्दा उनले त्यहाँ ति युवकलाई देखिन् । देखिसकेपछि अहो भाग्य आज मेरो विवाहको शुभ दिन जुरेको रहेछ । जुन पुरुषसँग तिम्रो भेट हुनेछ । जङ्गलमा तपस्या गर्दागर्दै त्यसैसित तिम्रो विवाह हुनेछ भनेर भगवानले भन्नुभएको थियो । आज हजुर यसरी देखिनु भयो । यसरी लुकेर रुखमा नबस्नुस् झर्नुस् । हजुर मेरा प्राण प्यारा पति परमेश्वर हुनुहुन्छ । यी हात्तीको कुनै डर मान्नुपर्दैन । यि हाम्रा सवारी साधन हुन् । आउनुस्, झर्नुस् भनेपछि हात्तीमा चढेर घरमा आए । हात्तीको लावा लस्कर, बाघको लावालस्कर आलीशान् भवनको मालिक भएर रहेका छन् । पछि सबै हात्ती नै लिएर दरबार जाँदा छकमल्लै परे राजा ति हात्ती हट्टाकट्टा डरलाग्दा एकदम भयङ्कर छन् । ओहो ! यि हात्तीको काम पनि सबै सिद्दिसक्यो । हिजो एकदिन विलम्ब गर्नुभो मित ज्यू, हात्ती फर्काइदिनुस् भनेपछि हात्ती पनि फर्काए । अन्त्यमा ता फेरी अर्को षड्यन्त्र गरेर यसका श्रीमतीको चमत्कार अनौठो छ रे कान्छी भन्दा आर्की, आर्की भन्दा आर्की तीन बहिनी नै उस्तै अलौकिक कार्य गर्न सक्छन् रे । तिनीहरूलाई रानी बनाएर दरबारमा भित्राउन मेरो पनि अलौकिक परम सुख र शान्ति आनन्द प्राप्ती हुने थियो । ऐश्वर्य हुने थियो भन्ने मनमा सोचेर मनमा प्रदुषित भाव लिएर अब एउटा यज्ञ गर्नुपऱ्यो । हामी दुई

मित ज्यू मिलेर यज्ञ गर्नुपऱ्यो भनेर यज्ञ गर्दा बोलाएर अग्नी कुण्डमा घुचेट्ने योजना बनाएछ । यज्ञ गर्दा सबै इष्ठमित्र प्रधानमन्त्री टुहुराका परिवार सबैलाई निम्ता गऱ्यो । ठूलो यज्ञकुण्ड गराइ घुम्न लगाएर अग्नीकुण्डमा जब राजाले घुचेट्दयो, टुहुरालाई घुचेटिसकेपछि हातमा औंठी धारण गरेको रैछ । अनामिकामा अलौकिक औंठी धारण गरेकाले तत्काल घरमा पुग्यो । हजुरलाई मार्न खोजेर त्यस्तो षड्यन्त्र गर्ने त्यो पापी दुराचारी राजा अब त्यस्को विनाशको बेला आएको छ । हजुर घरमै बस्नुस् भनेर उनलाई लुकाएर राखे । अन्ततोगत्त्वा धेरै दिनपछि के छ त खबर भनेर वाँ भेट्न आउँदा उनीहरू रोएका सेता कपडा लाएका क्रिया गरे जस्ता देख्दा तपाईहरू रुनु पर्दैन । मेरा मित ज्यू वित्नु भो मलाई साह्रै दुःख लागेको छ । झुक्केर हुम खाडीमा पर्नुभो । हजुरहरूलाई दरबारमा लगेर राख्छु मैले एलिशान भवन बनाउँछु भनेर भन्दा ठिकै छ, वर्षदिन पुगेपछि त्यहीँ त आउनुपर्ला नी हाम्रो पो को साहारा छ र हजुर वाँको मित हुनुहुन्छ । वाँको मित भनेपछि हजुर हाम्रो सहारा तपाई त हो नी भनेर सबै कार गरेका थिए भने अन्तिममा घर राखेको आफ्नो श्रीमानलाई टुहुरालाई भुत्लैभुत्ला सिमलको भुवा टाँसिदिएर खोटो लगाएर टाँस्दिएर अनि एउटा पत्र थमाएर पठाइदिएछन् । पत्र थमाएर पठाइसकेपछि त्यो पत्रमा के लेखिएको थियो भन्दा राजाको बुबाले लेखेको सेम टु सेम अक्षर जस्ताको तस्तै अक्षर मिलाएर मेरो प्यारो पुत्र ऐले नेपालको राजा बनेर बसेका छौ तापनि मृत्युमण्डल मृत्युलोक भनेको दुःखको कारण हो । यो स्वर्गलोकमा तिम्रा मितसित मेरो भेट भयो । हुम्खाडीमा परेर मरेको हुनाले उनको शरीर मुक्त भएर मसँग भेट भयो । उनैबाट बेली विस्तार गरें । उनलाई मृत्युलोकमा जाने शक्ति पनि प्राप्त भएको छ । यज्ञको हुम्खाडीमा मरेको हुनाले तिमी यथासम्भव मृत्युलोकमा नबसेर यही ठाउँमा आउ बाबु भनेर भन्ने चिठी लेखेर पठाएछन् । अनि ता उसले त्यो कुरालाई सही सम्झी पत्याएर स्वीकार गऱ्यो । अनि टुहुरा त्यही भुत्ले अवस्थामा घर फर्केर घरमा आयो । केही समयपछि उले पनि यज्ञको आयोजना गरेर हुमखाडीमा भ्वाम्म परेर राजा खतम भयो भने त्यो टुहुरो ऐले देशको राजा, ती तीनटी रानीहरू देशको मुहार फेर्नको निमित्त, देशको इतिहास बदल्नको निमित्त, प्रजातन्त्र, समाजवाद, न्याय, सिद्धान्त आदि इत्यादि सबै लागू गर्नका निमित्त हरदम डटेर कस्सेर लागिपरेका रहेछन् । उनैको पालामा भएका विकास गतिविधि ऐलेसम्म पनि छन् भन्ने किसिमको यो टुहुराको कथा बाउबाजेबाट हाम्ले सुनेको हो । त्यही सुनेको आधारमा ऐले यहाँ यथासम्भव सम्झेसम्मको कुरालाई सँगालेर भनेको हो । यो कथा लोकथा र दन्त्य कथा पनि हो ।

कल्पना पनि भरिएको छ । त्यसैले भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठमा जाला भन्ने बेलामा खुरुखुरु आउँला ।

स्रोत व्यक्तिः रेमलाल भुसाल

वर्ष : ६२, पुरुष,

अर्घाखाँची छत्रदेव -२, काभ्रे

## २.	कुमालेको कथा

एका देशमा एउटा कुमाल गाउँ थियो । त्यहाँ एउटा सानो परिवार बस्दथ्यो । त्यस परिवारमा दुई जना दाजु भाइ, एक जना बृद्ध आमा र एक जना बाबु परिवारमा मिलेर बस्दथे । उनीहरूको पेसा माटाका भाडा बनाउने थ्यो । उनीहरू निकै गरिब थे । भाइलाई सबैले बेसारे भनेर चिन्दथे । बेसारे मागेर हिड्दथ्यो । सेते भने अरूको घरमा ज्यामी काम गरेर हिड्थे । एउटा छोरा सोझो र अर्को बाठो थियो । जस्तो दुःख भए तापनि सबै खुसी नै थिए । उनीहरू मेहनतलाई प्राथमिकता दिन्थे । एक दिनको कुरा हो बेसारेको दाइको बिहे गर्ने उमेर भयो । केटी खोज्ज भनेर घरपरिवारबाट दवाव आयो उसले बिहे गर्न भनी केटी खोज्न छिमेकीलाई लिएर हिड्यो । गरिबीका कारण उसलाई कुनै व्यक्ति केटी दिन तयार भएनन् सेते साह्रै निरास भएर घर फर्क्यो । घरपरिवारमा सन्नाटा छायो । तर पनि खोज्न हार मानेन् एक दिन छिमेकीले आफ्नो आफन्तिको छोरी रहेको र उसैसित बिहे गर्दिने कुरा गराइदिने कुरा गरे । उनीहरू पनि गरिब भएको केटा सिवाय कोही पनि बिहेमा नजाने भन्ने केटीको घरबाट कुरा आएकाले सेते मात्र केटी लिन गएर लिएर आयो । सेतेले ज्यामी काम गर्ने र आफूले काम गर्ने ठाउँमा खाना पकाउने काममा लाउछ । जीवन रमाइलोसित चल्दै थियो । सेतेकी बुढी बच्चा पाउने भइ घरमा नयाँ सन्तान आउने भयो भनी बुढी आमा खुसी भइन् .। डाक्टरले काम नगर्ने सल्लाह दिए पनि उनलाइ काम नगरी खान थिएन । दिनै श्रीमानसित काममा जान्थिन् । परिवारमा सबै आ-आफ्नो काममा व्यस्त हुन्थे बेलुका मात्र सबैको भेट हुन्तो । बेसारे दिनभरि गाउँघरमा मागेर हिड्थ्यो । आमाले माटाको भाँडा बनाउने काम गर्थिन् । सबै व्यस्थ थिए । सेतेकी बुढी पनि श्रीमानसित कहिलेकाहीँ नजिकैको स्वास्थ्य चौकी जचाउन पनि जान्थे । डाक्टरले जे भने पनि स्वास्थ्य राम्रै थियो । एक दिनको कुरा हो सेतेकी बुढीलाई व्यथा लागेको रहेछ उनीहरू सबैले बिरामी परी भनी धामीझाक्री बोलाएर हेराउने फुकाउने गरे केही गर्दा निको भएन । सेतेकी बुढी काममा जान सकिन ऊ झारफुकले पनि निको हुनसकेन र उस्लाई तान्सेन लिएर जाँदै थियो बाटोमै मृत्यु भयो । सेतले आफूले समयमा उपचार गर्न नसकेकोमा पछुतो मान्दै घर गयो । घर गएर पनि घरमा खुसी हुन सकेन केही दिन काममा पनि गएन । सेतेकी आमा पनि बुहारीको मृत्यु सहन सकिनन् र केही समयपछि मृत्यु हुन पुग्यो । सेतेलाई झनै पीडा थपियो । आमा र श्रीमतीको काजक्रिया गर्दा झनै रिन लाग्यो । रिन तिर्न जसो तसो काममा जान थालो । घरमा एउटा गाई र बेसारे थिए । बेसारेले खाना पकाउने र गाईलाई घास काटेर हाल्ने भनेर माग्न हिडेको थिएन । घरमा भात पकाएर खानु भनी सिकाएर दाजु

काममा गएको थियो । आगो बालेर खाना पकाएर खाएछ र गाईलाई घास काटी आएर घरमा बसेको रैच । घरमा भात पकाएर आगो निबाउन बिर्सेच । घरम हावा हुरी चल्न थालेच । बेसारेले आगो निभाउन बिर्सेको थाहै पाएन्च । आगो घरमा सल्कन थालेच गाई तातोले पोलेर चिच्याउन थालेच बेसारले गाई बचाउन खोज्दा आफू पनि गाईसित सँगै मरेच । सेते कामबाट फर्कदा न घर छ त न भाइ र गाई नै छन् । यसरी ऊ एक्लो हुन पुगेच ।

स्रोत : पुनकला पौडेल

वर्ष : ५०, स्त्री,

अर्घाखाँची जिल्ला छत्रदेव -२, काभ्रे क्षेत्र

## ३. कोदे साउको कथा

आज भन्दा लगभग सय वर्ष पहिलेको कुरा हो । यो अर्घाखाँची जिल्ला अर्घाखाँची र गुल्मीको संयुक्त थियो । गुल्मी जिल्ला अन्तर्गत पर्दथ्यो । काभ्रे बल्कोट भन्ने अहिले साविकको बल्कोट छ र सात हालको छत्रदेव गाउँपालिका वाड नं. दुई आजभन्दा करिब सय वर्ष पहिले आत्रेय गोत्रमा उत्पन्न हुनुभएका पौडेल वंशका पुर्खाका जिवलाल पौडेल त्यसपछि मेरै वंशका पुर्खा चन्द्रमनी भुसाल गाउँ घरमा त्यतिबेला अनिकालको जोहो पर्थ्यो । अब चैत, वैशाख, जेठ, असार र लाग्दो साउनमा त महाअनिकाल पर्तो साउनमा कोइ नआउन् गाउँको लोकोक्ति थियो । एकदमै अनिकाल लाग्ने तर अनिकाल लाग्यो भनेर भन्न पनि कसैसित नहुने किन कि जस्ले अनिकाल लाएर अन्तबाट अन्न अनाज लेउच त्यसलाई बेसाआ खोज्ने भनिन्थ्यो । बेसाआ खोज्नेला बेसारे भन्ते । बेसारे भनेकोला कसैले छोरी पनि दिन्नते । त्यसकामा ब्या गर्न पनि आउन्नते । इज्जत गएको तल्लो स्तरको मान्छे कअलिन्थो । त्यस कारणले ठूलो समस्या परेच । ती हाम्रा छिमेकी पौडेल बाजे र हाम्रा भुसाल बाजेलाई अनि भेट हुनु भएच । ए ठूला बा के छ ? ठीकै छ बा यता आतो भनेर एकान्तमा बोलाएर लगेच । के छ ? घर खाने कुराको मेसो के छ ? बा कसैसित नभन्नुहोला आज चार, पाँच दिन भए घरमा जान केटाकेटी भोकै छन् । कसैले कहीँ गएर भन्चन् कि भन्ने ठूलो डर भओ । घर खानेकुरा छ कि छैन भन्दा छ भन्नु है भनेउछु । त्यही भन्चन् कि भन्ने डर छ । अरू ता के भनम् र बा तपाईको घरमा छ भने अलिकति सहयोग गर्नुस् बा भनेर भन्दा नकरा मेराँ झन् दस बाह्र दिन भए त्यही चाल छ कस्तो कुरो मिलो त्यही भओ भनेपछि अब कसो गरम्तो भनेर लामो समयसम्म सल्लाह गरे भोकले अन्यन्त आकुल व्याकुल भएका हुनाले जङ्गलका गिठा, भ्याकुर, कन्दमुल आदि खाएर गुजारी रहेका थे । अन्न अनाजको नाममा दश बाह्र दिनसम्म मुखमा परेकै थिएन । त्यसैले दुइटैले सल्लाह गरे । अब को जानी बेसा खोज्न भन्दा कसैले नदेख्ने ठाउँमा, कसैले नचिनेको ठाउँमा जानुपरो । तराइतिर जान धेरै टाढा पर्ने त्यसै पनि औलो लाएर, भ्याउते लाएर मर्ने सम्भावना बढी मात्रामा हुन्थ्यो । तराइमा मान्छे जान्थेनन् । लेखतिर जानुपरो भनेर इस्मा अर्जे भन्ने ठाउँतिर जानुपऱ्यो । धुर्कोट जान हुन्तो, बुढोमावल परो त्यतानी जान भएन था पाए भने बेसा खोज्न आथे भन्ने हल्ला हुन्च । अर्जे, इस्मा भन्ने ठाउँमा जाने भन्ने योजना भओ । वनको बाटो लुकेर गए । बेलुकी साँजमा घर जाँदा ओहो कोदे साउको घर भन्दै सोध्दै सोध्दै गाथे । कोदे साउ भन्ने रैचन् सप्पैले नाम के हो ? था यो भएन । कोदे साउका घर गइयो । वहाँहरू कोदे साउका

घर जाँदा गोठमा भैसीहरू ठूल्ठूला फाँचा भएका छन् । अर्को गोठमा दाम्लै, दाम्ला छन् । सायद गोरु गाईका होलान् । गोरु गाई छैनन् । दिउसमा सायद काममा गएका होलान् । घरका मान्छे कोही पनि छैनन् । कोदो रोप्न गएका रैचन् त्यति बेला साउनमा कोदो रोप्ने बेला हुँदो रहिच । यता अनिकालले चापेर बेसा खोज्न धोक्रा बोकेर लुकार गएका हाम्रा बाजेहरूले यताउता हेर्नुभो कतै केही नदेखे पछि एउटा बुढा मान्छे बस्नु भारैच कुनामा सेतै फुलेका बुढा आँखाले पनि राम्ररी नदेखिनी नजिकै गएर बा नमस्कार भन्नुभो । नमस्कार गर्दा नसुने झैँ गर्नुभएच वाँले सायद नसुनेरै होला अनि नजिकै गइकन सोध्दा खेरी कहाँ हो घर ? को हौ तिमीहरू ? भनेचन् । हामी त मगराततिरका मान्छे हुम् । हाम्रो ठाउँला मगुरात भन्ते । मगर, गुरुङ्ग, राइ तामाङको बसोबास भएकोले पछि त ब्राह्मण, क्षेत्री, कामी दमाइ, मुसल्मान, सुनार पनि आए बसोबास गर्नथाले पुरानो नाम मुगरात रहेको बल्कोट केरुङ्गालाई मगुरात भन्ने गर्थे । ए मगरातका हौ भन्दा हाम्रो त बल्कोट केरुङ्गा हो । संयुक्त नाममा बोल्दा रैचन् । हो त्यताका मान्छे त आउँते । किन हो आको ? हामी त बेसाआ खोज्न आएका हुम् । भनी लाज मानी मानी बेसा खोज्न आएको कुरा प्रस्ताव राख्नु भएच । बाबुहरूले त्याँट कोदो खोजेका होला कोदो त नबिकेको धेरै भओ चार, पाँच ओटा कोठाभरी कोठा भन्नाले घर भित्रको कोठो कोठाभित्रको टनक्कै कोदो खनेर निकाल्ने बेचनी, चौपानेले दिनी, चार देओ भने पाँच लिनी यो चलन थ्यो । त्यस वर्ष कोदो अलि बिकेको रैनछ । कोदो बेसाउन त मान्छे आउँते अहिले कम आएका छन् । कोदो धेरै जो छ, कसरी दिनुन्च बा ? कोदो त पाइने भओ । खै ! कसरी भन्ने कुरा त मला थाछैन । बाबुरला थाहोला भनेर भन्दा अचम्म लाएच । त्यस्तो फुलेका बुडाले पनि बाबुरला सोध्नुपर्च भन्नुन्च । अइले बाबुहुर आउनुन्चर भन्ने कुरा भओ । भित्र पसे भित्र गोरस होला निकालेर खाउ भनेपछि निकालेर खाइयो । भोकले आकुल, व्याकुल परेको जब बेलुकी साँज परो । एक जना बुढोले बढेमानको ठूलो राँघेमा खोस्मेरा घाँस, दाउरा एकै ठाउँ बनाएर कानमा भुत्ला उम्रेका, दौरा सुरवाल लाएका, अग्ला-अग्ला, काला बुडाले लौरो टेक्दै हँ हँ कन्दै आउँदै रैचन् । डोको बिसाएपछि को हो यिनी केटाहरू भने । हामी त मगुरातबाट आएका हुम् । केला हो ? केला आएका हौ ? हामी त बेसा खोज्न आएका हुम् बा । ए ! ल बसओ भनेर भने । त्याँट गोठालाइ गर्न थाले । ती भैसीको दुध बाल्टिमा दुँदै लिउँदै दुँदै लिउँदै चार पाँच खेप गरे । ताउलामा दुध तताउन थाले । दुध तताएर हाम्ला दुध ल्याएर के खोज्न आएका हौ त ? के बेसाउचौ तो खै ! यहाँ के पाइन्चर । कोदो लैजान्चौ ? भनेर भन्दा हाम्ले कोदो लैजान्चम् ।

कोदो कसरी दिनुन्च हाम्ला भाउ पुनि भन्नुस्, पैसा धेरै ल्याछैनम् भनेर भन्नु भएच । वहाँहरूले अनि यसै बिचमा यो कुरा ता मला के था भओरतो कोदो छ बाले बेच्चन् र बाला थाहोला भनेर तिनी बुडाले पनि त्यही भने । फेरी ताजुकको कुरा अगि फुलेका बुडाले बा भनेसी तिनी बा आए । यिनका पुनि बा को होला ? भनेर अचम्म ! मानेर दुद खाँदैथिम् । त्यत्तिकैमा अर्का बुडाले हाम्ले ठूला ठूला हरिसमा दुईतिर हलाका ठूटा बेँका लौरो टेकेका बुडा हौँ हौँ गर्दै आए । कही कतै फुलेका पनि नाइ, कानमा पनि भुत्ला छन् । छातीमा पुनि भुत्ला, कछाड फेरेका, अग्ला-अग्ला काला डन्ठा बुडा बा । जैसी बाउन् जो रैचन् ठिकै छ । भुइँमा राखेपछि को हो ? यो हामी ता बेसा खोज्न आएका हुम् भनिम् । ए ! ल ल बसओ कसरी दिनुन्च ? भनेर सोद्चम् त्यही यहाँले नि भन्नएन । कसरी दिने भन्ने ता धेरै मान्छे आ छैनन् । अहिले लिउर पहिल्यै आएचौ गाकी पठाइदिनु जति लान सक्चौ उति लैजाउला बोकेर सकुन भारी तिउर मगुरातेले कति बोक्चौर खै ! लैजाउला बसओ भनेर भने । त्यसपछि के खान्चौ ? रोटा खान्चौ की ढेडो खान्चौ ? पुवा खान्चौ ? की पिठो खान्चौ की आटो खाएका मान्छे हौला यहाँ आटो छनि । हामी त कोदो बाहेक अरू खान्नम् भनेर बाले भनेपछि ठिकै छ बा हाम्ला जे भए पनि हुन्च भनेर कुरा गर्नुभएच वहाँहरूले । त्यसपछि त भित्र कोदाको रोटा, कोदाको ढिडो पाकेको रैच मजाले दुध, घिउसित कोदाको रोटा ढिडो पुनि खान पाउनु, भोली ब्यान फ्रिमा कोदो जतिसको उति बोकेर कोदो लेर जान पाउनुभएच । एकातिरको खुसी ता भओ भनेर ढुक्क पनि हुनुभएच । वहाँहरू हाम्रा बाजेहरू अनि त्यसै बिचमा बडो कौतुहलता लागेच । ओहो ! ती बुडा बाजे सेतै फुलेका बाजेका बा वाहाँ अनि वाहाँका पनि बा वाहाँ झन् बैसाका जस्ता देखिनी भएपछि मनमा खुल्दुली आएच । के सोध्न खोज्याछौ ? के खुस् खुस् गऱ्याछौ केटा हो ? भनओ याँ भन्नुभएच बाले हेर्नुस् तो बा हाम्लाता अचम्म ! लाओ हामी पहिले वाहाँ सेतै फुलेका बा कानले नसुन्ने, आखा नदेख्ने हुनुन्थ्यो वहाँले बा हुनुन्च भनेसी वहाँ आउनओ बा पुनि बा हजुर हुनुभओ । हजुर कति वर्षका हुनुभएहोला ? के होला ? याँ कसरी यस्ता हुनुभो ? भनेर हाम्ला ता, अचम्म ! लाओ भनेपछि बुडा एक तमासले एकछिन ता पहिला खित् खित् हाँस्नुभो । हाँसेपछि भनओ हेर केटा हो । मेरो नाम के हो ? मला था छैन । मला सप्पैले कोदे साउ भन्चन् । म कति वर्षको भएँ भन्ने कुरा पुनि मला था छैन । अब, मला कोदे साउ भन्चन् । म अन्त कही गएको पुनि छैन । मैले कोदो भन्दा अरू खाएको पुनि छैन । लटे, लुँडे, बेथे, सिस्नु, कोदो, ढेडो, पिठो, मेरो खाना यही हो । मला ऐलेसम्म पेट दुखेको पुनि छैन । कहिले बिमारी

भएको पुनि छैन, हेर । मला छोरो जन्मो अघि तो ठूलो राँघे डोकामा घाँस लेउतो तो मेरो छोरो हो । एउटो मात्र छोरो जन्मो छोरो जन्मेपोछि मला पुनि खुसी लाओ र चारैतिरका मान्छे बोलाएर ठूलो छैँटी पि गरैँ । भोजभतेर पुनि गरैँ । ओहो! मला सबैले कोदे साउ भन्चन् । एला ता मगुरात तिरबाट आउनी केटाहरूला आटो लिउन भनेर ढेडो मात्र ख्वाउन परो भनेर आटो ख्वाएँ । आटो खाएपछि यो पुनि हुर्किंदै त गयो तर कुन्नि किन हो परार एकपटक पेट दुःखो भनो । सायद त्यही आटो खाएर दुःखेको होकी भन्ने जस्तो लाग्च । यो पुनि कति वर्षको भओ मैले सम्झन्न । अन्तिममा यस्ला छोरो जन्मो एला पनि एउटो छोरो जन्मो तो छोरो अब यही हो ई । यो फुलेर त्यस्तो भाछ । परार चौरासी गर्देको हुम् । आँखाले देख्दिन भन्च । सेतै फुलेओछ । रिगाउँच भन्च । यस्ला के भओ भन्चौ भने नाति जन्मो यत्रो सम्पत्ति भएको मान्छेले चाँहिनी भात भन्ने मिठो हुन्च अरे तराइमा हुन्च अरे । पानीमा उम्रन्चरे माथि टुप्पामा फल्चअरे भनेर चाँहिनी मगाएर त्यस्ला पकाएर ख्वाइयो । देख्दा त जादै घिनलाग्दै हुनेरैच, किरकिर ! जस्तो बिरामी भएकाले यहाँहुँदी कसै-कसैले खाएको देखे । मलाई घिन लाओ । देख्दा पुनि घिन लाओ । नदेखि ख्वाओ ख्वाउने भा ख्वाओ भने । भात मीठो मानी मानी खायो । खाँदाखाँदै यो त त्यही भातले होला कर यो भाते यो भओ । सेतै फुलो भातै जस्तो भओ । योता यस्ला कुन्नि के के भको छ । रिगाउँच पनि भन्च । उठ्न पनि सक्दैन हेर । यो खानाले यती थोक गर्ने रैच । तिउरता आटो पुनि खाएका भात पुनि खाएका हामी ता कोदो खाएका भनेर यसरी ती बुढाले भनेको सुन्दा हाम्रा बाजेहुर अचम्म परे र ओहो ! सबभन्दा ठूलो कुरा प्राकृतिक सन्तुलित खाने कुरा हो । हाम्ले हेला गरेको कोदो, लटे, लुँडे, बेथे, सिस्नु आदि खाद्य पदार्थ खाँदा मानिस निरोगी हुनेरैछ भन्ने कुराको महसुस गरेर यहाँ पनि कोदाको बिउ ल्याएर कोदोको बिउ रोपेर हाम्ले पनि पछिसम्मन बाबु हो कोदो खानुपर्छ । कोदाले बइल्लो भइन्च भने अनि भैसी अड्के, भैसी दुब्लाए, उठ्न सकेनन् भने कोदाको ढेडो बनाएर ख्वाउने, कोदाको रोटी ख्वाउने, बिमारी भओ भनेनी कोदाको रोटी ख्वाउने जस्तो काम पछिसम्मन पनि गर्नुन्थ्यो । यो चाहीँ कोदे साउको कथा वहाँहरूले भोगेको भोगाइबाट निकालिएको हो । भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठ जाला, यथार्थ पनि हो भन्नेबेला खुरु-खुरु पुनि आउला ।

स्रोत व्यक्तिः मनमाया पौडेल

वर्षः ६५, स्त्री ,

अर्घाखाँची छत्रदेव- २, काभ्रे

## ४. राजा र प्रजाको कथा

एकादेशमा राजाको दरबार थ्यो । राजदरबारमा पाँच सय सिपाई राजाको रेखदेख गर्नमा खटिएका थिए । राजाका दुई सुसारे तीनवटी रानी थिए । त्यहाँ राजाले सबै प्रजाहरूलाई पनि आफ्ना सन्तानलाई जस्तो माया गर्थे, राजा र प्रजा खबै मिलेर बसेका थिए । अर्घाखाँचीलाई अर्घा र खाँची दुई जिल्लामा विभाजन गरेर राज्य गरेका थे । अर्घा भन्ने ठाउँ हालको छत्रदेव जाउँपालिका पहिलाको बल्कोट गा.वि.स. वाड नं. सात अर्घा जिल्लामा पर्थ्यो । त्यहाँ मगरले राज्य गरेका थिए । त्यसैले यहाँको ठाउँलाई मगराती भन्छन् ।

त्यहाँ राजाको शासनकाल साह्रै राम्रो जनता र प्रजाबिचको मेलमिलापबाट एकदमै राम्रोसँग राज्य चलेको थ्यो । राजाका तीन रानी नै निसन्तान थिए । एक दिनको कुरा हो । राजालाई त्यस दरबार आफ्नो बच्चा खेलेको, हासेको हेर्ने रहर आफ्नी जेठी रानीमा जाहेर गरे । जेठी र माहिली रानीबाट बच्चा नजन्मिएकाले कान्छी श्रीमती बिहे गरेका थिए । जेठी रानीको सल्लाह सुझाव बिना कुनै काम गर्दैनथे । जेठी रानीकै आदेश बमोजिम केही समयपछि कान्छि रानी गर्भवती भएको कुरा राजदरबारमा बाहिरियो । राजदरबारमा राजकुमारको आगमन हुने खुसीयालीमा प्रजा, सैनिक, आफ्ना इष्टमित्र भाइभारदार बोलाइ भोजन ग्रहण गराई बिदा गरे । नभन्दै नौ महिनामा कान्छि श्रीमतीबाट छोरा जन्मियो । छोरा पुष महिनामा जन्मेको थियो । त्यो समय निकै ठण्डा महिना र हुस्सु लागेको थियो । राजदरबार जाने बाटो जङ्गलको भएकाले बाघ भालुको डर थ्यो ।

बच्चा जन्मेको छ दिनमा छैठीमा बाजागाजासहित प्रजा, आफ्ना इष्टमित्र, सैनिक सबैलाई बोलाएर रमाइलो गर्ने इच्छ्या जाहेर गरे । राजाको इच्छ्या बमोजिम सबैलाई बोलाइ राजाको आज्ञाबमोजिम सबै कार्य सम्पन्न गर्ने भए । बाजा गाजा बजाउनको लागि दर्जिहरूलाई निम्ता गरियो । बिहानै उठेर दर्जिहरू राजाको घरतिर लागे । बाटोमा निकै हुस्सु लागेकाले केही देखिदैनथ्यो । अन्धकारमय थियो । एक अर्कालाई चिनिदैनथ्यो । गफ गर्दै जाँदाजाँदै बाटोमा बाघ, भालुको डर थ्यो । बाघ र मान्छेलाई चिन्न गाह्रो हुने अवस्था थ्यो । त्यसै अवस्थामा नभन्दै जङ्गल आफ्नो कोही साथी आए जस्तो एक जना दर्जीलाई लागेछ । अनि ती साथी होकि भनेर नजिकै पुगेछन् । नजिक पुगेर हेर्दा म्यालकको बोटमा देखेछन् । त्यो समय म्याल पाकेको समय थ्यो । वरपरका मान्छे जङ्गलमा म्याल खान जान्थे । उसलाई म्याल खान कोही आए जस्तो लागेच । त्याँट उस्ले जवो बराजु यति चाँडै

म्याल खान आउनु भएको भन्दै ढोग्दा त भालु रुखबाट झरेछ । भुइँमा झरेपछि बल्ल भालुलाई चिनेच । उस्ले डराएर डल्ले कर्नाल बोकेको रैच फुकेच त्यो सुनेर भालु एकातिर दर्जी अर्कोतिर भागाभाग गरेचन् । उनीहरू राजदरबारमा समयमा पुग्न नसक्दा हल्ली खल्ली भएच । केही बिलम्ब भएच । राजदरबारमा पुग्दा सबै कार्यक्रम सकिसकेको रैच । समयमा नपुगेकाले उनीहरूसित राजा रुष्ट भएर राजाले सजाय दिन लागेका थिए । त्यसैका बिचमा भालुबाट ज्यान जनतन बचाएर आएको बेलिबिस्तार गरेपछि राजाले माफी दिएर भोजन गराई पारिश्रमिकता दिइ बिदाइ गरे । राजाको प्रेमपूर्ण भावले दर्जीहरू निकै खुसी भए ।

स्रोत : जोबकला पौडेल

वर्ष : ५५, स्त्री,

छत्रदेव -२ ,अर्घाखाँची काभ्रे

## ५. पापिनी बुढी

एकादेशमा एउटा बुढाबुढीको परिवार बाहिर हेर्दा निकै मिलेर बसेको जस्तो देखिन्थ्यो । उनी न्यून वर्गका परिवार थे । उनीहरूका सन्तान भएका थेनन् । बुढोले सन्तानको रहर गरेर एक दिन बुढीसँग आफ्नो कुरा राख्यो बुढीले पनि सहमती जनाई । उनीहरू बच्चा जन्माउने होठमा धामीझाक्री, मठमन्दिर गए । घरमा सत्यनारायण पुजा लगाउने । अनेक व्रत बस्ने गरे तर उनीहरूका बच्चा भएनन् । बच्चाबच्ची नभएपछि बुढाबुढीमा हान्थाप हुनथाल्यो । एकअर्काबिच अरूला देखाउन माय गरेजस्तो गरेनी भित्रदेखि एकअर्काबिच त्यति माय हुनछाड्यो । बुढीले बुढालाई जहिले आटो पकाएर ख्वाउथी । आफूलाई खान मन नलागेको बताउँथी । बुढोले कर गरेर ख्वाउन खोज्दा पनि खान्थिन ।

खाना ख्वाएर बुढोलाई जहिले घाँस, दाउरा काट्न जङ्गल पठाउँथी आफू सधै बिरामी भएको, काम गर्न नसक्ने, खान मिठो नभएको बताउथी । बुढोलाई जङ्गल पठाएपछि हतार-हतार गरी खीर पकाएर खान्थी । बुढो जङ्गलबाट आएर खाना पकाउने, भाडा धुने सबै गर्थ्यो । एक दिनको कुरा हो । बुढीले खाना नखाएको एक हप्ता बितेछ । यति दिनसम्म त बस्न सकिदैन । आज जङ्गल जान्छु भनेर घर पछाडि लुकेर बस्नुपरो । के के गर्ने रैचे । यसको चालामाला बुज्छु भनेर जङ्गल नगइ बसेच । बुढी म जङ्गल हिडे तँ राम्रोसित आफ्नो ख्याल गरेस भन्दै बुढो हिडेको दस मिनेटपछि त चुलोमा आगोको ध्वा निस्कियो । के पकाउँदिरैचे भनेर हेर्दा त खिर पकाएर टपरीमा खाएको देख्यो । पहिलो दिन त किन होला यति झुटो बोल्ने भनेर सोचेछ । अर्को दिन त भोक लागेन बिरामी छु भनेर म नभा बेला एक्लै खाएर बस्ने, मला आटो खान मन छैन । खिर खाउँ भनेर भन्दानी त कर क्योर दुइजनाले खान हुन्थ्यो । पाए मैले तँला कैले यो नखा, यो गर् यो नगर् भनेर कैले भनेको छु र भनेपछि बुढीलाई आफ्नो एउटा बुढाला नि धोका दिएको, एक्लै खाएर पाप गरेको महसुस गरी र अबदेखि त्यस्तो नगर्ने वाचा गरी । बुढाबुढी आनन्दसँग मिलेर बसे ।

स्रोत व्यक्ति: कुमार पौडेल

वर्ष : ५५, पुरुष ,

अर्घाखाँची छत्रदेव -२ ,काभ्रे

## ६. अलौकिक चरा

एकादेशमा बुढा र बुढी बस्थे । उनीहरू केही गरेर खानुपर्छ भन्ने सोचका निकै मेहनती, लगनशील थे । उनीहरू दुईजना मिलेर कपासको खेती गरेका थे । त्यो कपास खेती आफ्नो घरबाट आधा घण्टा पर थ्यो। त्यहाँ चराचुरूङ्गीले खाएर नाश गर्छन् की भनेर दिनै बुढाबुढी पालैसँग कपासको खेती हेर्न जान्थे। एक दिनको कुरा हो, एउटा चराले कपास खाइरहेको बुढाले देखे। त्यो देखेपछि चरा बुढाले लगार्न थाल्यो। चरा लगार्दा चराले बुढालाई उल्टो खिज्याउँदै भन्यो कपास खाएँ मैले बुढाले भाला हान्दा हात बुढाको दुखो भनेछ । अझै बोल्छस् भन्दै बुढो पछि पछि चरो जता जान्छ उतै दौडेछ चरा वल्लो डाली र पल्लो डाली गर्दै आफ्नो सुर छोडेनछ कपास खाई नै रहेछ। बुढाको दैडाई देखेर चराले गिज्याँउदै भनेछ। मैले कपास मेरो के सक्कयो बुढाको खुट्टै दुख्यो । दिनभर बुढा थकित भएर घर गएछन्। बुढीसँग दिनभरीको दुखेसो सुनाएच, बुढी सुनेर हाँसिछ । एउटा जाबो चरा लगार्न नि नसक्ने। भनेर दुवै जना जाउँ भनी दुवै जना खाना खाएर कपास खेतीतिर लाएछन्। जाँदा चरो निस्फिक्री तरिकाले कपास खाईरहेको देखे। चरो लखेट्न थाले। चरोले टेर्दै टेरेन घरी यता घरी उता गरी कपास खाइ नै रह्यो।

चराको यो बेथिती सहन नसकेर चरो समाएर काटेर भुटेर खाउँ भन्ने सल्लाह गरे । भोली बुढा र बुढीको चरो समाउने र भुटेर खाने निधो गरी भोली बिहानै उठेर हिजोको सल्लाह मुताविक गर्ने निर्णय सहित कपास खेतीमा पुगे । जाँदाजाँदै चरो हेरे । चरो पहिले जहाँ थ्यो त्यही थियो । चरो समाउन बुढाबुढी यताउती हेर्दै धेरै बेर प्रयास गरे पनि त्यो दिन थकित भएर फर्के । चरो समात्न सकेनन् । भोली फेरी कसरी समात्नी यो चरा नसमाइ हुन्न भनेर गुलेली लिएर गए । चरा सधै बस्ने ठाउँमै थियो । कोही गएको थिएन । वल्लो डाली र पल्लो डाली गर्दै कपास खाइरहेको थ्यो । बुढी रुखमै चढेर समाउन खोजी चरो उडेर अर्को डालीमा गयो । अर्को रुखमा जाँदा अर्कोमा गयो । समाउन नसकेपछि एउटा खुट्टाम गुलेलीले हानी भुइँमा झारे । भुइँमा झरेपछि चराले भन्यो “बुढोका खुट्टा दुईटा मेरो खुट्टा एउटा“ र बुढाले समाएर घरमा लगि डोकाभित्र राख्यो अनि “बुढो बाहिर मभित्र“ भन्यो । बुढोलाई अझै गिज्याको देखेर खुबै रिस उठो र भन्यो बुढी छिटो खुर्पा उदा त यस्ला दुई टुक्रा नपारी चुप लाग्न छोडेन भनी बुढीले खुर्पा उदाइ तातो पानी तताइ बुढाले त्यो चरो काटेर दुई टुक्रा पारो । चरोले “बुढो एउटा म दुईटा“ भन्यो । धेरै पिस पिस पार्दै

गयो । अनि चरोले “बुढो एउटा म अनगिन्ती“ भन्यो । मसला तेल हालेर भुट्न थाले । “बुढो फुस्रो म चिल्लो“ भन्दै करायो । पेटमा हालेपछि नकराउला भन्दै खान थाले । बुढो बुढी बाहिर म भित्र भनी रातभरी कराएर सुत्न दिएनछ । यति गर्दा नि मरेन बुढी भनेर बुढाले अब के गर्ने यस्ला भाग्न दिनुभएन । दिसा गर्न जानी बेलामा वरिपरि गाउँका मान्छे बोलाएर बाहिर निस्कने बेला चरोलाई काट्नुपर्छ भनेर सल्लाह भएच । भोली हिजोको सल्लाह मुताविक नै छिमेकीलाई बोलाए । बुढो दिसा गर्न आएच । बुढाको वरिपरी छिमेकीलाई खुर्पा समाएर पहरेदार जस्तो गरी बसे । चरो निस्कन लागेको देखेर जोडसँग हाने । हान्दा चरो उडेर भागेच । रुखमा बसेर बुढाको मुजी काट्यो मेरो के चाट्यो भन्दै कराएच । यसरी चरो बाँच्न सफल भयो । जति मार्न खोज्दा पनि अलौकिक शक्तिले चरोलाई कुनै हानीनोक्सानी नभइ बुढाबुढीलाई नै हानीनोक्सानी भयो । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा भन्ने बेला मुखमा सरसर्ती आउँला ।

स्रोत व्यति : जमुना पौडेल

वर्ष : ४५,स्त्री,

अर्घाखाँची छत्रदेव -२, काभ्रे

## ७. मसानको कथा

प्राचीन युगको कुरा हो । हाम्रा पुर्खाहरूले सुनेको कुरा पहिला पहिला मान्छेहरूलाई मसानले धेरै सताउने गर्दथ्यो । खाना बनाएको मागरे खाइदिने । जे देख्यो त्यही माग्ने गरेर हार मनाउथे । छैन भन्न पनि पाउँदैनथे । मान्छेको जनङ्ख्याभन्दा मसानको जनसङ्ख्या धेरै थ्यो । खेतमा खेतीपाती पनि मसानले नै गदिर्न्थे । घरमा घाँस काट्ने, पानी बोक्ने सबै काम मसानले नै गर्दिन्थे । उनीहरूलाई खाना ख्वाउने । अनि ख्वाउने वा खुआउने काम मान्छेले गर्दथे ।

एक दिनको कुरा हो । अर्घाखाँचीको बल्कोट गा.वि.स. वडा नं. सात पहिलाको अहिले छत्रदेव दुईमा पर्ने काभ्रे भन्ने ठाउँ छ । त्यहाँ एकजना धनाड्य परिवारका घनश्याम साहु भन्ने थे । तिनले कान्छा छोराको ब्या धुमधामसित गर्ने भनेर गाउँले बोलाइ जन्ति बाजागाजासहित बिहे गरे । सबै हाँसीखुसी ब्या सम्पन्न गरी रमाइलो गरे । असार महिना थियो । घनश्याम साहुको खेत टन्नै थ्यो । खेतालाहरू मसान आएर पुरै काम सिध्याएर जान्थे । खेतालालाई अर्नि बोकेर सधै घनश्यामकी बुढी जान्थिन् । बुढीलाई थाहा थियो । मसानलाई अर्नि दिएर त्यता फर्केर नहेरी घर आउने कुरा नफर्की आउँथिन् । एक दिन खेतालालाई अर्नी बोकेर कान्छी बुहारीले म जान्छु भनिन् । घनश्यामकी बुढीले खेतालालाई अर्नी दिएपछि त्यता नफर्की आए है भनेर सम्झाइबुझाइ पठाएकी थिन् । बुहारी नि हस् भनेर गइन् । बुहारीले खेतालालाई अर्नी देर के गरेका छन् भनी फर्केर हेरिछिन् । घनश्याम त्यहीँ थिए । मसानले बुहारीलाई खाइसकेका थिए ।

यसरी मसानले साह्रै दुःख दिएपछि एक दिन गाउँले मसान भगाउने उपायका बारेमा सोचे । त्यो गाउँका सबै बसेर सरसल्लाह गरे । मसान रातपरेपछि खुट्टामा लाउन भनी नौनी घ्यु माग्न आउँथे । नौनी घिउ दिँदा घर आएका थे । त्यसपछि सबै गाउँले सल्लाको खोटो ल्याएर दिने र आगो लगाएर मार्ने भन्ने सरसल्लाह गरे । त्यही सरसल्लाह मुताबिक सल्लाको खोटो प्रत्येक घरमा ल्याएर राखे । जस्को घरमा माग्न जान्छन् । सल्लाको खोटो दिएर लाउने तरिकासम्म सिकाइदे । सल्लाको खोटो लाएपछि शरीरमा चप्क्यो के गर्ने भनेर फेरी मसानहरू मान्छेलाई सोध्न गएछन् । सोध्दा मान्छेले आगो लगाएपछि पग्लन्छ भनेछन् । बुद्धि नभएका र आगोले पोल्छ भन्ने थाहा नपाएका मसान शरीरमा मान्छेले भने जारी आगो लगाएचन् । शरीरमा आगोले पोलेको सहन नसकेपछि पोल्यो भन्दै अत्तालिँदा रमा डुब ठीक

हुन्छ भनी मान्न सिकाएछन् र रहमा डुबेर सबै मसान हराएचन् । त्यस समयदेखि मसान मान्छेको सामु नदेखिने तर छाया बनेर हिड्ने गरेका भन्ने किम्बदन्ती छ ।

स्रोतव्यक्ति : वन्दना पौडेल

वर्षः ५०,स्त्री,

अर्घाखाँची छत्रदेव -२ काभ्रे

## ८. लामाकानेको कथा

एकादेशमा लामा कानेको राज्य थ्यो । त्यहाँ छोटा काने जादैनथे, छोटा कानेलाई लामाकानेले भेटे भने काटेर खान्थे । छोटा काने आफूहरू मर्ने डरले त्यस राज्यमा जाँदैनथे । एक दिनको कुरा हो । छोटा काने घुम्दै-घुम्दै जाँदा साँझ पऱ्यो । त्यहाँ वरिपरी कहिँ बासा बस्ने ठाउँ थिएन । उनीहरू दुवै जना डराए के गर्ने होला । लामाकानेको राज्यमा आएच । सबै घर लामा कानेका हुन् । अब यहाँ बसियो भने हामीलाई मार्छन् । बरु आजको रात जङ्गलमा गएर रुखमा चडेर बसौं । भोली बिहान कसैले थाहा नपाउँदै जाउँला भनेर दुवै जना जङ्गलतिर लागे जङ्गलमा रुख नहल्ली चोकमा बसेचन् । राति ति दुई जना मध्ये एक जनालाई पिसबले निकै च्यापेच । साथीलाई आफूलाई पिसाबले चापेको कुरा बताएच । साथीले रुखबाट झर्दा जोखिम हुन्छ सोचेर रुखबाटै पिसाब फेर्न सल्लाह दिएच । सल्लाह मुताविक रुखबाटै पिसाब फेरेच । लामा काने रुखको फेदमा सुतेको ति छोटा कानेलाई लाइट बालेर हेऱ्यो । लामा कानेले छोटा काने हुन् भन्ने थाहा पाएपछि गाउँलेलाई बोलाएर काटेर खाने भनी कसैले त्यो रुख घेरा हाल्ने, कसैले खुर्पा उदाउने गर्न थाले । त्यो छोटा कानेहरूले थाहा पाए । आज पक्कै लामा कानेको शिकार भइने भयो भनेर आल काल भए । उनीहरूलाई कसरी झुक्याउने भनी उपाय रच्न थाले । उनीहरूले नदेख्ने गरी थाहा नपाउने गरी एक रुखबाट अर्को रुखमा, अर्को रुखबाट अर्को रुखमा गर्दै उनीहरूबाट भाग्न सफल भए । रातभरी रुखलाई बाटो बनाइ उज्यालो हुँदा आफ्नो घरमा पुगे । आफूले बाटोमा भोग्नु परेका सबै पीडाहरू परिवारलाई सुनाए । ठूलो कालबाट बचेर आएकोमा भोज गरेर खुसीयाली मनाए । आफ्ना परिवारसँग मिलेर बसे । फेरी अर्को पुनर्जन्म भएको जस्तो भयो ।

स्रोत- माया पौडेल

उमेर-४६ , स्त्री,

## ९. गरिब बुढाबुढी

एकादेशमा बुढाबुढी बस्थे । तिनीहरू निकै गरिब थिए । उनीहरूसँग खानका लागि अन्न र बस्नका लागि बाससमेत थिएन । एक दिन दुईजना बुढाबुढी काम खोज्न भनी घरबाहिर निस्केछन् । बाटामा बुढाले एउटा चामलको दाना भेटाएछन् घरमा फोहोर भयो बढार्छु भन्दै बढार्न लाग्दा मासको दाना भेटाइछन् । बुढीले खुस ी हुँदै बुढालाई बोलाएर मैले मासको दाना भेटाए बुढा भनिछन् र बुढाले पनि आफूले चामलको दाना भेटाएको कुरा गरेछन् । दुईजनाले चामल र दाल मिलाएर खिचडी खाने कुरा गरेछर्न् । खिचडी खानलाई थाल थिएनन् अरे अनि सालको पात टिपेर टपरी खुटेर खाने भन्ने सल्लाह गरेछन् । बुढीले म पात टिपेर ल्याउछु बुढा भनिछन् ।बुढाले ल हुन्छ तिमी पात लेर आऊ, तिमी आउन्जेल म खिचडी तयार पारेर राख्छु आएपछि टपरी खुटेर खाउँला भनेछन् । बुढी पात टिप्न घर पछाडि नजिकैको जङ्गलमा गइछन् । जति तल गयो त्यति राम्रा पात देखिन्छन् उनी टिप्दै टिप्दै तल झरिछन् । उनी रुख चढ्न सक्दिन थिन् । टिप्दै तल जाँदा बाघ देखिछन् । बाघले बुढीलाई किन आको यहाँ भनेर सोधेछ । मत पात टिप्न आको बुढाले चामल भेटाए मैले दाल भेटाए खिचडी खान भनेको खाने भाँडा नभएर टपरीमा खाने भनेर भनिछिन् । बाघले बुढीलाई मलाई खिचडी दिने भए म पात टिप्दिन्छु भन्छ । हुन्च दिउँला बाँडेर खाउँला टिप्देउ भन्छे । अनि बाघले रुखमा चढेर राम्रा-राम्रा पात टिप्दिन्छ । खिचडीको लोभले बुढी बाघलाई छलेर पात टिपीसकेपछि बाघलाई खिचडी पाकेको छैन एकछिन पछि आउने पकाएका छैनन् होला भन्छिन् र दौडेर घर जान्छिन् । बाघले पनि हुन्छ तिमी जाँदैगर म आउँछु भन्छ । बुढी हस्याङ्-फस्याङ् गर्दै आत्तिदै घर जान्छिन् । बुढालाई त बुढी रुख चढ्न सक्दिन भन्ने थाहा थियो । बुढीले राम्रा-राम्रा पात ल्याको देखेर कस्ले टिप्देओ यस्ता राम्रा-राम्रा पात भनेर सोध्छ । बुढीले भन्छे बाघले टिपेर देओ बाघलाई नि खिचडी राख्दिने भनेर भनेको छ भन्छिन् । बुढाले यती खिचडी हामीले खाने कि बाघलाई दिने भन्छ । बुढी घर जाँदा खिचडी पाकिसकेको रैच उनीहरूले खिचडी खान थालेछन् जति खायो उती मिठो लाएच खिचडी सिद्धिएछ । बाघले त खिचडी नराख्दे मार्चु भनेको छ अब कसरी बाँच्ने भनेर बुढा र बुढीले दिसा गरेर घरको गाह्रोमा गु टपरीमा हालेर राख्दिएछन् । बाघले खिचडी राख्देका रहिछन् भन्छ । हामी बाघ नआउन्जेल कोठाको अँध्यारो कुनामा लुकौं बाघ गएको थाहा पाएपछि बाहिर निस्कौंला भनेर सल्लाह गरेछन् । अनि खिचडी खाँदाखाँदै रात अलि छिप्पिन्छ । अनि बाघले ढोका खोल बुढी ढोका खोल भन्छ । त्यहाँ त सुनसान छ वरिपरी

कसैलाई देख्दैन अनि बाघले जोडले ढोका हानेर फोर्छ भित्र छिर्दा टपरी देख्छ । टपरी देखेपछि बुढाबुढी नभए पनि खिचडी त मेरो भाग राख्देका रैचन् भनेर खुसी हुन्छ । टपरी खोलेर खान थाल्छ । खान थाल्दा त टपरीमा मान्छेको दिसा भन्ने थाहा पाउँछ । उसलाई लाटो रिस उठ्छ । यिनका बुढाबुढीलाई त नमारी छाड्दिन भनेर यताउती खोज्छ । बुढाबुढी अँध्यारो कुनामा अटस् न पटस् परेर बस्छन् बोल्न नि भएन । बाघले अघिपछि खोज्छ भैट्दैन । बुढालाई एकदम पेट अप्ठ्यारो भएर बुढी मलाई त पाद आयो के गरम भनेच । अव बर्वाद भयो बाघले थाहा पाए मार्च अब के गर्ने , बुढीले बिस्तारै पाद बुढा बाघले नसुन्ने गरी भनिचन् अनि बुढाले बस्तारै पादेच । फेरी बुढीलाई अटसपटस् भएर बुढालाई भनिच ए बुढा मलाई नि पाद आयो भनिछ र बुढाले पनि तैले पनि सुस्तरी पाद बुढी भनेच । बाघले थाहा पाएनछ । कुनामा च्यापेर एक घण्टा बसेछन् । बाघ अझै पनि गएनछ ।बाघले ढुकेर बसेको रैच । यिनी बुढाबुढी मलाई ढाटेर कहाँ गए यिनी बुढाबुढीलाई नमारी छाड्दिन भनी रिसले चुर भएर बसेको छ । बस्दा बस्दा बुढाबुढीलाई फेरी गाह्रो भएछ बुढालाई फेरी पाद आएछ । ए बुढी मलाई त पाद आयो भनेच , कति पाद आएको बुढा यस्ता बेलामा भनेर बुढीले भनिच बुढाले जति रोक्दा पनि रोकिएन्च र जोडसँग पादेको बाघले सुनेच । बुढाबुढी त बाठा रैचन् यस्ता घरमा एमबुस थापेका रैचन् भनेर बाघ भागेच र बुढाबुढी वाहिर निस्केर खुसीसाथ बसेचन् ।

स्रोत व्यक्तिः दीपा पौडेल

वर्ष : ४०, स्त्री,

अर्घाखाँची छत्रदेव -२, काभ्र

## १०. घोडाको फूल

आजभन्दा धेरै वर्ष पहिलेको कुरा हो । न गाउँमा बाटो घाटो आएको थियो न कुनै चेतनाको विकास भएको थियो । सबै मान्छे सोझा, गरी खाने, घाँस, दाउरा, स्याउला, सोत्तर सोर्ने, डिगा, बाछा पाल्ने, यी तरिकाको व्यवस्था थियो । मान्छेमा चेतनाको लहर आएको थिएन । पढालेखाको अवस्था पनि थिएन रैच अनि मैले बाजेबाट सुनेको कथा गाउँमा हाम्रो अर्घाखाँचीको बल्कोट गा.वि.स. त्यतीबेलाको वाड नं. ६ साविकको झिर्बास भन्ने ठाउँमा जहाँ बस्ने परिवारका सदस्य एउटा परिवारमा दुई जना दम्पति मात्रै थिए । श्रीमान ज्यादै सोझो भएकाले बाठी केटी ब्या गर्दिन परो भनेर टाठी केटी ब्या गर्देका थिए । श्रीमती टाठी थिइन् । कैलेका बैठक, कैलेका आमा समूहका मिटिङ, कहिले कहाँ, कहिले कहाँ, यताउति जान परे चारजना मान्छेका अगाडि गएर बोल्न परे श्रीमती नै बोल्ने गर्थिन् । श्रीमान्ले लुरुक्क परेर घाँस, दाउरा, स्याउला सोत्तर सोर्नेतिर मात्र लाग्दथे, यस्तो थियो ।

श्रीमती चटक्क परेर हिड्ने, श्रीमान घरै बस्ने गर्दा खेरी त्यहाँ त्यतिबेलाको जमानामा सबैले धेरै कुरा टिकाटिप्पणी पनि गर्थे । आजको जस्तो जमाना थिएन । श्रीमती भनेको बन्धनभित्र रहनुपर्ने अवस्था थियो । तर तिनी फूलमाया झै स्वतन्त्र थिइन् । अनि एक दिन फूलमाया बजारबाट आउँछिन् । व्यवहार गर्छिन्, हिसाब किताब उनैले गर्छिन्, पैसा उनैले राख्छिन्, श्रीमानले काम गरिरहन्छन् । अनि पकाएर खान दिन फेरी श्रीमानले पर्थ्यो, फूलमायालाई । श्रीमान कर्मले सोझा मान्छे पकाएर खान दिनुपर्ने श्रीमती सधैभरि बजारमा हिड्नी, वल्लारे, पल्लारे, माथिल्लारे, तल्लारे, सिराने, पुच्छारेले खिसी गर्थे । के हो ? श्रीमती गाउँ गाउँमा हिड्ने तैले खुरुखुरु गोबर फाल्ने खुब दलाइछ नि श्रीमतीले भनेर जिस्काउने गर्थे । ठिकै छ टाठी छन्, हिड्चिन्, मैले घरको काम गर्देको छु, एक थोक एक थोक गर्न त परोकर भनेर मान्छेको अगाडि भन्थ्यो तर मन कता कता कुटिन्थ्यो । मन श्रीमती हिड्नी म घरमा बस्नी, सबैले खिसी गर्ने, भन्ने पनि हुन्थ्योहोला एक दिन श्रीमतीले के पकाको यस्तो तरकारी पनि अलि मीठो पकाउन आउन्न, यस्तो तरकारी पकाउने भनेर भन्दा उहिलेदेखि जमिरहेको भित्रको दमित रिस चाहिँ एकाएक जुरुक्कै उठ्यो र भन्न थाल्यो । लिउनुनी लिउनु बजारतिर यताउता जाने मान्छेले त बजारमा पाइने राम्राराम्रा चीजहरू ल्याउनुनी, आलु ल्याउनु, प्याज लिउनु, लसुन लिउनु, टिमुर लिउनु, मसला ल्याउनु, नानाभाँती भेराइटी ल्याए त ! बनाइन्थ्यो नि त ! लिउने केही होइन मिठो भएन भनेर मलाई मात्र थर्काउनी । टाठी छु भन्या हो क्यो म पनि छोरो मान्छे हुम् के छोरो मान्छे भनेर पो रन्किदा उनी पनि के कम र यसै पनि माथि चढी सकेकी श्रीमती फेरी रन्केर भनिन् ।

बजार बजार भनेर हुन्छ पैसा चाहिन्छ नि पैसा पैसा कसरी जोगाउनी भन्ने छैन । बजारमा आलु पनि छैन प्याज पनि छैन भएको आलु, प्याज कति महङ्गो छ । अहिले त आलुलाई त दस रूपैयाँ भन्न थालिसके । उसले पनि रन्केर भन्न थालो थाछ, थाछ, मलाई पनि थाछ । बजार नगए पनि पाँच रुप्पेमा जति पनि आलु पाइन्छ । जमाना धेरै पहिलेको हुनाले पाँच रुप्पे आलुको कुरा रैच ल! ल! गएर देखाउ त! जानु पर्‍या छैन ऐलेसम्मन् माथि पाटिको बजारसम्म निस्कन परेको छैन अफ्र चाहिँ भन्नी भनेर पाँच रुप्पे फाल्दिछन् । ल पाँच रुप्पेले एक किलो आलु ल्याएर देखाउतो भनेर झोक पो छुटेच । आज म पनि छोरो मान्छे हुँ जान्चु जहाँ गइएला गइएला भन्दै निस्केच । बिचरा ! कहिले पनि घरबाट मात्थिर ननिस्केको पँधेरासम्म गएको त्यसपछि यताउता नआएको माथि बजारमा जाँदा त ओहो ! बजारमा त, कपडै कपडा राखेका, कोही ठाउँ गल्ला समान राखेका, तरकारी राखेका, फलफूल राखेका देखेर अचम्म परेच । हेरेको हेरै भएच घर जान पनि बिर्सेच अनि सोद्दोरैच यतिका कपडा कहाँबाट लेउनु भएको होला । काँबाट लिउनी हो यही बनाइन्च भनेर व्यापारीले जिस्केर भन्दा रैचन् सोजो देखेर अनि तरकारी पसलमा गएच । मत आलु किन्न आएको मान्छे आलु कति रुप्पे किलो पाइन्च होला । ए ! अरूलाई भएत बाह्र रुप्पे किलो हो । तपाईलाई चाहीँ दसै रुप्पेमा दिम्ला भनेच । आम्मा पाँच रुप्पे किलो पाइन्छ भन्थे । पाँच रुप्पेका जमानात गए भनेछन् । पाँच रुप्पेमा के लैजाने होला । सोच्दा सोच्दा हेरेछ यि कबलिला कति पर्छ होला ? फर्सी फर्सी यहाँ कबली भन्ने लोकल भाषा । यो फर्सीला पनि पाँच रुप्पे पर्च, त्यो फर्सी पनि घरै छ किन लैजाने र अर्को हेरेको अण्डा देखेछ । अण्डा पनि घरै छ के लैजानेर

अलि ठूलो अण्डा देखेछ । ठूलो अण्डा त थिएन त्यो त कुविन्डो थियो । सेतो फुल जस्तो देखेकाले यति ठूलो के को फुल हो नि ? योत कुखुराको फुल होला, त्यो हाँसको फुल होला, हजुर बडो गजब मानेर दोकानदारलाई सोधेच । दोकानदारले भनेच जिस्काउँदै यो त घोडाको फुल हो । ए बा ! घोडाको फुल हुन्छ, हगि । किन हुदैन त तिम्रो घरमा घोडा छैन बिचरा ! गरिब भएको कारण गाउँमा कसैले पनि घोडा बाँध्ने चलन थिएन । ठूलाबडाले घोडा चडेर हिडेको त देखेको थियो । घोडा चढ्ने मान्छे ठूलो हुन्च भन्ने र सान रवाफ अर्कै भएको पनि जानेकै थियो । त्यसैले फेरी सोध्यो । यो घोडाको फुल कसरी दिनुहुन्छ ? किन ? घोडाको फुल लाने विचार गरेका छौ ? घोडाको फुल लएत बहुत फाइदा हुन्छ । के फाइदा हुन्छ नि हजुर घोडाको फुल लएर ? तिम्ले राम्रो तातो कपडाले ढाक्यो भने केही दिनपछि बछेडो निस्किन्छ । बछेडोलाई राम्रोसँग पालन पोषण गर्यो भने घोडा बन्छ अनि

घोडामा चढेर हिड्न पाइन्छ । घोडामा चढेर हिड्नु सानो सोकको कुरा हो ? तिमीजस्ता मान्छेलाई सुआउँच । धनि मान्छेले चढ्ने घोडा हो । घोडाको दाम कति महङ्गो छ थाछ, तिम्लाई ? ओहो ! फेरी घोडाको फूल होच भनेपछि किन्ने मनसुब भयो । लौन हजुर मलाई पाँच ?रूप्पेमा दिनुस् न यो घोडाको फुल यसभन्दा बढी मसित पैसा छैन । ल ठिकै छ तो लौ लैहाल भनेर एउटा अलि-अलि सडेजस्तो भएको रैच, त्यो घोडाको फुल भनेर कुबिन्डो उलाई चाहीँ दियो । अब त एकदम खुसीको सीमा रहेन । मनमा धेरै तर्कना कल्पना गर्न थाल्यो। आकाशमा घर बनाउन थाल्यो । अब यो घोडाको फुल लएर राम्रो तरिकाले थाङ्नाको कपडामा ढाकेर न्यानो पारिराख्छु । केही दिनपछि त यसबाट बछेडो निस्कन्च । अनि घोडाको बच्चाला मैले राम्रो तरिकाले सेवा गरेर हुर्काउँछु । अनि त ! घोडा ठूलो हुन्च । घोडा ठूलो भएपछि घोडामा चढेर हिड्न पनि हुन्च । अनि किन चड्ने र घोडा बेचेर धेरै पैसा पार्ने अनि व्यवसाय गर्नुपर्च । फेरी घोडाको फुल किन्नी र फेरी घोडा हुर्काउनी अनि त म घोडा व्यापारी । अनि त धेरै पैसा वा ! एउटा घोडाको त धेरै पर्च भनेच । सोच्दै सोच्दै जाँदा बाटोमा एउटा पँदेरा थियो । अब कल्पना गर्न थाल्यो । यस्ता फोहोरा मैला कपडा लगाउने कुरा भएन अब त मैले न्वाइ ध्वाँइ गरेर सफासुग्घर, टाठोबाठो, धनिमानी, घोडेसाहु पो हुने भएँ त । म त न्वाउन पर्छ भनेर कपडा काडेर न्वाउन थाल्यो । न्वाउन थाल्दा घोडाको फुल यानिकि त्यो कुबिन्डो चाहिँ एउटा रूखको चोकमा राखेको मात्र के थियो, न्वाउन थाल्दाथाल्दै दैब सन्जोकले घोडाको फुल कुबिन्डो चाहीँ झऱ्यो । भुइँमा झर्दा पल्टेर गुल्टेर पड्याङ्ग के फुटेको थियो । त्यसका नजिकै फुटेको नजिकै मुन्तिर झाडिमा रहेको एउटा खरायो दगुऱ्यो । उल्ले के भन्ने ठानो वा घोडाको फुलबाट यति टाठो बछेडो पो फुटेर निस्क्यो त ! भनेर आ बछेडा आ भन्दै लखेट्दै लखेट्दै गयो । कट्टू मात्र लाको न्वाउन थालेको हुनाले उसको शरीरमा काँडा, झाडाझाडी, झुडी, जङ्गलमा जाँदा साह्रै चारैतिर चिथऱ्यो । तर पनि घोडाको बच्चा भनेको त्यो खरायो चाहीँ भेट्न सकेन । नसक्दा धेरै लामो समयसम्म खोजीसकेपछि भोली आएर खोज्नुपर्ला भन्ने ठानेर, पँधेरा जानु भन्दा घर जान नजिक परेकोले घरमा गयो । श्रीमतीले के हो ? कहिले नभएको उभोतिर गएका कल्ले पिट्यो ? कस्ले कपडा खोस्दियो ? नकरा कस्तो भाग्य गुम्यो, आज मेरो, कस्तो भाग्य ? घोडाको फूल भेटाकोथेनी, घोडाको फुल पाँच ?रुप्पेमा किनेर ल्याथैं ह ! घोडाको फुल हुन्छ र हुँदो त ! रैच नि । दिनदिनै बजार जाने मान्छेले त्यति पनि था छैन । ए होर बुडा घोडाको फुल हुँदो रैच अनि ल्याएर के गर्न खोजेको त । तातो न्यानोमा राखेपछि त केही दिनपछि घोडाको फुलबाट बछेडो निस्किदो रैच । फुलबाट अनि त्यो बछेडो ठूलो भएपछि घोडा बन्दो रैच अनि त्यो घोडामा चढेर हिड्न पनि हुनी घोडा व्यापरी हामी बन्न भनेको

दैब सन्जोगले म मरेकोलाई न्वाउनुपरेको न्वाउन थाल्दा खेरि त त्यो फुल झरेर फुट्यो । फुट्नासाथ बछेडो यति वेगले दौड्यो । खोजे खोजे हेर कपडा पनि उतै छन् । काँडाले चिथऱ्यो । रगताम्य भएँ । भोली व्यान गएर खोज्नुपर्छ भनेर भन्यो । आहा ! यतै आएर न्वाएको भए पनि त हुन्थ्यो नि बरू म न्वाइदिन्थे नि तातो पानी तताएर बुढोलाई अनि बेकारमा त्यसरी न्वाउनु परेको । ठिकै छ भोली बिहान बछेडो खोजौला । नभए पनि घोडाको फुल त ल्याउनै पर्च । हेरतो त्यो घोडा कति टाठो भन्छन् । बुढा त्यो घोडा भइदेको भए त मत त्यो घोडा हुर्केपछि पानी पनि बुढाला लेउन दिन्थिन के म त त्यसैमा चढेर गाग्री पनि त्यसैमा राख्देर चट्ट पँदेराबाट ढल्कदै ढल्कदै घोडामा ढर्लक ढर्लक गर्दै घोडामा पानी यो लिउनी थिएँ त । दाउरा पनि लिउनी थैं, घाँस पनि लिउनी थैं घोडामा चढेर भन्दै थिइन् । अँ त्यति सानो बछेडामा आफू पनि चड्नी अनि त्यसैमाथि गाग्री दाउरो पनि राख्नी मार्न खोजिछस् भन्दै एकाएक रन्क्यो । बडी पनि के कम र घोडा लेउनु छैन अज मार्न खोजिछस् भनेर रन्कन्चौ । भएको बछेडा पनि लखेटिउ बिचैमा न्वाउनुपरेको । न्वाए तनि भोली लेइन्च । दुईजनाको भकारभकुर, भनाभन, हानाहान्, लडाइ, लुछाचुडी, भएपछि चिच्याहट भयो । चिच्याहट भएपछि मान्छेहरू वल्लाघरे, पल्लाघरे, माथिल्लाघरे, तल्लाघरे, वारिपारी सबै गाउँका मान्छे जम्मा भए के हो ? कसो हो ? भनेर भन्दा कसैका नभएको घोडाको फुल ल्याएका त्यही पनि फुटालेर बछेडो लखेट्देचन् । अज मला कुट्चन् भन्छे एउटीले । अनि बुढोले भन्च भर्खरको बछेडोमा त्यसमाथि चडेर आफू पनि चड्नी, गाग्री पनि राख्ने, मार्न खोजिछ । मेरो सम्पत्ति सक्न यो टकटका भन्दै उ पनि रन्कन्छ । आब्बुइ घोडाको फुल त हाम्ले त देखे थेनम् कस्तो हुने रैच, काँ हुने रैच त भनेर भन्दा लौ हिड पँदेरामा फुटेको खपटो त त्यहीँ छ अझै पछेडो पो भागेर गयो त भन्यो । सब्बै गएर हेर्दा खेरी त सबैले चिनेको, सबैले जानेको त्यो गाउँमा नहुने अँ? गाउँमा हुने कुभिन्डो पो रहिच । यसरी कुविन्डोलाई घोडाको फुल भनेर झस्केको उल्लु लोग्ने स्वास्नीको झगडा भएको कथा घोडाको फुलको ? कथा बाजेले भनेको मैले सुनेको यो एउटा लोक कथा हो । सुन्नेलाई सुनको मला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठमा जाला फेरी भन्दा खुरू खुरू भन्ने मान्छेको मुखमा आउला ।

स्रोत व्यक्तिः मनकला पौडेल,
वर्ष: ५६, स्त्री,
अर्घाखाँची छत्रदेव- २, काभ्रे

## परिशिष्ट (ख)

## स्रोत व्यक्ति

| स्रोत व्यक्ति | कथा शीर्षक | ठेगाना | वर्ष |
|---|---|---|---|
| कुमार पौडेल | अलौकिक चरा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ५० |
| जमुना पौडेल | राजा र प्रजा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ४५ |
| जोवकला पौडेल | पापिनी बुढी | अर्घाखाँची छत्रदेब २ काभ्रे | ५० |
| दीपा पौडेल | गरिब बुढाबुढीको कथा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ४० |
| पुनकला पौडेल | कुमालेको कथा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ५५ |
| बन्दना पौडेल | मसानको कथा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ५० |
| मनकला पौडेल | घोडाको फुल | अर्घाखाँची छत्रदेब २ काभ्रे | ५६ |
| मनमाया पौडेल | कोदे साउको कथा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ६५ |
| माया पौडेल | लामकानेको कथा | अर्घाखाँची छत्रदेब २ काभ्रे | ४६ |
| रेमलाल भुसाल | टुहुराको भाग्य | अर्घाखाँची छत्रदेब २ काभ्रे | ६२ |

# सन्दर्भसूची


अधिकारी, कृष्णकला (२०७२), *अर्घाखाँचीको मालारानी गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह, शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, जनार्दन (२०७७), *अर्घाखाँची चक्षु,* प्रकाशन राष्ट्रसेवक समाज, अर्घाखाँची (अङ्क २) ।

जोसी, तीर्थराज (२०६६), *डोटी जिल्लाको लोककथा सङ्कलन वर्गीकरण र विश्लेषण,* स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

तीगोल, तुलसीमान (२०७३), *तेह्रथुम जिल्लाको छथर* ओखे क्षेत्रमा प्रचलित *लोककथाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह, शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, डोल्मा (२०७१), *बाग्लुङ जिल्लाको धुल्लु क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर तह, शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

प्याकुरेल, नवराज (२०६३), फेदाम क्षे*त्रका लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण,* स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

बन्धु, चूणामणि (२०७१), *नेपाली लोकसाहित्य,* प्रकाशन एकता बुक्स प्रा.लि.थापाथली, काठमाडौं ।

मगर, हर्क बहादुर (२०७५), *डोटी जिल्लाको बडकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर तह, शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६३), 'लोकसाहित्यका विधागत वर्गीकरण', *कुञ्जिनी,* (१३/१०) पृ. ४९-५२ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल (२०६८), *शोध विधि,* ललितपुर : साझा प्रकाशन, (पाँचौं संस्करण) ।

सुवेदी, शिवराज (२०६६), *रोल्पा जिल्लाको पूर्वी भागमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, विश्लेषण र वर्गीकरण,* अप्रकाशित स्नातकोत्तर तह, शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

https://chhatradevmun.gov.np

https://ne.m.wikipedia.org/wiki/छत्रदेव

https://ne.m.wikipedia.org/wiki/अर्घाखाँचीजिल्ला